वर्ष २० | अंक ५२ | काठमाडौं | आइतवार, २५ कात्तिक २०८१ | Sunday, 10 November 2024 | पृष्ठ ८+४ | मूल्य रू. १०

ISSN No. 2822-1702

ग्राहक प्रति

www.abhiyandaily.com

# आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण

राष्ट्रिय दैनिक

@abhiyannationaldaily
@aarthik_abhiyan

चेम्बर र जापानी निकायबीच विपद् व्यवस्थापनमा सहकार्य २
एससीटी र माइ पेबीच भुक्तानी सेवा सञ्चालन सम्झौता ३
लघुवित्तमा ऋणी सदस्यको विचलन ४
उद्यममा महिला सहभागिता बढाउन सरोकारका पक्षको जोड १२



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो भएमा कल गर्नु पर्दैन,
९८४७३४५६६०
९८५१०१९०३८
९८४१९५९२९८
भाइबरमा SMS मात्र गर्नुहोस्
हामी यताबाट कल गर्छौं ।

# हवाई भाडा अत्यधिक बढेपछि घटाउन दबाब दिँदै सरकार

## एकमुष्ट टिकट विक्रीको अधिकार (टीबीए) खारेज

**हिमा बि.क.**

काठमाडौं

काठमाडौंस्थित त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल मर्मतसम्भारका लागि दैनिक १० घण्टा बन्द हुन थालेपछि उक्त विमानस्थलमा सञ्चालन हुने अन्तररीाष्ट्रिय उडान व्यापक कटौती भएको छ । यही मौका छोपेर अन्तरराष्ट्रिय उडान सञ्चालन गरिरहेका वायुसेवा कम्पनीहरूले भाडा व्यापक बढाएपछि सरकारले नियन्त्रण गर्न पहल थालेको छ ।

शुक्रवारबाट विमानस्थल स्तरोन्नतिको काम थालिएसँगै अन्तरराष्ट्रिय उडान करीब ३० प्रतिशतले कटौती भएको हो । यसको असर हवाई भाडामा परेको हो । हवाई भाडावृद्धिको दुष्प्रभाव वैदेशिक रोजगारीमा जाने कामदार, विदेश भ्रमणमा जाने नेपाली र विदेशी पर्यटक आगमनमा पर्ने देखिएपछि सरकारले भाडा नियन्त्रणमा पहल लिएको हो ।

नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीको संयोजकत्वमा बसेको यस क्षेत्रका सरोकारवालाबीचको बैठकले आकाशिएको हवाई भाडा नियन्त्रणका लागि चारओटा निर्णय गरेको छ ।

बैठकको निर्णयअनुसार वायुसेवा सञ्चालकहरूले ट्राभल एजेन्सीहरूलाई पछि टिकट विक्री गर्ने गरी एकमुष्ट रूपमा टिकट विक्रीको अधिकार हस्तान्तरण गर्ने व्यवस्था (टीबीए) खारेज हुनेछ भने वायुसेवा सञ्चालकले नै हवाई भाडा सूची तोक्ने छन् ।

वायुसेवा सञ्चालकहरूले द्विपक्षीय हवाई सेवा सम्झौताको प्राइसिङ शीर्षकमा उल्लेख भएअनुसार उपभोक्तालाई मर्का पर्ने गरी अनुचित हवाई भाडा असुल गर्न नहुने प्रावधानको पूर्णतः पालन गर्ने, ट्राभल एजेन्सीहरूसँग टिकट विक्रीको सम्झौता गर्दा निश्चित संख्यामात्र विक्री गर्न सकिने र तोकिएको परिधिमा रहेर मात्र सेवा शुल्क लिने निर्णय पनि भएको छ ।

हवाई टिकट विक्रीका लागि एयरलाइन्स कम्पनी र ट्राभल एजेन्सीबीच सम्झौता हुन्छ । त्यस क्रममा एयरलाइन्स कम्पनीले टिकट एकमुष्ट दिन्छन् । त्यसका लागि एयरलाइन्स कम्पनीहरूले निश्चित समय (१/२ महीना) तोकेर उक्त समयभित्र बेच्न ३०/५०/१०० ओटा टिकट एकमुष्ट दिन्छन् ।

त्यसरी एकमुष्ट पाएको टिकटमा ट्राभल कम्पनीहरूले बदमासी गर्न थालेको प्राधिकरण स्रोत बताउँछ । उनीहरूले एकमुष्ट पाएको टिकट होल्ड गरेर राख्छन्, यात्रीले टिकट नपाएपछि मूल्य बढ्दै जान्छ र मूल्य बढेपछि कम्पनीहरूले टिकट बेच्न थाल्छन् । ट्राभल एजेन्सीहरू पनि भाडा अत्यधिक बढ्नुमा टीबीए एउटा कारण रहेको बताउँछन् ।

'यो नोभेम्बरबाट अन्तरराष्ट्रिय उडान कटौती हुने र भाडा बढ्ने सबैलाई थाहा थियो । ट्राभल एजेन्सीले पहिल्यै धेरै टिकट लिएर महँगोमा बेच्न खोज्नु व्यावसायिक दृष्टिले स्वाभाविक हो,' स्वा टुर एन्ड ट्राभल कम्पनीका प्रबन्ध निर्देशक जिस्वन तुलाधार भन्छिन्, 'हवाई सेवा सञ्चालकले एकमुष्ट टिकट ट्राभल एजेन्सीलाई दिनुअघि नै यो व्यवस्था खारेज नगर्नु सरकारकै कमजोरी हो ।'

उनले सरकारले चाहे जसरी वायुसेवा कम्पनीहरूले बेचिसकेको टिकट फिर्ता हुने सम्भावना कमै रहेको बताइन् ।

शनिवार भएको बैठकमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव रामकृष्ण लामिछाने, वैदेशिक रोजगार विभागका महानिर्देशक सूर्यबहादुर खत्री, परराष्ट्र मन्त्रालय र विभिन्न अन्तरराष्ट्रिय वायुसेवा कम्पनीहरू- मलेशियाली एयरलाइन्स, एयर चाइना, बाटिका एयरलाइन्स, फ्लाई दुबई, थाई एयर एशिया, चाइना इस्टर्न, एयर इन्डियालगायत प्रतिनिधिको सहभागिता थियो ।

त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलबाट दैनिक १४ घण्टा मात्र उडान हुँदा स्वतः मागभन्दा कम आपूर्ति हुने अवस्था देखाउँदै एयरलाइन्सहरूले चर्को भाडा लिएका हुन् । उदाहरणका लागि, साविकमा काठमाडौं-नयाँ दिल्लीको न्यूनतम भाडा १० हजार रुपैयाँ रहेकोमा अहिले ट्राभल कम्पनीहरूले ४० हजार रुपैयाँभन्दा बढी लिन थालेका छन् । एक ट्राभल कम्पनीका सञ्चालक भन्छन्, 'अहिले सबै क्षेत्रको टिकट मूल्यमा उच्च वृद्धि भएको छ । नयाँ दिल्ली मात्रै नभई अन्य गन्तव्यको भाडा पनि अत्यधिक बढेको छ ।'

काठमाडौं-दुबईको दुईतर्फी भाडा ४० देखि ६० हजार रुपैयाँ रहेकोमा अहिले उडान संख्या घटेको बहानामा एकतर्फीकै ७० हजार रुपैयाँ पुऱ्याइएको छ । काठमाडौं-साउदीको एकतर्फी भाडा ७०/८० हजार रुपैयाँ पुगेको छ । चिनियाँ गन्तव्यहरूको हवाई भाडा पनि बढाइएको छ ।

काठमाडौंस्थित त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल स्तरोन्नतिका लागि १० घण्टा बन्द हुने भएपछि आन्तरिक र अन्तरराष्ट्रिय दुवैतर्फका उडानको संख्या उल्लेख्य घटेको छ ।

शुक्रवार (कात्तिक २३ गते) देखि त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल विभिन्न संरचनाको स्तरोन्नतिका लागि राति १० बजेदेखि भोलिपल्ट बिहान ८ बजेसम्म बन्द हुन थालिसकेको छ । यो क्रम मध्य चैतसम्म चल्नेछ । विमानस्थलको धावनमार्ग, ट्याक्सी वे तथा अन्य संरचना स्तरोन्नतिका क्रममा विमानस्थल १० घन्टा बन्द हुने जानकारी नेपाल नागरिक उड्डयन प्राधिकरणले ६ महीनाअघि नै सम्बद्ध वायुसेवा कम्पनीहरूलाई गराइसकेको थियो ।

प्राधिकरणले राति १० बजेपछिका अन्तरराष्ट्रिय उडान कटौती हुँदा त्यसको प्रभाव हवाई भाडामा पर्ने भन्दै कटौती भएको ३० प्रतिशत उडान गौतमबुद्ध र पोखरा अन्तरराष्ट्रिय विमानस्थलमा सार्न पनि आग्रह गरेको थियो । पार्किङ, ह्यांगरलगायत शुल्क र हवाई इन्धनको मूल्यमा छूट दिँदासमेत सीमित वायुसेवा मात्रै भैरहवाको गौतमबुद्ध विमानस्थल गएका छन् । पोखरामा भने कुनै अन्तरराष्ट्रिय वायुसेवा गएका छैनन् ।

» बाँकी पृष्ठ ५ मा

## भैरहवा विमानस्थलमा पुनः अन्तरराष्ट्रिय उडान



तस्वीर : रासस

**कुवेतबाट आएको जजिरा एयरलाइन्सको जहाजलाई भैरहवास्थित गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थलमा जल अभिवादन गरिँदै ।**

काठमाडौं (अस) । भैरहवाको गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थलबाट अन्तरराष्ट्रिय उडान पुनः शुरू भएको छ । उद्घाटनपछि केही समय कुवेतको जजिरा एयरलाइन्सले नियमित उडान गरेको उक्त विमानस्थलबाट पछिल्लो समय अन्तरराष्ट्रिय उडान भइरहेको थिएन । जजिराले शनिवारबाट पुनः भैरहवामा उडान शुरू गरेको छ । शनिवार कुवेतबाट १७१ यात्रु बोकेर आएको जजिराको जहाज एक बालकसहित १६८ यात्रु लिएर फर्केको छ । जजिराको जहाजमा कुवेतका लागि नेपाली राजदूत घनश्याम लम्साल पनि आएका थिए ।

जजिराले गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थलमा सातामा ३ दिन उडान भर्ने विमानस्थलका महाप्रबन्धक प्रतापबाबु तिवारीले जानकारी दिए । जजिराको जहाज मंगलवार, बिहीवार र शनिवार बिहान साढे ७ बजे भैरहवा आउने र साढे ८ बजे कुवेत प्रस्थान गर्ने उडान तालिका छ । अर्को अन्तरराष्ट्रिय वायुसेवा फ्लाई दुबईको जहाज शनिवार पौने २ बजे भैरहवा आएर त्यसको १ घण्टापछि दुबई फिर्ता गएको छ ।

नेपाल एयरलाइन्सले सातामा तीनपटक काठमाडौं-भैरहवा-दुबई उडान गर्ने तालिका छ। तिवारीका अनुसार आइतवार, सोमवार र बुधवार नेपाल एयरलाइन्सको जहाज काठमाडौंबाट बिहान १० बजे उडेको जहाज भैरहवामा अवतरण गरी त्यहाँबाट दुबई जानेछ ।

तिवारीका अनुसार कतार एयरवेज, एयर अरेबियालगायत अन्य अन्तरराष्ट्रिय वायुसेवा कम्पनीसँग पनि भैरहवाबाट उडान गर्ने विषयमा छलफल भइरहेको छ । उनले अहिले भैरहवा विमानस्थल १८ घण्टा सञ्चालन भइरहेको र १ घण्टामा दुई अन्तरराष्ट्रिय उडान अवतरण गर्न सक्ने बताए । 'हामी दैनिक ३६ ओटासम्म विमान भैरहवाबाट सञ्चालन गर्न सक्ने अवस्थामा छौं,' तिवारीले भने ।

# उच्च हवाई भाडाले पर्यटन प्रभावित

**नेपाल आउन खोजेका विदेशी र विदेश घुम्न जाने तयारीमा रहेका नेपाली दुवैले योजना स्थगित गरेका छन् ।**

काठमाडौं (अस) । स्वा टुर एन्ड ट्राभल कम्पनीले जनवरी, फेब्रुअरी र मार्चसम्म ल्याउन खोजेका विदेशी पर्यटकले नेपाल आउने योजनामा पुनर्विचार गर्न थालेको बताएको छ। 'यी ३ महीना मासिक ४० देखि ५० जना आउने निश्चित भएको थियो,' कम्पनीका प्रबन्ध निर्देशक जिस्वन तुलाधारले आर्थिक अभियानसँग भनिन्, 'हवाई भाडा बढेसँगै उनीहरू सबैजसोले नेपाल आउने योजनामा पुनर्विचार गरेका छन् ।'

उनका अनुसार नेपाल आउने सुनिश्चित गरिसकेका पर्यटकले समेत भ्रमण योजनामा पुनर्विचार गरेका छन् । यसको मुख्य कारण हवाई टिकट महँगो हुनु रहेको उनले बताइन् । नोभेम्बरभित्रै आउने पर्यटकले टिकट खरीद गरिसकेको हुँदा आफ्नो कम्पनीले यो महीना भने पर्यटक गुमाउनु नपरेको उनको भनाइ छ । शुक्रवारबाट त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल स्तरोन्नतिको काम थालिएसँगै उक्त विमानस्थलमा हुने अन्तरराष्ट्रिय उडान करीब ३० प्रतिशतले कटौती भएको छ । स्तरोन्नति मार्चसम्म चल्ने भएकाले उडान कटौती पनि मार्चसम्मै कायम रहनेछ । हवाई टिकटको मागभन्दा आपूर्ति घटेकाले भाडा बढेको वायुसेवा सञ्चालकहरूले बताएका छन् ।


तुलाधरका अनुसार विदेश घुम्न जाने योजनामा रहेका नेपालीले पनि हवाई भाडा बढेसँगै योजना स्थगित गरेका छन् । तुलाधरले नेपालबाट दुबई, थाइल्यान्ड, भियतनामलगायत गन्तव्यमा जानेले बुकिङ रद्द गरिसकेको बताइन् । पर्यटन व्यवसायीहरू समूहमा आउने विदेशीले लामो समयअघि नै प्याकेज खरीद गरिसक्ने भएकाले हालसम्म उनीहरूको आगमनमा असर नपरेको तर अब प्याकेज खरीद गर्नेको हकमा हवाई भाडाका कारण प्याकेज महँगो पर्ने भएकाले नेपाल आउने योजना स्थगित हुन सक्ने सम्भावना रहेको बताउँछन् ।


'प्याकेजविना आउने पर्यटकको आगमन भने तत्काल कटौतीमा पर्ने सम्भावना छ किनभने उनीहरूले सस्तो हुँदैमा टिकट खरीद गरेका हुँदैनन्,' होटेल संघ नेपालका अध्यक्ष विनायक शाहले भने । उनका अनुसार हवाई भाडा बढेपछि नेपाल आउन चाहने विदेशी पर्यटकले यसमा चासो राखेर सोधखोज गर्न थालेका छन् । 'नेपाल आउने हवाई भाडा तुलनात्मक रूपमा पहिले नै महँगो हो । त्यसमाथि यसरी भाडा महँगिएपछि नेपाल आउन चाहनेले भ्रमण योजनामा पुनर्विचार गर्नु स्वाभाविक हो,' शाहले भने ।


ट्राभल एजेन्सीहरूले विभिन्न देश घुम्दा लाग्ने खर्चको प्याकेज तयार पारेका हुन्छन् । नेपाल आउने प्याकेज निकै महँगो हुने देखिएपछि पर्यटक विकर्षित हुन सक्ने पर्यटन व्यवसायीको भनाइ छ । फेरि हवाई उडान नोभेम्बरदेखि नै कटौती गरेकाले शुरूमै टिकट नकाटेका पर्यटकलाई नेपाल आउने टिकट पाउनै गाह्रो परेको पर्यटन व्यवसायीको भनाइ छ । 'हामीले नागरिक उड्डयन प्राधिकरणलाई डिसेम्बरबाट मात्र विमानस्थल स्तरोन्नतिको काम थाल्न अनुरोध गरेका थियौं तर सुनुवाइ भएन,' शाहले भने ।


ट्रेकिङ एजेन्सिज एशोसिएशन अफ नेपाल (टान)का अध्यक्ष सागर पाण्डेले पनि हवाई भाडा वृद्धिले पर्यटक र वैदेशिक रोजगारीमा जानेलाई असर परेको बताए । 'पर्यटकको पहिलो चासो नै उडान लागत कति छ भन्ने हुन्छ । बरु गन्तव्यमा आइसकेपछि दोब्बर महँगो भए पनि खर्च गर्न सक्छन्,' उनले भने, 'पहिलो कुरा नै हवाई टिकट सस्तो छ कि महँगो छ भन्ने हुन्छ । तुलनात्मक रूपमा नोभेम्बरपछि पर्यटक आगमन कम हुन्छ, तर कममा पनि झनै कम पर्यटक आउने अवस्था सृजना भएको छ ।'

डेंगीबाट बच्न
आफूवरिपरि भएका पानी जम्ने खाल्डाखुल्डी पुरौं !
शरीर ढाक्ने लुगा लगाऔं !
डेंगी संक्रमणबाट बचौं !!!






# बाढीपहिरोको क्षतिमध्ये २२ प्रतिशतभन्दा कम बीमाको दायरामा

**यादव हुमागाई**

काठमाडौं

असोज पहिलो साताको अविरल मुसलधारे वर्षाका कारण आएको बाढीपहिरोबाट भएको क्षतिमध्ये २२ प्रतिशतभन्दा कम मात्र बीमाको दायरामा समेटिएको पाइएको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले बाढीपहिरोका कारण देशभर ४६ अर्ब ६८ करोड ४३ लाख रुपैयाँ बराबरको क्षति भएको प्रारम्भिक तथ्यांक सार्वजनिक गरेको छ । नेपाल बीमा प्राधिकरणले प्रकाशित गरेको तथ्यांकअनुसार बुधवारसम्ममा निर्जीवन बीमा कम्पनीहरूमा १० अर्ब ५३ करोड २७ लाख रुपैयाँ बराबरको मात्र दाबी परेको छ ।

हालसम्मको तथ्यांकअनुसार कुल क्षतिको तुलनामा बीमा कम्पनीहरूमा परेको दाबी २२ दशमलव ५६ प्रतिशत हो । यद्यपि जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले व्यक्तिगत घर तथा सम्पत्ति क्षतिको आकलन नगरेकाले उक्त क्षतिसमेत जोड्ने हो भने बीमा दाबी अझ कम हुने देखिएको छ ।

प्राधिकरणको प्रतिवेदनमा देशभर १९ हजार व्यक्तिगत घरटहरामा क्षति भएको र त्यसमध्ये ५ हजारमा पूर्ण रूपमा क्षति पुगेको उल्लेख छ । प्राधिकरणले त्यसबाट भएको आर्थिक क्षतिको मूल्यांकन गरेको छैन ।

बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाल सार्वजनिक पूर्वाधारको बीमा नभएको र स्वःस्फूर्त रूपमा व्यक्तिगत सम्पत्तिसमेत बीमा गर्ने प्रचलन नभएकाले प्राकृतिक विपत्तिमा हुने क्षतिको तुलनामा बीमाको सुरक्षा कमजोर देखिने बताउँछन् ।

सरकारले हाल वैदेशिक रोजगार र सवारीसाधनमा तेस्रो पक्ष बीमा अनिवार्य गरेको छ । यसैगरी कृषि तथा पशुपन्छी व्यवसायको बीमामा ८० प्रतिशत बीमाशुल्क सरकारले अनुदान दिँदै आएको छ ।

यसबाहेक बैंक, वित्तीय संस्थाहरूले कर्जा प्रवाह गर्दा धितो राख्ने सम्पत्ति र कर्जा प्रयोग हुने परियोजनामा बीमा अनिवार्य शर्त हुन्छ । तर, सरकारले सार्वजनिक पूर्वाधारको र सर्वसाधारणले निजी सम्पत्तिको बीमा गराउने चलन नभएकाले प्राकृतिक विपत्तिमा हुने क्षतिको तुलनामा बीमा दाबी कम हुने गरेको छ ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार नेपाल जलवायु परिवर्तन प्रभावको जोखिममा चौथो स्थानमा, चट्याङको जोखिममा ५औं स्थानमा, भूकम्पीय जोखिममा ११औं स्थानमा, बाढी प्रकोपको जोखिममा ३०औं स्थानमा र समग्रमा विश्वमा जोखिमको २० औं स्थानमा छ । तर, जोखिम हस्तान्तरणको मुख्य औजार बीमामा भने नेपालीको पहुँच कमजोर रहेको सरकारी तथ्यांकले देखाउँछ ।

प्राधिकरणका अनुसार २०८१ भदौसम्ममा ४२ दशमलव ८४ प्रतिशत जनसंख्या मात्र बीमाको पहुँचमा छन् ।

बीमाको पहुँच कमजोर हुँदा प्राकृतिक प्रकोपपछि पुनः स्थापना र पुनर्निर्माणका लागि सरकारले अर्बौं रकम खर्च गर्दै आएको छ । संयुक्त राष्ट्रसंघको इन्स्योरेन्स एन्ड रिक्स फाइनान्सिङसम्बन्धी परियोजनाले गरेको अध्ययन प्रतिवेदनमा सन् २०१२ देखि २०२० सम्ममा प्राकृतिक प्रकोपपछि पुनर्निर्माणका लागि वार्षिक औसत ५० अर्ब रुपैयाँ खर्च गरेको औंल्याइएको छ ।

प्राधिकरणमा अध्यक्ष सिलवाल बीमाको पहुँच बढाउन केही समय बीमा अनिवार्य गर्नुपर्ने बताउँछन् । 'सक्नेलाई बाध्यकारी र नसक्नेलाई अनुदान दिएर बीमा अनिवार्य गर्नुपर्छ भनेर सरकारलाई सुझाव दिएका छौं,' उनले भने, 'बाध्यकारी बनाए पनि फाइदा पाउने भनेको बीमितले नै हो ।'


घरसम्पत्तिको बीमा गर्दा कर छूट दिन र नक्सा पासमा बीमाको प्रावधान अनिवार्य गर्न स्थानीय तहहरूलाई सुझाव दिए पनि कार्यान्वयन नभएको उनले बताए ।

प्राधिकरणका अनुसार हालसम्म बाढीपहिरोबाट भएको क्षतिमध्ये सम्पत्ति बीमामा सबैभन्दा बढी दाबी परेको छ । व्यक्तिगत तथा सार्वजनिक घरटहरा र सम्पन्न पूर्वाधार परियोजनाहरू, व्यापारिक सामानजस्ता सम्पत्तिको सुरक्षण बीमा कम्पनीहरूले सम्पत्ति बीमाअन्तर्गत राख्छन् ।

यस्तै कृषि तथा बाली र सामुद्रिक बीमा (ढुवानीका क्रममा हुने जोखिमको बीमा) मा पनि दाबी परेको छ । सरकारी संरचना निर्माणको क्रममा ठेकेदारले बीमा गर्ने भए पनि निर्माण सम्पन्न भएपछि बीमा भएका छैनन् । फलस्वरूप सार्वजनिक पूर्वाधारमा भएको ठूलो क्षति बीमाको सुरक्षणबाहिर परेको हो ।

बाढीपहिरोलगत्तै प्राधिकरणले बीमा कम्पनीहरूलाई छिटो भुक्तानी दिन निर्देशन दिएको थियो । बुधवारसम्ममा कम्पनीहरूबाट ४७ करोड ११ लाख रुपैयाँ मात्र भुक्तानी भएको प्राधिकरणले जानकारी दिएको छ ।

**बाढी पहिरोबाट भएको क्षति र बीमा दाबीको अवस्था** (रकम रू.)




| बीमालेख | दाबी रकम |
|---|---|
| सम्पत्ति बीमा | ७.९१ अर्ब |
| इन्जिनियरिङ तथा ठेकदार जोखिम बीमा | २.०६ अर्ब |
| मोटर बीमा | ५०.०९ करोड |
| सामुद्रिक बीमा | १.५९ करोड |
| पशुपन्छी बीमा | १.२२ करोड |
| कृषि बाली बीमा | १.०६ करोड |
| विविध | ५७.५२ लाख |

*स्रोत : राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण/नेपाल बीमा प्राधिकरण*



तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान

**ललितपुरको कुपण्डोलमा लागेको मेलामा बेलुनहरू बेच्न बसेकी महिला ।**

# झापामा ७ करोडको सौर्य विद्युत् उत्पादन

झापा । सौर्य ऊर्जा उत्पादन गर्दै आएको झापा इनर्जी लिमिटेडले नौ महीनामा रू. ७ करोड ११ लाख ३८ हजार ७१० मूल्य बराबरको विद्युत् उत्पादन गरेर नेपाल विद्युत् प्राधिकरणलाई विक्री गरेको छ ।

शिवसताक्षी नगरपालिका-४ बुलुचोकमा उक्त कम्पनीको सौर्य विद्युत् परियोजना सञ्चालनमा रहेको छ । गतवर्षको माघ २३ गते प्रधानमन्त्री केपी शर्मा ओलीले उक्त परियोजनाको उद्घाटन गरेका थिए ।

कम्पनीका प्रबन्ध सञ्चालक सुभाष भट्टराईले गतवर्षको माघ १० गतेदेखि विद्युत् उत्पादन शुरू गरिएको बताए । गत माघ १० गतेदेखि यस वर्षको कात्तिक २० गतेसम्मको अवधिमा परियोजनाले एक करोड १९ लाख सात हजार सात सय ८१ युनिट विद्युत् उत्पादन गरेको उनले जानकारी दिए ।

परियोजनाबाट उत्पादित विद्युत् नजिकै रहेको नेपाल विद्युत् प्राधिकरणको बुलुचोक सबस्टेसनमार्फत राष्ट्रिय ग्रिडमा जोडिने गरेको छ । परियोजनाको १० मेगावाट विद्युत् उत्पादन क्षमता रहेको छ ।

हिउँदभन्दा बर्खे अवधिमा चर्को घाम लाग्ने भएकाले सौर्य



विद्युत् बढी मात्रामा उत्पादन हुने गरेको छ । 'हिउँदमा अधिकतम दैनिक ५९ हजार युनिटसम्म उत्पादन भएको छ,' कम्पनीका प्रबन्ध सञ्चालक भट्टराईले भने, 'तर, वर्खाको चर्को घाम लागेका बेला दैनिक एक लाखभन्दा बढी युनिट विद्युत् उत्पादन हुने गर्दछ ।'

प्राधिकरणले विद्युत् खरीद सम्झौता बमोजिम कम्पनीबाट उत्पादित विद्युत् प्रति युनिट ७ रुपैयाँ ३० पैसाका दरले खरीद गर्दै आएको छ । शिवसताक्षी-४ बुलुचोकमा कम्पनीले खरीद गरेको २२ बिघा जग्गामा परियोजना रहेको छ । त्यहाँ सूर्यको प्रकाशबाट आउने किरणलाई संश्लेषण गर्नका लागि ठूलो क्षेत्रफलमा सौर्य प्यानल राखिएका छन् ।

प्रबन्ध सञ्चालक भट्टराईका अनुसार परियोजनामा रू. ८७ करोड लगानी भएको छ । त्यसमा माछापुच्छ्रे बैंक र हिमालयन बैंकले रू. ६२ करोड ऋण लगानी गरेका छन् । जनस्तरबाट पूँजी संकलन गरी स्थापना गरिएको झापा इनर्जी लिमिटेडमा विद्युत् उत्पादन गर्ने एकमात्र परियोजना हो । यसमा आठ सय सर्वसाधारणको रू. ५० हजारदेखि रू. ५० लाखसम्म शेयर लगानी रहेको छ ।

परियोजनामा दुई इञ्जिनियरसहित १२ जनाले स्थायी रोजगारी प्राप्त गरेका छन् । विद्युत् उत्पादन प्रणाली स्वचालित भए पनि परियोजनास्थलको रेखदेख र आवश्यक मर्मत सम्भारका लागि कर्मचारी दिनरात खटिने गरेको भट्टराईले बताए । *रासस*


## धितोमा रहेको चल अचल सम्पत्ति लिलाम डाँक बढाबढद्वारा लिलाम बिक्री गरिने बारे दोस्रो पटकको सार्वजनिक सूचना

(सूचना प्रकाशित मितिः २०८१/०७/२५ गते)

तपसील बमोजिमका कर्जा ग्राहकहरुले यस बैंकबाट देहाय बमोजिम कर्जा/सुविधाहरुको बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना तथा अन्य लेना रकम बुझाउन पटक पटक मौखिक तथा लिखित रुपमा तर ताकेता, कर्जा बुझाउने बारे २१(एक्काईस) दिने सूचना र धितो लिलाम बिक्री हुने बारेको ३५(पैंतीस) दिने सार्वजनिक सूचना मिति २०८०।०९।०६ (सि.न. १) तथा मिति २०८१।२।२६ (सि.नं २) मा प्रकाशन गर्दा समेत कर्जा भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकाले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र बैंकको सम्पूर्ण लेना रकम चुक्ता गर्नुहुन कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरीनामा दिने, जमानत दिनुहुने व्यक्ति/संस्थालाई यो सार्वजनिक सूचना जारी गरीएको छ । उल्लेखित १५(पन्ध्र) दिन भित्र कर्जा चुक्ता नगरेमा बैंकलाई लेखिदिएको चल अचल सम्पत्ति/परियोजना बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र यस बैंकको प्रचलित कर्जा असुली कार्यबिधि अनुसार देहाय बमोजिमको मितिमा धितो लिलाम डाँक बढाबढ गरिने हुँदा ईच्छुक व्यक्ति/संस्था तथा सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । साथै, उपरोक्त अनुसार डाँक बढाबढद्वारा धितो लिलाम बिक्री हुन नसकेमा धितो सुरक्षणमा रहेको चल अचल सम्पत्ति बैंक आफैले सकार गरिलिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसील**

धितो लिलाम बिक्री हुने मिति :- २०८१ साल मंसिर महिना १० गते

सम्बन्धित कार्यालयः कृषि बिकास बैंक लि. शाखा कार्यालय धुलावारी      लिलाम हुने कार्यालय/स्थानः शाखा कार्यालय भद्रपुर झापा

**ग्राहकको विवरण**

**१. फर्मको नामः समिर किराना पसल** दर्ता भएको कार्यालयः वाहुनडागि गाविस (हाल मेचिनगर न.पा) फर्मको दर्ता नं.: ५२ दर्ता मितिः २०७२।६।१९
पान नं.: ६०५१३९२०८ ग्राहकको ठेगानाः मेचिनगर न.पा. ३ झापा

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| कर्जा शिर्षक/कर्जा नं. | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| ब्यापार | बेनामि मेचे | झापा | बाहुनडाँगि | ३ | १७८८ | ०-१-१५-०(५९२।६२ व.मि.) १ तल्ले घर समेत |

प्रोप्राईटरको विवरण

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | बाबु | बाजे |
|---|---|---|---|---|---|
| बावुलाल मेचे | मेचिनगर ७ झापा (हालः मेचिनगर ३ झापा) | ०४३००३।१३८२ | झापा/२०६३।१२।३/जिल्ला प्रशासन कार्यालय झापा | धनिराम मेचे | किष्टु मेचे |

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | ससुरा |
|---|---|---|---|---|---|
| वेनामि मेचे | मेचिनगर ७ झापा (हालः मेचिनगर ३ झापा) | ०४।०३।१३।४२७ | झापा/२०७०।१।२७/जिल्ला प्रशासन कार्यालय झापा | बावुलाल मेचे/ जितलाल मेचे | धनिराम मेचे |

**२. फर्मको नामः हिमाल फर्निचर उद्योग** दर्ता भएको कार्यालयः घरेलु तथा साना उद्योग कार्यालय भद्रपुर झापा फर्मको दर्ता नं.: ३०८।२३०।५५१८।०५८।५९
दर्ता मितिः २०५८।१२।२६ पान नं.: ३००९१५९८५ ग्राहकको ठेगानाः वुद्धशान्ति गा.पा. २ झापा

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| कर्जा शिर्षक/कर्जा नं. | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| उद्योग संचालन | मुक्तिनाथ न्यौपाने | झापा | वुधवारे | ४ग | ११७२ | ०-१-७ (२ तल्ले घर समेत) |
| | | | | | ३७९८ | ०-५-१० |
| | चन्द्रकला गौतम न्यौपाने | झापा | वुधवारे | ४ग | २५९४ | ०-२-० |
| | | | धुलावारी | ३ | २६८८, २६८५ | ०-३-०, ०-२-० |

प्रोप्राईटरको विवरण

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे |
|---|---|---|---|---|---|
| मुक्तिनाथ न्यौपाने | वुद्धशान्ति २, झापा | ४०४१७१५६ | झापा/२०४५।१।६/ जिल्ला प्रशासन कार्यालय झापा | तारा प्रसाद न्यौपाने | धनपति न्यौपाने |

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण

| नाम | ठेगाना | ना. प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | बाबु/पति | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| हिमाल न्यौपाने | वुद्धशान्ति २, झापा | ०४१००८।८४६ | झापा/२०६६।५।१४/ जिल्ला प्रशासन कार्यालय झापा | मुक्तिनाथ न्यौपाने | तारा प्रसाद न्यौपाने |
| चन्द्रकला गौतम न्यौपाने | वुद्धशान्ति २, झापा | २७७१।२६६ | झापा/२०४६।१२।१३/ जिल्ला प्रशासन कार्यालय झापा | ओमनाथ गौतम/ मुक्तिनाथ न्यौपाने | तारा प्रसाद न्यौपाने (ससुरा) |


**शर्तहरु :**

१) धितो लिलाम डाँक बढाबढ हुने तोकीएको दिन लिलामी कार्य सम्पन्न हुन नसकेमा वा सार्वजनिक बिदा परेमा सोको लगतै बैंक खुलेको दिन उक्त लिलामी कार्य हुनेछ ।
२) धितो लिलाम डाँक बढाबढमा ३(तीन) जना भन्दा कम व्यक्ति/संस्थाहरुले भाग लिएमा पनि लिलाम बढाबढ कार्य हुनेछ ।
३) धितो लिलाम डाँक बढाबढमा सबै भन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थाले बोलेको अंकको कम्तिमा १०(दश) प्रतिशत हुने रकम धरौटी वापत त्यसै दिन सम्बन्धित शाखामा जम्मा भएको हुनु पर्नेछ ।
४) लिलाम सकार गर्ने व्यक्ति/संस्थाले लिलाम सदर भएको कम्तिमा ७(सात) दिन भित्र बाँकी रकम बुझाउनु पर्नेछ । बुझाउनु पर्ने बाँकी रकम तोकीएको मितिमा बुझाउन नसकेमा जम्मा भएको रकम स्वतः जफत हुनेछ ।
५) लिलाम सदर/बदरको निर्णय नभए सम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा व्याज दाबी गर्न पाईने छैन ।
६) डाँक बढाबढको शुरुवात अंक उक्त चल अचल सम्पत्तिको मूल्यांकनबाट शुरुवात गरिनेछ ।
७) धितो लिलाम डाँक बढाबढ सदर वा बदर गर्नु अगावै सम्बन्धित ग्राहकले बैंकलाई भुक्तानी गर्नु पर्ने सम्पूर्ण रकम बुझाएमा लिलामी कारबाही हुने छैन ।
८) लिलाम सदर भए पश्चात दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजश्व, मालपोत, रजिष्ट्रेशन दस्तुर लगायतका सम्पूर्ण राजश्व, कर, दस्तुर एवं अन्य भैपरी खर्च बोलपत्रदाताले नै ब्यहोर्नु पर्नेछ ।
९) डाँक बढाबढमा सबै भन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थालाई दिने वा नदिने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ ।
१०) अन्य जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**कृषि विकास बैंक लि.**
**कर्जा असुली तथा संकलन विभाग**
**मुख्य कार्यालय, काठमाण्डौं ।**


# चेम्बर र जापानी निकायबीच विपद् व्यवस्थापनमा सहकार्य

काठमाडौं । नेपाल चेम्बर अफ कमर्स र जापानी निकायबीच विपद् व्यवस्थापनमा सहकार्य हुने भएको छ । भूकम्प, बाढी, पहिरो लगायतका विपद्जन्य घटनामा विपद् व्यवस्थापन प्रतिकार्य एवं राहत र उद्धार तथा पुनःस्थापनाबारे सहकार्य गर्न चेम्बर र जापानको अर्वान रेजिलेन्स रिसर्च सेन्टर, ओसाका शहर, युरेक तथा इभा नेपाल संस्थाबीच सहकार्यको समझदारी भएको हो ।



काठमाडौंको जमलस्थित चेम्बर भवनमा शुक्रवार आयोजित कार्यक्रममा विपद् व्यवस्थापन पूर्वतयारीका लागि सहकार्य शुरू गर्ने जानकारी दिइयो । यसका लागि जापानको प्राविधिक सहयोग, एवं जनचेतनाका लागि सहकार्य गर्ने विषयमा समेत सहमति भएको छ ।

जोखिम पूर्वतयारी, तथा समग्र विपद् व्यवस्थापनका विषयमा स्थानीय स्तरमा नागरिकको प्रत्यक्ष सहभागिता हुने गरी कार्यक्रम सञ्चालन गर्न लागिएको चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवालले जानकारी दिए । प्राकृतिक प्रकोपबाट नागरिकले कष्ट पाइरहेका अवस्थामा जापानी संस्थासँगको सहकार्यमा विपद् व्यवस्थापन कार्यका लागि चेम्बरले पहल गरेको अध्यक्ष अग्रवालले बताए ।

**यसका लागि जापानको प्राविधिक सहयोग, एवं जनचेतनाका लागि सहकार्य गर्ने विषयमा समेत सहमति भएको छ ।**

चेम्बरका निर्वतमान अध्यक्ष राजेन्द्र मल्लले वास्तविक तथ्यांकको अभावमा पनि उद्धार राहत तथा पुनःस्थापना कार्यमा प्रभावकारी परिणाम हासिल गर्न चुनौती रहेको बताए । जापानी निकायसँगको प्राविधिक सहकार्यमा वास्तविक लगत संकलन गर्न सकिने उनले बताए ।

अर्वान रेजिलेन्स रिर्सच सेन्टरका प्राध्यापक डा. इकुटा एसुकेले विपद् व्यवस्थापनसम्बन्धी सम्पुर्ण कार्यक्रममा बढीभन्दा बढी जनसहभागिता हुनुपर्नेमा जोड दिए । *रासस*

# बेसहाराको आश्रयस्थल 'सहारा घर'

कैलाली । कैलालीको बौनियामा रहेको सहारा घर बेसहाराको आश्रयस्थल बनेको छ । विसं २०७२ मा आश्रयको खोजी गरिरहेका बेसहारालाई सहारा दिने उद्देश्यले स्थापना गरिएको 'सहारा घर' आज सडक मानवका लागि महत्त्वपूर्ण आश्रयस्थल बनेको हो ।

परिवार र समाजबाट अपहेलित भएर पागलको संज्ञा पाएका सयौं बेसहाराहरू सहारा घरको सहयोगमा सामान्य जीवन निर्वाह गर्न सफल भएका सहारा घरका संस्थापक संरक्षक बलबहादुर विष्टले जनाए ।

'परिवार र समाजले नचिनेका सबै क्षेत्रबाट अपहेलनामा परेकालाई सहारा दिने उद्देश्यले यो घर स्थापना गरेका हौं,' उनले भने, 'विसं २०७२ देखि हालसम्म सडकबाट उठाएर ल्याइएका चार सय पाँच जनाको उपचारपछि निको भएर पारिवारिक मिलन गराएका छौं ।'

सहाराका लागि ल्याइएका ३८ जनाले यही घरमा देह त्याग गरेका भन्दै विष्टले देह त्याग गरेकाको सम्झनामा 'सहारा शान्ति वाटिका' निर्माण गरिएको जानकारी दिए । उनका अनुसार अहिले पनि सहारा घरमा ५८ जना सडक बेसहाराले सहारा लिइरहेका छन् ।

'यहाँ रहनुभएका सबैले मानसिक सन्तुलन गुमाउनु भएको छैन । शारीरिक, मानसिक तथा अन्य कारणले परिवार र समाजबाट अपहेलित भएर सडकमा आएकाहरू यहाँ पुगेपछि अनुशासनलाई पालना गरेर बस्नुभएको छ । यहाँ आउने अधिकांश बाध्यताले सडकमा पुग्ने अवस्था छ,' संस्थापक विष्टले भने ।

घरलाई बर्दगोरिया गाउँपालिकाका साथै कैलालीका अन्य पालिकाले पनि सहयोग गर्दै आएका विष्टले बताए । विभिन्न



**विसं २०७२ मा आश्रयको खोजी गरिरहेका बेसहारालाई सहारा दिने उद्देश्यले स्थापना गरिएको 'सहारा घर' आज सडक मानवका लागि महत्त्वपूर्ण आश्रयस्थल बनेको हो ।**

संघसंस्थाले आवास निर्माणमा सहयोग गरिरहेका छन् । 'घरमा एउटा एम्बुलेन्सको व्यवस्था गरिएको छ । सुदूरपश्चिम प्रदेशले पनि सहारा घरलाई सहयोग गर्दै आएको छ,' उनले सुनाए ।

सहारा खोजिरहेका मानिसको जिम्मा राज्यले लिनुपर्ने संस्थापक विष्टको जोड छ । उनले कुनै व्यक्ति वा संस्थाले शुरुआत गरेर राज्यले गर्ने काममा साथ दिएको भन्दै त्यसको स्वामित्व राज्यले लिनुपर्ने र मानिसको आधारभूत अधिकार प्रदान गरिनुपर्नेमा जोड दिए ।

'राज्यले मानवमुक्त सडक बनाउने नीति लिएको छ, अब बेसहारालाई सहारा दिने काम पनि गर्नुपर्छ,' उनले भने ।

सहारा घरमा रहेका बेसहाराको लागि नागरिकस्तरबाट राम्रो सहयोग प्राप्त हुने गरेको संस्थापक विष्टले जनाए । उनका अनुसार कैलालीको टीकापुरस्थित गुडिमुन्टे समूहले देउसीभैलोबाट संकलन भएको रकमबाट एक दिनको भोजन गराएको छ ।

समूहले देउसीभैलोबाट संकलन भएको चामलसहित सात हजार पाँच सय हस्तान्तरण गरिएको देउसीभैलोका संयोजक राजेन्द्र विश्वकर्माले बताए ।

'बर्सेनि देउसीभैलोबाट संकलन भएको रकमको २० प्रतिशत सामाजिक क्षेत्रमा सहयोग गर्दै आएका छौं । यसवर्ष पनि सोहीअनुसार सहयोग गरेका हौं,' उनले भने, 'देउसीभैलोमा संकलन भएको केही रकम सामाजिक कार्यमा सहयोग गर्दा सकारात्मक सन्देश प्रवाह हुन्छ ।' *रासस*

# एमएडब्ल्यू वृद्धिले 'एक्सचेन्ज एन्ड टेस्ट ड्राइभ क्याम्प' गर्दै




काठमाडौं (अस) । नेपालका लागि दिपल, सेरेस र नामी ईभी ब्रान्डको आधिकारिक वितरक एमएडब्ल्यू वृद्धिले भैरहवा र बुटवललाई लक्षित गरी 'एक्सचेन्ज तथा टेस्ट ड्राइभ क्याम्प' गर्ने भएको छ। कम्पनीले बुटवलको कालिकानगरस्थित क्लब डेनोभोमा कात्तिक २७ देखि तीनदिने 'एक्सचेन्ज एन्ड टेस्ट ड्राइभ क्याम्प'को आयोजना गर्ने भएको हो ।

मेलामा ईभी किन्न चाहने लुम्बिनी प्रदेशका ग्राहकले दिपल प्रिबजेट मूल्य ७१ लाख ९९ हजार रुपैयाँमा, सेरेस नाडा अफरको मूल्य ४५ लाख ४९ हजार रुपैयाँ र नामी ईभी किन्दा ७ किलोवाटको चार्जर निःशुल्क पाइने बताइएको छ ।

यो अवधिमा टप थ्री रिकन्डिसन हाउसबाट 'एक्सचेन्ज भ्यालु' र एमएडब्ल्यू वृद्धिबाट 'एक्सचेन्ज बोनस' पाउने भएका छन् । यसका साथै ग्राहकले हरेक टेस्ट ड्राइभ र आफ्नो पुरानो गाडीको मूल्यांकनमा आकर्षक उपहार पाउने बताइएको छ । 'अनस्पट फाइनान्सिङ' र 'अनस्पट डेलिभरी'को व्यवस्था पनि गरिएको यी गाडी ८ दशमलव ४९ प्रतिशतको निश्चित ब्याजदरमा खरीद गर्न सकिने बताइएको छ ।

# एससीटी र माइ पेबीच भुक्तानी सेवा सञ्चालन सम्झौता

काठमाडौं (अस) । भुक्तानी प्रणाली सञ्चालक संस्था स्मार्टच्वाइस टेक्नोलोजिज् लिमिटेड (एससीटी) र भुक्तानी सेवा प्रदायक संस्था स्मार्टकार्ड नेपाल (माइ पे)बीच 'स्मार्ट क्यूआर'मार्फत भुक्तानी सेवा सञ्चालनको लागि सम्झौता भएको छ ।




सम्झौतापश्चात् माइपे वालेट प्रयोगकर्ताले स्मार्ट क्यूआरमार्फत आफ्नो वालेट लोड गर्न मिल्ने र मर्चेन्टलाई भुक्तानी गर्न मिल्नुका साथै विभिन्न व्यापार व्यवसायमा संलग्न व्यवसायीले क्यूआरमार्फत भुक्तानी लिन स्मार्ट क्यूआरको सुविधा पनि लिन सक्ने बताइएको छ। क्यूआर कोडका लागि प्रचलित अन्तरराष्ट्रिय मापदण्ड इएमभि स्ट्याण्डर्ड पालना गर्दै नेपाल क्यूआर स्ट्याण्डर्डअन्तर्गत जारी हुने स्मार्ट क्यूआर नेपालको पहिलो इन्टरअपरेवल क्यूआर कोड भएको बताइएको छ ।

सम्झौतामा एससीटीका प्रमुख कार्यकारी अधिकृत मनोज घिमिरे र माइ पेका प्रमुख कार्यकारी अधिकृत मनोज मेहताले सेवा सञ्चालन सम्झौतामा हस्ताक्षर गरेका छन् । स्मार्ट क्युआरमार्फत हुने कारोबार रकम मर्चेन्टको खातामा तत्कालै फर्स्योट हुने भएकाले यसबाट माइ पे वालेटका प्रयोगकर्ता लगायत मर्चेन्टलाई कारोबार गर्न थप सजिलो हुने विश्वास गरिएको छ ।

# सिटिजन्स बैंक र लेमन ट्री प्रिमियरबीच समझदारी

काठमाडौं (अस) । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र काठमाडौंको बुढानीलकण्ठस्थित लेमन ट्री प्रिमियरबीच सिटिजन्स बैंकका ग्राहकलाई छूट दिने समझदारी भएको छ । समझदारीपत्रमा हस्ताक्षरपश्चात् बैंकका कार्डवाहक र मोबाइल बैंकिङ प्रयोगकर्ताले लेमन ट्रीमा २० प्रतिशतसम्मको छूट पाउनेछन् । यस किसिमको सहकार्यबाट बैंकका ग्राहक लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारतर्फ उत्प्रेरित हुने विश्वास बैंकको छ ।

बैंकले डिजिटल माध्यमको प्रयोग बढाउन र ग्राहकलाई डिजिटल भुक्तानीमा प्रोत्साहन गर्न समय समयमा ग्राहकमैत्री सुविधा सञ्चालनमा ल्याउँदै आएको छ । डिजिटल कारोबार गर्दा पाइने छूटसम्बन्धी विस्तृत विवरण बैंकको वेबसाइटमा प्राप्त गर्न सकिने बताइएको छ । बैंकले १९७ शाखा, १६२ एटीएम, ३ विस्तारित काउन्टर र ७४ शाखारहित बैंकिङ इकाइबाट सेवा प्रदान गर्दै आएको छ ।

# म्याग्दीको टिमुर तारे होटलदेखि विदेशसम्म

म्याग्दी । म्याग्दीमा उत्पादित टिमुर शहरबजारका तारे होटलदेखि विदेशसम्म बिक्री हुन थालेको छ । मुस्ताङ, पोखरा, काठमाडौं, चितवनलगायत शहर, बजारका होटल तथा जापान, बेल्जियम, कोरिया र अमेरिकामा टिमुर विक्री हुन थालेको हो ।

रमरम गर्ने स्वाद पाइने, शरीर न्यानो बनाउने र बास्नादार टिमुर दाल र चटनीमा मसलाको रूपमा प्रयोग हुन्छ । टिमुर व्यवसाय गर्दै आएका बेनी नगरपालिका-९ तोरीपानीका सागर बानियाँले यहाँ उत्पादित टिमुर स्वदेशका साथै विदेशबाट पनि माग आएको बताए ।

'विभिन्न देशमा रहेका नेपालीले जन्मथलो आउँदा आफैले र आफन्तमार्फत टिमुर लैजानुहुन्छ । पछिल्लो समय व्यावसायिक रूपमा माग आउन थालेको छ,' उनले भने, 'खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको प्रयोगशालामा परीक्षण गरेर उपभोगयोग्य प्रमाणित गरिएको टिमुर विदेश पठाउने गरेका छौं ।' बेनी-९ घतानको फरकफरक ठाउँमा उत्पादन भएको २० किलो काँचो र दुई किलो सुकाएको टिमुर परीक्षणका लागि गत साता काठमाडौंस्थित गुण नियन्त्रण विभागको प्रयोगशालामा पठाइएको बानियाँले जानकारी दिए । प्रयोगशालाको प्रतिवेदन आएपछि विक्री गर्ने तयारी भइरहेको भन्दै उनले अहिले यहाँका किसानले टिमुर टिप्न थालेको बताए ।

गतवर्ष घतानमा उत्पादन भएको एक हजार ६ सय किलो टिमुर प्रतिकिलो तीन हजारका दरले विक्री भएको थियो । योमध्ये विदेशी बजारमा करीब दुई सय किलो विक्री भएको बानियाँले बताए । धेरैजसो टिम्मुर मुस्ताङका होटल सञ्चालकहरूले अग्रिम भुक्तानी गरी खरीद गर्ने गरेका छन् ।

घतान क्षेत्रमा यस वर्ष करीब दुई हजार किलो टिमुर उत्पादन हुने अनुमान गरिएको भूमेसिद्ध टिमुर सञ्जालले जनाएको छ । बेनी-९ ढावाका नरबहादुर राईले रू. २० हजारको टिमुर विक्री गरिसकेको भन्दै थप रू. ४० हजार बराबरको फल विक्रीका लागि तयार भएको बताए ।

'खेतबारीमा निजी प्रयोजनका लागि रोपेको टिमुरको दाना बेचेर आम्दानी हुन थालेपछि यहाँका कतिपय किसानले व्यावसायिक उत्पादन पनि थालेका छन्,' किसान राईले भने, 'फलाउन र टिप्न सक्नुपऱ्यो, टिमुर विक्रीका लागि बजारको समस्या छैन, घरबाटै विक्री हुन्छ ।'

**बेनी–९ को तोरीपानी, धावा, धुपीबोट, ढोलथानका करीब एक सय ५० परिवारले व्यावसायिक रूपमा टिमुरखेती गरिरहेका छन् ।**

बेनी-९ को तोरीपानी, धावा, धुपीबोट, ढोलथानका करीब एक सय ५० परिवारले व्यावसायिक रूपमा टिमुरखेती गरिरहेका छन् । म्याग्दीमा २५ हेक्टर क्षेत्रफलमा टिमुरखेती भइरहेको डिभिजन वन कार्यालयका वन अधिकृत चन्द्रमणि सापकोटाले जानकारी दिए । 'बेनी-९ जिल्लामा बढी टिमुरखेती हुने स्थान हो,' उनले भने, 'म्याग्दीमा हाल वार्षिक करीब ६ मेट्रिकटनको हाराहारीमा टिमुर उत्पादन हुने गरेको हाम्रो तथ्यांक छ ।' *रासस*

**ललितपुर महानगरपालिका**
**वडा नं. १८ कार्यालय**
ललितपुर, भैसेपाटी

**क्याटलग/ब्रोसर सपिङ्ग विधिबाट सवारी साधन खरिद गर्ने सम्बन्धी**

**प्रथम पटक प्रकाशित मितिः २०८१।०७।२५**

यस वडा नं. १८ कार्यालयको लागि आवश्यक भएको इलेक्ट्रिक स्कुटर (सवारी साधन) सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ को उपदफा १(क)(८) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) बमोजिम क्याटलग/ब्रोसर सपिङ्ग विधिबाट त्यस्तो सवारी साधनका उत्पादक कम्पनी वा सोको आधिकारीक विक्रेताहरु बीच मात्र प्रतिस्पर्धा गराउने विधिबाट खरिद गर्नुपर्ने भएकोले मूल्य सहित इलेक्ट्रिक स्कुटर (सवारी साधन) उत्पादक वा आधिकारिक विक्रेताहरुबाट उक्त सवारी साधन विक्री गर्न नेपाल सरकारको सम्बन्धित निकायबाट प्राप्त भएको अनुमतिपत्र, सोको अद्यावधिक नवीकरण भएको पत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.ब. ०८०।८१ सम्मको कर चुक्ता गरेको प्रमाणित कागजात, उक्त सवारी साधन सप्लाई गरेको हालसम्मको विस्तृत विवरण, सम्बन्धित कार्य अनुभवको प्रमाणपत्र, उत्पादनको आधिकारिक प्राविधिक स्पेशिफिकेशन, मूल्य, गुणस्तर तथा सुविधा सहितको विवरण, क्याटलग वा ब्रोसर संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले ८ औं दिनको १२ बजेसम्म यस वडा कार्यालयमा निवेदन दर्ता गराउन यो सूचना प्रकाशित गरिएको छ । निवेदन पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा विदा पछिको कार्यालय खुलेको दिन निवेदन दर्ता गर्न सकिनेछ ।

**थप जानकारीको लागि कार्यालयको सम्पर्क नं. ५५९०६७३ मा सम्पर्क गर्न सक्नु हुनेछ ।**

**कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना**

(प्रकाशित मिति २०८१/०७/२५ गते आर्थिक अभियान दैनिक)

यस कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।
यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैतीस**) दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं ।
**उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा सुचित गरीन्छ ।**

तपसिल

**पुरानो पर्सा, चितवन शाखा**

| १. ऋणीको विवरण | धितो सुरक्षणको विवरण |
|---|---|
| **सुकुमाया तामाङ्ग**<br>ना.प्र.नं.- ना.प्र.नं. १४३०२<br>जारी मिति - २०४४/०३/०५, जि.प्र.का. नुवाकोट<br>बाबु - पुर्ण बहादुर तामाङ्ग<br>बाजे - बिश्वराम तामाङ्ग<br>स्थायी ठेगाना- नुवाकोट जिल्ला, गोस्याङ गा .वि.स., वडा नं. ०२<br>हालको ठेगाना- चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ०२, सीँगापुर टोल | १. **सुकुमाया तामाङ्ग**को नाममा मालपोत कार्यालय, चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, चैनपुर गा.बि.स.., वडा नं. ०६घ स्थित कित्ता नं. ८७ को क्षे.फ. ३३८.६३ (व.मी) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत । |

**व्यक्तिगत जमानीकर्ताको विवरण**

१. **लाल बहादुर तामाङ्ग**
ना.प्र.नं.- १४३०२
जारी मिति - २०४४/०३/०५, जि.प्र.का. नुवाकोट
बाबु - सानु सुब्बा तामाङ्ग
स्थायी ठेगाना- नुवाकोट जिल्ला, गोस्याङ गा .बि.स., वडा नं. ०२
हालको ठेगाना- चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ०२, सीँगापुर टोल

| २. ऋणीको विवरण | धितो सुरक्षणको विवरण |
|---|---|
| **सुनिल चौधरी**<br>ना.प्र.नं.- ना.प्र.नं. ३५३००४/९१०,<br>जारी मिति - २०६३/१२/०३, जि.प्र.का. चितवन<br>बाबु - मगरा महत्तो<br>बाजे- फोहरा महत्तो<br>स्थायी ठेगाना- चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ९ (साविक खैरहनी गा.वि.स. १)<br>हालको ठेगाना- ऐ.ऐ | १. **सुनिल चौधरी**को नाममा मालपोत कार्यालय, चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, खैरहनी गा.वि.स./न.पा. वडा नं. ३ स्थित कित्ता नं. १२६७ को क्षे.फ. १२५७.१६ (व.मी) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत। |

**व्यक्तिगत जमानीकर्ताको विवरण**

१. **शान्ती चौधरी**
ना.प्र.नं.- ना.प्र.नं. ३५१००१/२४९
जारी मिति - २०७०/०२/१७, जि.प्र.का. चितवन
पति - सुनिल चौधरी
ससुरा - मगरा महतो
स्थायी ठेगाना- चितवन जिल्ला खैरहनी न.पा., वडा नं. ९ (साविक कठार गा.वि.स. वडा नं. १)
हालको ठेगाना- चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ०९

| ३. ऋणीको विवरण | धितो सुरक्षणको विवरण |
|---|---|
| **सविन चौधरी**<br>ना.प्र.नं.- ४२८७२,<br>जारी मिति - २०६५/०७/१७, जि.प्र.का. चितवन<br>बुबा - बिरेन्द्र कुमार चौधरी<br>बाजे - रामजि चौधरी महता<br>स्थायी ठेगाना- चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ०९ (साविक खैरहनी गा.वि.स. वडा नं. ०१)<br>हालको ठेगाना- ऐ.ऐ | १. **सविन चौधरी**को नाममा मालपोत कार्यालय, चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, खैरहनी गा.वि.स./न.पा. वडा नं. ०३ स्थित कित्ता नं. १५६० र १५६२ को क्षे.फ. क्रमशः २५८.२० र ५९.२६ (व.मी) को जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत । |

**व्यक्तिगत जमानीकर्ताको विवरण**

१. **इन्दु चौधरी**
ना.प्र.नं.- ३५१००४/८२२
जारी मिति - २०६८/०४/२४, जि.प्र.का. चितवन
पति - सविन चौधरी
ससुरा - बिरेन्द्र कुमार चौधरी
स्थायी ठेगाना- चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ०९(साविक खैरहनी गा.वि.स. वडा नं.०१)
हालको ठेगाना- चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ०९

**रामापुर,रूपन्देही शाखा**

**१. ऋणीको विवरण**

क. नेपाल सरकार, वाणिज्य तथा आपूर्ती मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय रुपन्देहीमा मिति २०६८/०६/४ गते प्रा.फ.र.नं. २७०९२/०६८ आन्तरिक राजश्व विभाग बुटवलमा पान नं. ३०५०६६९६५ दर्ता कायम रहेको रुपन्देही जिल्ला, दुधराक्ष गा.वि.स. वडा नं. ०२ (हाल सैनामैना न.पा. वडा नं. ६) स्थित रजिष्टर्ड कार्यालय रहेको **कलौनी सप्लायर्स ।**
**प्रोप्राईटर - सुनिल कुमार चौधरी**
ना.प्र.नं.- ३८ ४३१९८
जारी मिति - २०५९/६/२२, जि.प्र.का. कपिलवस्तु
बाबु - भगौती प्रसाद चौधरी
बाजे- नन्द प्रसाद चौधरी
स्थायी ठेगाना- कपिलवस्तु जिल्ला, वाणगंगा गा.बि.स, वडा नं. ४
हालको ठेगाना- कपिलवस्तु जिल्ला, वाणगंगा न.पा, वडा नं. २

ख. **बर्षा बन (चौधरी)**
ना.प्र.नं.- ३८-०१-७१-०४११९
जारी मिति - २०७१/०५/२५, जि.प्र.का. कपिलवस्तु
बाबु - दिल राज बन
पति- सुनिल कुमार चौधरी
स्थायी ठेगाना- कपिलवस्तु जिल्ला, वाणगंगा गा.बि.स, वडा नं. ४
हालको ठेगाना- कपिलवस्तु जिल्ला, वाणगंगा न.पा, वडा नं. २

**व्यक्तिगत जमानीकर्ताहरूको विवरण**

१. **गुलरतिया चौधरी**
ना.प्र.नं.- ७३८२०७५०
जारी मिति - २०३५/०१/१०, जि.प्र.का. कपिलवस्तु
बाबु - गया प्रसाद चौधरी
पति- भगौती प्रसाद चौधरी
स्थायी ठेगाना- कपिलवस्तु जिल्ला, वाणगंगा गा.बि.स, वडा नं. ४
हालको ठेगाना- कपिलवस्तु जिल्ला, वाणगंगा न.पा, वडा नं. २

२. **भगौती प्रसाद चौधरी**
ना.प्र.नं.- २००५
जारी मिति - २०३१/९/२६, जि.प्र.का. कपिलवस्तु
बाबु - नन्द प्रसाद चौधरी
बाजे- गौरा चौधरी
स्थायी ठेगाना- कपिलवस्तु जिल्ला, वाणगंगा गा.बि.स, वडा नं. ४
हालको ठेगाना- कपिलवस्तु जिल्ला, वाणगंगा न.पा, वडा नं. २

३. **कुन्ती चौधरी**
ना.प्र.नं.- ४३२०७
जारी मिति - २०५९/६/२२, जि.प्र.का. कपिलवस्तु
बाबु - राम चन्द्र चौधरी
पति- सुनिल कुमार चौधरी
स्थायी ठेगाना- कपिलवस्तु जिल्ला, वाणगंगा गा.बि.स, वडा नं. ४
हालको ठेगाना- कपिलवस्तु जिल्ला, वाणगंगा न.पा, वडा नं. २

४. **अविषेक चौधरी**
ना.प्र.नं.- ३८-०१-७१-०४९३७
जारी मिति - २०७१/०६/३०, जि.प्र.का. कपिलवस्तु
बाबु - लिल कण्ठ चौधरी
बाजे- भगौती प्रसाद चौधरी
स्थायी ठेगाना- कपिलवस्तु जिल्ला, वाणगंगा न.पा, वडा नं. २
हालको ठेगाना- कपिलवस्तु जिल्ला, वाणगंगा न.पा, वडा नं. २

५. **बर्षा बन (चौधरी)**
ना.प्र.नं.- ३८-०१-७१-०४११९
जारी मिति - २०७१/०५/२५, जि.प्र.का. कपिलवस्तु
बाबु - दिल राज बन
पति- सुनिल कुमार चौधरी
स्थायी ठेगाना- कपिलवस्तु जिल्ला, वाणगंगा गा.बि.स, वडा नं. ४
हालको ठेगाना- कपिलवस्तु जिल्ला, वाणगंगा न.पा, वडा नं. २

६. **सुनिल कुमार चौधरी**
ना.प्र.नं.- ३८ ४३१९८
जारी मिति - २०५९/६/२२, जि.प्र.का. कपिलवस्तु
बाबु - भगौती प्रसाद चौधरी
बाजे- नन्द प्रसाद चौधरी
स्थायी ठेगाना- कपिलवस्तु जिल्ला, वाणगंगा गा.बि.स, वडा नं. ४
हालको ठेगाना- कपिलवस्तु जिल्ला, वाणगंगा न.पा, वडा नं. २

**धितो सुरक्षणको विवरण**

१. **गुलरतिया चौधरी**को नाममा मालपोत कार्यालय, कपिलवस्तुमा दर्ता कायम रहेको कपिलवस्तु जिल्ला, ठु.पिपरा गा.वि.स वडा नं. ४ स्थित कित्ता नं.३३९ को क्षे.फ. ०–०–१३ (वि.क.धु) जग्गा/घर र ऐ.ऐ. वडा नं). ५ स्थित कित्ता नं. ३०८ र ३०९ को क्षे.फ. ०–९–१८ र ०–०–१७ (बि.क.धु) जग्गा/जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।
२. **सुनिल कुमार चौधरी**को नाममा मालपोत कार्यालय, कपिलवस्तुमा दर्ता कायम रहेको कपिलवस्तु जिल्ला, ठु.पिपरा गा.वि.स वडा नं. ५ क स्थित कित्ता नं. ६० र ८५३ को क्षे.फ. ०–३–० र ०–१०–११ (वि.क.धु) जग्गा/घर र ऐ.ऐ. वडा नं( ४ स्थित कित्ता नं.९२३ को क्षे.फ. ०–३–८ (बि.क.धु) जग्गा/जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।
३. **भगौती प्रसाद चौधरी**को नाममा मालपोत कार्यालय, कपिलवस्तुमा दर्ता कायम रहेको कपिलवस्तु जिल्ला, बाणगंगा गा.वि.स/न.पा वडा नं. ४ स्थित कित्ता नं. १७ र १६ को क्षे.फ. क्रमश ९१६.०६ र ६६.०४ (ब.मि) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।
४. **कुन्ती चौधरी** र **अविषेक चौधरी**को संयुक्त नाममा मालपोत कार्यालय, कपिलवस्तुमा दर्ता कायम रहेको कपिलवस्तु जिल्ला, ठु.पिपरा गा.वि.स वडा नं. ४ स्थित कित्ता नं. ३६४ र ११९ को क्षे.फ. क्रमश ०–२–३ र ०–६–१५ (वि.क.धु) जग्गा/घर र ऐ.ऐ. वडा नं. ५ स्थित कित्ता नं. ६५ र ८५४ को क्षे.फ. क्रमश ०–११–११ र ०–१०–१० (वि.क.धु) जग्गा/जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।
५. **सुनिल कुमार चौधरी**को नाममा मालपोत कार्यालय, कपिलवस्तुमा दर्ता कायम रहेको कपिलवस्तु जिल्ला, ठु.पिपरा गा.वि.स वडा नं. ५ स्थित कित्ता नं.८२५ को क्षे.फ. ०–६–१४ (वि.क.धु) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।
६. ऋणी **कलौनी सप्लायर्स**को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोवाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक ।

| २. ऋणीको विवरण | धितो सुरक्षणको विवरण |
|---|---|
| प्रदेश सरकार, ५ नं. प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय घरेलु तथा साना उद्योग कार्यालय सिद्धार्थनगर, रुपन्देहीमा मिति २०७६/०८/२६ गते प्रा.फ.र.नं. १९३९५/०७६/०७७ कायम रहि आन्तरिक राजश्व विभाग बुटवलमा पान नं.६१२६४७३९४ दर्ता कायम रहेको रुपन्देही जिल्ला, सैनामैना न.पा वडा नं. ०९ स्थित र जिष्टर्ड कार्यालय रहेको **गैरे बाख्रा फार्म ।**<br>**प्रोप्राईटर - लिला बल्लभ गैरे**<br>ना.प्र.नं.- ६-२२०२<br>जारी मिति - २०४६/३/२<br>जि.प्र.का. रुपन्देही<br>बाबु - गोपि कृष्ण गैरे<br>बाजे- तिलदेव गैरे<br>स्थायी ठेगाना- रुपन्देही जिल्ला, सैनामैना न.पा, वडा नं. ९ | १. **लिला बल्लभ गैरे**को नाममा मालपोत कार्यालय, रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, दुधराक्ष गा.वि.स वडा नं. ४ स्थित कित्ता नं. १६३, १३३, १५८, १३४, १६१, १५९, २६२, १६२, ७३३ र १३९५ को क्षे.फ. ०–१–८,०–०–१०, ०–०–१८, ०–०–१२, ०–१–२, ०–१–७,०–१–५, ०–१–२, ०–१–० र ०–१–१३.५ (वि.क.धु) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।<br>२. ऋणी **गैरे बाख्रा फार्म**को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोवाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक । |

**व्यक्तिगत जमानीकर्ताको विवरण**

१. **नुमाकला गैरे**
ना.प्र.नं.- ६/२११९
जारी मिति - २०४६/३/२, जि.प्र.का. रुपन्देही
बाबु - झिल्लु प्रसाद बस्याल
पति- लिला बल्लभ गैरे
स्थायी ठेगाना- रुपन्देही जिल्ला, दुधराक्ष गा.वि.स, वडा नं. ४
हालको ठेगाना- रुपन्देही जिल्ला, सैनामैना न.पा, वडा नं. ९

**तीनकुने शाखा**

| १. ऋणीको विवरण | धितो सुरक्षणको विवरण |
|---|---|
| प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७८/१२/०७ मा दर्ता नं. २८६९७१/०७८/०७९ कायम भई दर्ता रहेको काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. ३२ स्थित रजिष्टर्ड कार्यालय रहेको **सोल ईन्टेरियर्स प्रा.लि. ।**<br>**सञ्चालक - स्तुपी राई (लिम्बु)** | १. **स्तुपी राई (लिम्बु)**को नाममा मालपोत कार्यालय, भद्रपुर, झापामा दर्ता कायम रहेको झापा जिल्ला, हल्दीबारी गा.वि.स./न.पा. वडा नं. ९ स्थित कित्ता नं. १५३१ र १७४७ को क्षे.फ. क्रमशः ०-१६-१५-० र ०-३-५-० (वि.क.धु.क) जग्गा तथा सोको सम्पुर्ण लिगलगापात ।<br>२. ऋणी **सोल ईन्टेरियर्स प्रा.लि.**को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोवाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक । |

**व्यक्तिगत जमानीकर्ताहरूको विवरण**

१. **स्तुपी राई (लिम्बु)**
ना.प्र.नं.- ०७-०१-७८-००२५७
जारी मिति - २०७८/०४/०८ जि.प्र.का. धनकुटा
बाबु - हर्क मान राई
बाजे - पहलमान राई
स्थायी ठेगाना- धनकुटा जिल्ला, छथर जोरपाटी गा.पा., वडा नं. १
हालको ठेगाना- काठमाण्डौं जिल्ला, का.म.न.पा., वडा नं. ३२

२. **सिमन लिम्बु**
ना.प्र.नं.-०७-०१-७३-०१७२४
जारी मिति - २०७३/०७/०७ जि.प्र.का. धनकुटा
बाबु - डम्बर बहादुर लिम्बु
बाजे - लाख मान लिम्बु
स्थायी ठेगाना- धनकुटा जिल्ला, हत्तिखर्क गा.वि.स., वडा नं. ६
हालको ठेगाना- काठमाण्डौं जिल्ला, का.म.न.पा., वडा नं. ३२

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**कर्जा असुली विभाग बागबजार, काठमाण्डौ फोन नं. ०१–५३४६९९१**

हामी धनी व्यवसायीले कर तिर्दैनौं। कर त भुइँमान्छेले मात्रै तिर्छन्।

**- लिओला हेल्म्स्ल**

सम्पादकीय

# गैरभन्सार अवरोधको दिगो समाधान

भारतीयको गुणस्तर प्रमाणपत्र दिने निकाय ब्युरो अफ इन्डियन स्टचान्डर्डस् (बीआईएस) विभिन्न वस्तुको लागि दिएको गुणस्तर प्रमाणपत्र नवीकरणमा ढिलाइ गरेपछि केही महीनादेखि ती वस्तुको निर्यातमा पुगेको अवरोध अहिले हटेको छ। भारतले सिमेन्ट र जस्तापाताबाहेक जुत्ता, प्लाइउड र स्यानिटरी प्याडका लागि सन् २०२५ जनवरी अन्तिमसम्म हालको प्रमाणपत्रलाई नै मान्यता दिएपछि ती वस्तु निर्यातको बाटो खुलेको हो। तर, सिमेन्टको निर्यातमा भने अझै अवरोध हुँदा भारततर्फको निर्यातमा सधैं अनिश्चय रहने सम्भावनालाई संकेत गरेको छ।

भारतले नेपालबाट हुने आयातमा अस्थिर नीति लिने गरेको छ। यद्यपि मुलुकको आआफ्नो अवस्था र बजारअनुसार नीति लिनु स्वाभाविक हो। तैपनि नेपालको प्रमुख व्यापारिक साझेदार र ऐतिहासिक मित्रताको आधारमा भारतले नेपाली निर्यातप्रति केही नरम स्वभाव देखाउनुपर्छ भनेर अपेक्षा गर्नु अन्यथा होइन। त्यसो त भारतसँग भएको द्विपक्षीय सन्धिसम्झौताअनुसार भारतले नेपाललाई केही विशेष सुविधा नदिएको पनि होइन। तर, व्यवहारमा भने विभिन्न बहाना गरेर उसले गैरभन्सार अवरोध गरिरहने गरेको छ। निर्यातमा यस्तो अनिश्चितता भएपछि निर्यातलाई लक्षित गरी नेपालमा उद्योग खोल्न कोही पनि तयार हुँदैनन्। नेपालबाट भारतमा वनस्पति घ्यू निकै ठूलो परिमाणमा निर्यात हुन्थ्यो। तर, भारतले विभिन्न प्रावधान राखेर निर्यातमा असहजता थप्दै लगेपछि अहिले यो निर्यात निकै घटेको मात्र होइन, यस्ता अधिकांश उद्योग नै बन्द समेत हुन पुगे। यस्तो नीतिकै कारण निर्यातका लागि उद्योग खोल्न डराउनुपर्ने अवस्था छ। अहिले भारत निर्यात गर्ने लक्ष्यसहित भैरहवा सेजमा प्लान्ट लगाउन तयारी गरिरहेको गोल्डस्टार जुत्ता पनि यसबाट प्रभावित नहोला भन्न सकिँदैन।

गैरभन्सार अवरोधको सन्दर्भमा नेपालले गुनासो गर्दै आए पनि भारतले सम्बोधन गर्न ढिलाइ गर्दै आएको छ। जुटमा भारतले एन्टी डम्पिङ महशुल लामो समयदेखि लगाउँदै आएको छ।

**नेपालजस्ता ज्यादै सानो आकारको अर्थतन्त्रलाई सहयोग गर्दा भारतलाई खासै समस्या नपर्नु पर्ने हो। भारतले जेजस्तो गरिदिनुपर्ने हो त्यसमा पहिले त नेपाल स्पष्ट हुनुपर्छ र त्यसअनुसार तयार रहनुपर्छ।**

वनस्पति घ्यू, तामाका वस्तु, एक्रिलिक यार्न र जिंक अक्साइडमा परिमाणात्मक बन्देज छ। मूल्य अभिवृद्धिको मात्र उच्च रहेकाले पनि नेपालले चाहे जसरी निर्यात बढाउन सकेको छैन। नेपालले कम्तीमा ३० प्रतिशत मूल्यअभिवृद्धि गरे मात्रै निर्यात गर्न पाउने द्विपक्षीय व्यापार सन्धिमा प्रावधान छ जसलाई घटाउनुपर्ने सुझाव अन्तरराष्ट्रिय व्यापारविज्ञहरूले दिँदै आएका छन्। त्यसै पनि नेपालमा निर्यात गर्ने वस्तुको संख्या निकै कम छ। निर्यात भइरहेको वस्तुमा पनि विभिन्न समयमा विभिन्न बहानामा अवरोध हुँदै आएको छ। भारत मात्र होइन, चीनमा पनि गैरभन्सार अवरोध अझै चर्को छ। तर, भारत नेपालको सबैभन्दा ठूलो व्यापारिक साझेदार भएकाले भारतमा अवरोध हुँदा नेपालको निर्यातमा ठूलो असर हुने गरेको छ। त्यसैले नेपालले भारतमा कमभन्दा कम अवरोधको अपेक्षा राख्नु स्वाभाविक हो।

अहिले उत्पादनको गुणस्तर प्रमाणपत्र नवीकरण ढिलाइ गर्नु पनि गैरभन्सार अवरोध हो। भारतले बारम्बार नेपालको उत्पादनमाथि गुणस्तरको प्रश्न उठाउने गरेको छ र आफ्नो प्रयोगशालाबाट प्रमाणपत्र लिनुपर्ने व्यवस्था गरेको छ। उसले नेपालको प्रयोगशालाले जारी गरेको प्रमाणपत्रलाई मान्यता दिएमा यो समस्या हट्न सक्छ। नेपाली प्रयोगशालाको गुणस्तर प्रमाणपत्रलाई मान्यता दिनेबारेमा दुई पक्षबीच बारम्बार छलफल हुँदै आए पनि व्यवहारतः त्यसमा ठोस प्रगति हुन सकेको छैन। नेपालको प्रयोगशाला अन्तरराष्ट्रिय मापदण्डअनुसार छैन भने त्यस्तो प्रयोगशाला स्थापनामा सहयोग गर्न सक्नुपर्छ वा आवश्यक परामर्श दिनुपर्छ। खासमा द्विपक्षीय छलफलमा गुणस्तर प्रयोगशालामा बनाउन सघाउने वचन दिँदै पनि आएको छ।

प्रयोगशालाको क्षमता बढाउन भारतीय सहयोग अपेक्षित हुन्छ। त्यस्तो सहयोग गरेर भए पनि नेपालको गुणस्तर प्रमाणपत्रलाई उसले स्वीकृति दिनु आवश्यक हुन्छ। प्रयोगशालाको स्तरोन्नति आवश्यक छ भने त्यसमा प्राविधिक, कर्मचारीको दक्षता अभिवृद्धि आदिमा उसले सहयोग गर्नु उपयुक्त हुन्छ। भारतले उदार हृदयले नेपालसँग व्यापारिक सम्बन्ध राख्ने हो भने उसले आफ्नो छाती केही फराकिलो पार्न पनि आवश्यक छ। ऊ विश्वको तेस्रो अर्थतन्त्र बन्ने भनी अघि लम्किरहेको छ। यस्तोमा नेपालजस्ता ज्यादै सानो आकारको अर्थतन्त्रलाई सहयोग गर्दा उसलाई खासै समस्या नपर्नु पर्ने हो। भारतले जेजस्तो गरिदिनुपर्ने हो त्यसमा पहिले त नेपाल स्पष्ट हुनुपर्छ र त्यसअनुसार तयार रहनुपर्छ भन्ने कुरा पनि बिर्सन मिल्दैन।

आर्थिक अभियान

१० वर्षअघिको आर्थिक अभियानबाट

## आन्तरिक बजारमा कार्बन व्यापार शुरू

धादिङमा सुधारिएको चुलो प्रवर्द्धन गर्ने एक गैरसरकारी संस्थालाई एस डेभलपमेण्ट बैङ्कले वार्षिक साढे ३ लाख रुपैयाँ भुक्तानी गर्ने सम्झौता भएपछि नेपालको आन्तरिक बजारमा कार्बन व्यापार शुरू भएको छ। हाललाई एस डेभलपमेण्ट बैङ्कले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत कार्बन किनेको घटनाले आगामी डिसेम्बरमा कतारको दोहामा हुन लागेको २०औं कोप (पक्ष राष्ट्रहरूको सम्मेलन) मा नेपालको दाबेदारीलाई बलियो बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ। सम्झौतापत्रमा आपसी विकास नामक गैरसरकारी संस्थालाई बैङ्कले वार्षिक रू. ३ लाख ६० हजार भुक्तानी गर्ने उल्लेख छ।

**वर्ष ८, अंक ७०, बुधवार १२ मङ्सिर, २०६९**

# लघुवित्तमा ऋणी सदस्यको विचलन

## ग्रामीण मोडेललाई परिवर्तन गर्न आवश्यक



**लघुवित्त संस्थामा आबद्ध सदस्यमा विचलन आउन नदिन र नयाँ सदस्यलाई आकर्षित गर्न लघुवित्त संस्थाले समग्र सदस्यकेन्द्रित कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गर्नुपर्ने देखिन्छ।**

**- उमा जोशी बोहरा**

सामान्यतया तोकिएका योग्यता पुगेका सर्वसाधारणले बैंक/वित्तीय संस्थामा वित्तीय कारोबार गर्न पाउने व्यवस्था रहेको छ। तर, लघुवित्त संस्थासँग वित्तीय कारोबार गर्न तोकिएको योग्यताको साथै लक्षित वर्गमा पर्नुपर्ने अनिवार्य व्यवस्था रहेको छ। यसका साथै क ख र ग वर्गका बैंक/वित्तीय संस्थाबाट कर्जा उपयोग गरिरहेका ऋणी सदस्यहरू लघुवित्त संस्थाबाट कर्जा लिन अयोग्य हुने र दुईभन्दा बढी लघुवित्त संस्थाबाट तोकिएको सीमाभन्दा बढी कर्जा लिन नपाउने नीतिगत व्यवस्था रहेको छ।

मुलुकमा सञ्चालनमा रहेका ५२ ओटा (३ थोक कर्जाप्रदायकसहित) लघुवित्त संस्थामा २०८१ असार मसान्तमा ५९ दशमलव ९५ लाख सदस्य र २६ दशमलव ६४ लाख ऋणी सदस्य रहेको पछिल्लो तथ्यांकले देखाएको छ। २०८० असार मसान्तमा यो संख्या क्रमशः ६० दशमलव १६ लाख र २९ दशमलव ८४ रहेको थियो। एक वर्षको अवधिमा कुल सदस्य संख्यामा शून्य दशमलव ३४ प्रतिशत र ऋणी सदस्य १० दशमलव ७५ प्रतिशतले घटेको देखिन्छ। संस्थामा आबद्ध सदस्यले बचत र ऋणको कारोबार गर्ने समग्रसदस्यको संख्यालाई जनाउँछ भने ऋणी सदस्यले संस्थासँग कर्जाको कारोबार गरिरहेका सदस्यलाई जनाउँछ।

लघुवित्त क्षेत्रमा अत्यधिक बढ्दै गएको बहुबैंकिङ कारोबारलाई नियन्त्रण गर्ने उद्देश्यले राष्ट्र बैंकले २०७९ फागुनमा लघुवित्त संस्थाका ऋणी सदस्यले एउटै मात्र संस्थाबाट कर्जा लिन पाउने र क, ख र ग वर्गका बैंक/वित्तीय संस्थाबाट कर्जा लिएका ऋणी सदस्यले लघुवित्त संस्थाबाट कर्जा लिन नपाउने निर्देशन जारी गऱ्यो। यसका लागि कर्जा दिनुअघि लघुवित्त संस्थाले अनिवार्य रूपमा कर्जा माग गर्ने सदस्यको कर्जा सूचना लिनुपर्ने व्यवस्थालाई कडाइका साथ कार्यान्वयनमा ल्याएको छ। २०८१ साउनमा उक्त निर्देशनलाई पुनरवलोकन गर्दै राष्ट्र बैंकले दुईओटासम्म लघुवित्त संस्थाबाट सीमासम्मको कर्जा लिन पाउने व्यवस्था गरेको छ।

नियामकको यो निर्देशनले एकभन्दा बढी लघुवित्त संस्थाबाट कर्जा लिने र क, ख र ग वर्गका बैंक/वित्तीय संस्थाबाट कर्जा लिएका ऋणी सदस्यहरूको संख्यामा कमी आई ऋणी सदस्यको संख्यामा उल्लेख्य (१० दशमलव ७५ प्रतिशत) कमी आएको देखिन्छ। पछिल्लो अध्ययनले १८ प्रतिशतभन्दा बढी ऋणी सदस्यले बहुबैंकिङ कारोबार गरेको देखाएकाले बहुबैंकिङ कारोबार गरी सीमाभन्दा बढी कर्जा लिने ऋणी सदस्यको संख्यामा नियन्त्रण गर्ने उद्देश्यले राष्ट्र बैंकले पछिल्लो व्यवस्थालाई कडाइका साथ कार्यान्वयनमा ल्याएको देखिन्छ। त्यहीअनुरूप ऋणी संख्यामा कमी आएको र यो संख्या अझै घट्न सक्ने अनुमान गरिएको छ।

नेपाल राष्ट्र बैंकले लघुवित्त संस्थामा आबद्ध हुने सदस्यको संख्यामा नियन्त्रण गर्ने उद्देश्यले निर्देशन जारी गरेको नभई ऋणी सदस्यमा ऋणग्रस्तताको अवस्था नआओस् भन्ने उद्देश्य राखेको देखिन्छ भने लघुवित्त संस्थाले पनि लक्षित वर्गलाई संस्थामा आबद्ध गर्ने कार्यलाई निरुत्साहित गर्ने उद्देश्य राखेको देखिँदैन। तर, यति हुँदाहुँदै पनि पछिल्लो समय संस्थामा आबद्ध सदस्यको संख्यामा कमी आउनु र लघुवित्त संस्थासँग आबद्ध हुनाका लागि लक्षित वर्ग अपेक्षित रूपले उत्साहित नदेखिनुले संस्थामा सदस्य टिकाइराख्न र थप नयाँ सदस्य भित्र्याउनेतर्फ लघुवित्तकर्मीले ध्यान केन्द्रित गर्नुपर्ने समय आएको देखिन्छ। ऋणी सदस्यमा आएको कमीले संस्थाको व्यवसायमा कमी आई तत्कालको नाफामा असर पर्छ भने समग्र सदस्यमा आएको कमीले संस्थाको स्थायित्वमा नै दीर्घकालीन असर पर्नसक्छ। संस्थामा लघुवित्त संस्थासँग आबद्ध सदस्यको संख्या घट्दै जानुलाई सुखद अवस्था मान्न सकिँदैन।

लघुवित्त संस्थाहरू अन्य बैंक/वित्तीय संस्था जसरी व्यावसायिक वित्तीय कारोबार गर्ने संस्था मात्र नभई वित्तीय सेवाबाट विमुख रहेका विपन्न वर्गलाई वित्तीय सेवाको साथसाथै थप व्यावसायिक क्रियाकलाप (क्रेडिट प्लस कार्यक्रम) सञ्चालन गरी लक्षित वर्गको स्तरोन्नति गर्ने उद्देश्य लिएका विशिष्टीकृत वित्तीय संस्था हुन्। यसका लागि लघुवित्त संस्थाले संस्थागत सामाजिक उत्तरदायित्व कोष, ग्राहक संरक्षण कोष, सदस्य राहत कार्यक्रम, कर्जाको आवधिक बीमा, वित्तीय साक्षरता कार्यक्रम,

**पछिल्लो समय नियतवश कर्जा नतिर्ने सदस्यहरू वृद्धि हुँदै गएकाले असल नियत भएका सदस्यमा वितृष्णा उत्पन्न भई संस्था छाड्ने प्रवृत्ति बढ्दै गएको पाइन्छ। त्यसैले ग्रामीण मोडेललाई परिवर्तन गर्दै व्यक्तिगत दायित्व हुने मोडेल कार्यान्वयनमा ल्याउनुपर्नेतर्फ सरोकारवालाले जोड दिनुपर्ने देखिन्छ।**

आबद्ध भएका सदस्यले आफ्नो आवश्यकताअनुसार कर्जा लिने र अहिले कर्जा नलिने सदस्यले पनि भविष्यमा कर्जा लिनसक्ने भएकाले त्यसको असर अल्पकालीन हुनसक्छ। तर, समग्र सदस्यमा नै कमी आउने क्रमले निरन्तरता पायो भने संस्थाको स्थायित्व र विकासमा नै प्रभाव पर्छ। त्यसैगरी लघुवित्त संस्थामा आबद्ध सदस्यले क्षमताअनुसारको बचत (अनिवार्य र स्वैच्छिक) गर्ने भएकाले संस्थाको वित्तीय स्रोत संकलनमा समेत प्रत्यक्ष प्रभाव पर्छ। यस्तो अवस्था कायम रहिरहेमा समावेशी वित्तीय पहुँचमा अग्रणी भूमिका खेल्दै आएका लघुवित्त संस्थाको प्रभावसमेत कमजोर हुन सक्छ।

नेपाल जीवनस्तर सर्वेक्षण चौथो, २०७९/८० अनुसार मुलुकमा गरिबीको रेखामुनि रहेको जनसंख्याको आकार १७ दशमलव ४ प्रतिशतबाट बढेर २० दशमलव २७ प्रतिशत पुग्नु र अर्कोतिर गरीबीको रेखामुनि रहेको जनसंख्या उच्च रहेको कर्णाली प्रदेश (२६ दशमलव ६९ प्रतिशत) र सुदूरपश्चिम प्रदेश (३४ दशमलव १६ प्रतिशत) मा लघुवित्त संस्थाको पहुँच कमजोर (क्रमशः ५ प्रतिशत र ९ प्रतिशत) हुनुले लघुवित्त संस्थाको पहुँच विस्तार गर्नुपर्ने अवस्था रहेको देखिन्छ। तर, यसको विपरीत सदस्य पुनर्ताजगी कार्यक्रमलगायत कार्यक्रम कार्यान्वयनमा ल्याएको देखिन्छ। कतिपय संस्थाले उल्लिखित कार्यक्रमहरू संस्थामा आबद्ध भइरहेका सदस्यलाई संस्थामा टिकाइराख्न वा नयाँ सदस्यलाई आकर्षित गर्नभन्दा पनि निष्क्रिय कर्जा असुलीका लागि उपयोग गर्ने गरेका वा नियामकीय अनुपालनाका लागि कार्यान्वयन गर्ने गरेका गुनासाहरू समयसमयमा सार्वजनिक हुने गरेको पाइन्छ।

यसका साथै, लघुवित्त संस्थाले कर्जाको किस्ता तिर्न नसक्ने वा किस्ता नतिरेका ऋणीलाई कर्जाको ब्याज तथा जरिबाना छूटका साथै कर्जाको किस्ता सानो पार्ने वा कर्जा पुनर्तालिकीकरण गर्ने, थप कर्जा प्रदान गर्नेलगायत सुविधा समयसमयमा प्रदान गर्ने गरेको पाइन्छ। त्यसैगरी नियामकीय निकायले मुलुकको समग्र आर्थिक अवस्था, दैवीविपत्तिलगायत असहज अवस्थालाई दृष्टिगत गर्दै समयसमयमा कर्जाको पुनर्तालिकीकरण लगायत सुविधा प्रदान गर्ने गर्छ। यसरी संस्थाले कार्यान्वयनमा ल्याउने प्रोत्साहनमूलक कार्यक्रम र नियामकले ल्याउने नीतिगत व्यवस्था समयमा कर्जा भुक्तानी गर्न नसकेका/नगरेका ऋणीसदस्य केन्द्रित हुने गरेको पाइएको छ। अर्थात् लघुवित्त संस्था र नियामकबाट कार्यान्वयनमा ल्याइएका प्रोत्साहनमूलक कार्यक्रम वा नीतिगत व्यवस्थाले ऋणी सदस्य नै लाभान्वित हुने गरेको पाइन्छ।

यसरी लघुवित्त क्षेत्रमा ऋणी सदस्य केन्द्रित कार्यक्रम मात्र सञ्चालन गर्नुको सट्टा सम्पूर्ण सदस्यकेन्द्रित कार्यक्रम सञ्चालन गर्ने हो भने ऋणी सदस्य र गैरऋणी सदस्यहरूसमेत लाभान्वित हुने र नयाँ सदस्यहरूलाई पनि संस्थाप्रति आकर्षित गर्न सकिने भएकाले आगामी दिनमा लघुवित्त संस्थाहरू त्यसतर्फ लाग्नुपर्ने देखिन्छ। यसका लागि सामाजिक बैंकिङ, क्रेडिट प्लस कार्यक्रम (व्यावसायिक विकास, शीप विकास, बजारीकरण, चेतनामूलक आदि), सदस्यको समस्या र गुनासो सुनुवाइ, फिल्ड कर्मचारीलाई लघुवित्त कार्यक्रमसँग सम्बद्ध र सदस्यसँग गर्ने व्यवहारसम्बन्धी तालीम, सदस्य पुनर्ताजगी कार्यक्रम, वित्तीय साक्षरता कार्यक्रम, सदस्यलक्षित सेवा र उत्पादन र तिनको पारदर्शिता, बीमालगायत व्यवस्थाको प्रभावकारी कार्यान्वयन गरिनुपर्छ। त्यसैगरी नयाँ सदस्य बनाउँदा विपन्न वर्गको सही छनोट र अवलम्बन गर्नुपर्ने विभिन्न चरण (सीजीटी, पीजीटी र जीआरटी) पूरा गरेर मात्र सदस्य बनाउने कार्यलाई निरन्तरता दिनुपर्छ। यस्ता कार्यले सदस्यहरूलाई वित्तीय कारोबारबाट हुने लाभ, कर्जाको सदुपयोग, तोकिएको समयमा कर्जा भुक्तानी र त्यसो नगर्दा उत्पन्न हुने असहज अवस्थालगायत विषयमा जानकारी हुने भएकाले सदस्यमा वित्तीय अनुशासन कायम भई संस्थासँगको आबद्धता दिगो हुनसक्छ।

लघुवित्त संस्थाले लघुवित्त कार्यक्रम सञ्चालन गर्न ग्रामीण मोडेल अवलम्बन गर्दै आएका छन्। यस मोडेलमा सदस्यले सामूहिक दायित्व वहन गर्नुपर्ने र पछिल्लो समय नियतवश कर्जा नतिर्ने सदस्यहरू वृद्धि हुँदै गएकाले असल नियत भएका सदस्यमा वितृष्णा उत्पन्न भई संस्था छाड्ने प्रवृत्ति बढ्दै गएको पाइन्छ। त्यसैले ग्रामीण मोडेललाई परिवर्तन गर्दै व्यक्तिगत दायित्व हुने मोडेल कार्यान्वयनमा ल्याउनुपर्नेतर्फ सरोकारवालाले जोड दिनुपर्ने देखिन्छ। यसै क्रममा राष्ट्र बैंकले गत साउनमा निर्देशन जारी गर्दै प्रतिपरिवार २५ हजारसम्मको कर्जा पारिवारिक जमानीमा प्रदान गर्न सकिने व्यवस्थामार्फत व्यक्तिगत दायित्वअन्तर्गतको कर्जा कार्यक्रम शुरुआत गरेको छ। आगामी दिनमा स्थानीय निकायसँग समन्वय गरी सदस्यलाई समूहमा आबद्ध गरी व्यक्तिगत दायित्वमा कर्जा प्रदान गर्ने नीतिगत व्यवस्था गर्न सकेमा आफूले नलिएको कर्जाको दायित्व लिनुनपर्ने भई असल सदस्यहरू संस्थामा टिकाइराख्न र नयाँ सदस्यलाई आकर्षित गर्न सकिन्छ। त्यसैले संस्थामा आबद्ध भएका सदस्यमा विचलन आउन नदिन र नयाँ सदस्यलाई आकर्षित गर्न लघुवित्त संस्थाले समग्र सदस्यकेन्द्रित कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गर्नुपर्ने देखिन्छ।

*लेखक लघुवित्तसम्बन्धी जानकार व्यक्ति हुन्।*

करका कुरा

# ह्रास खर्चमा कानूनी व्यवस्था



**आय आर्जन गर्ने कार्यमा प्रयोग भएको सम्पत्तिको मूल्यमा कमी आउने अवस्था नै सम्पत्तिको ह्रास हो। सम्पत्तिको कुल मूल्यलाई त्यसको जीवन अवधिमा यथोचित बाँडफाँट गर्ने र प्रत्येक वर्षको आय गणनामा समावेश गर्ने कार्यलाई ह्रासकट्टी भनिन्छ।**

**- तुलसी काफ्ले**

आजको युगमा लेखामा उपभोग्य सम्पत्तिको ह्रासकट्टीको सिद्धान्तलाई अपरिहार्य ठानिन्छ। जसको शुरुआत सन् १८३०-४० को दशकमा महँगा र दीर्घकालीन सम्पत्तिहरूको प्रयोग गर्ने उद्योगको आगमनसँगै शुरू भएको मानिन्छ। त्यसताका रेलमार्ग, विशेष गरी बिग्रिएका ठूला संरचनाको मर्मत र प्लान्ट-मेशिनरीको प्रतिस्थापनका लागि लेखामा देखिएका समस्या समाधानका लागि ह्रासकट्टी विधि व्यावसायिक सहजताका रूपमा खोजी भयो। सन् १९०९ मा आइपुग्दा अमेरिकी सर्वोच्च अदालतले नक्सभिलविरुद्ध नक्सभिल वाटर कम्पनीको मुद्दामा उपभोग गरिएको वस्तुको मूल्यमा ह्रास हुने वैधतालाई पूर्णरूपमा मान्यता दियो। त्यही वर्ष उद्योगका लागि पनि अमेरिकी कर कानूनमा मूल्य ह्रासको अवधारणालाई पहिलोपटक स्वीकार गरियो।

### ह्रासकट्टी

ह्रासयोग्य सम्पत्तिको वर्गीकरण गरी पहिलोपटक स्वामित्वमा आएको वा प्रयोग भएको सम्पत्तिलाई वर्ग छुट्टचाई राख्नुपर्छ। स्थिर सम्पत्तिलाई व्यवसाय वा लगानीबाट आय आर्जन हुने काममा प्रयोग गर्दै जाँदा त्यस्तो सम्पत्तिको काम गर्ने क्षमता कम हुँदै स्थिर सम्पत्तिको आयु क्रमशः घट्दै जान्छ। पूँजीगत प्रकृतिका सम्पत्तिले १ वर्ष वा त्योभन्दा बढी अवधिका लागि आर्थिक लाभ दिने हुन्छ। यस किसिमका सम्पत्तिको खरीद गर्दा लागेको लागतलाई आय खातामा समावेश नगरी वासलतमा उल्लेख गरिन्छ। आय आर्जन गर्ने कार्यमा प्रयोग भएको सम्पत्तिको मूल्यमा कमी आउने अवस्था नै सम्पत्तिको ह्रास हो। सम्पत्तिको कुल मूल्यलाई त्यसको जीवन अवधिमा यथोचित बाँडफाँट गर्ने र प्रत्येक वर्षको आय गणनामा समावेश गर्ने कार्यलाई ह्रासकट्टी भनिन्छ। सम्पत्तिको काम गर्ने क्षमता कम हुँदै जाँदा सम्पत्तिको मूल्यमा कमी आउँछ। यस्तै बजारको उतारचढाव, समयको प्रवाह आदि कारणले पनि मूल्यमा कमी आउन सक्छ। तर, कर प्रयोजनमा खर्चका रूपमा कट्टा गर्न पाइने स्थिर सम्पत्तिको मूल्यको ह्रासलाई ह्रासकट्टी भनिन्छ। ह्रासकट्टीले मुनाफा बढाउँछ र खर्च व्यवस्थापन सहयोग पुऱ्याउँछ। ह्रासकट्टीको उद्देश्य स्थिर सम्पत्तिलाई यथावत् राख्नु, उत्पादित वस्तुको वास्तविक मूल्याङ्कन गर्नु, स्थिर सम्पत्तिको पुनरवलोकन गर्नु, स्थिर सम्पत्तिको लगानी बढाउनु, चालू पूँजी प्रदान गर्नु र करदातालाई करको भार कम गर्नु रहेको मानिन्छ। सामान्यतयाः ह्रास खर्चकट्टीका लागि स्वीकृत लेखाका सिद्धान्तले मुख्य चार किसिमका तरिकालाई स्वीकार गरेको भए पनि मुख्यतयाः घट्दो किस्ता प्रणाली र स्थिर किस्ता प्रणाली सर्वाधिक प्रचलनमा रहेका छन्। घट्दो किस्ता प्रणालीमा हरेक वर्ष ह्रास रकम घट्दै जान्छ भने स्थिर किस्ता प्रणालीमा हरेक वर्ष समान किस्ताको हिसाबले ह्रास रकम निकालिन्छ। उदाहरण, घट्दो किस्ता प्रणालीमा 'ग' वर्गको कुनै सम्पत्तिको वर्षको शुरूको ह्रास आधार रकम १० लाख रुपैयाँ रहेछ। उक्त १० लाखको २० प्रतिशतले हुने २ लाख रुपैयाँ ह्रासखर्च दाबी गर्नुपर्छ। यस्तै स्थिर किस्ता प्रणालीमा ५ लाख रुपैयाँ पर्ने कुनै स्थिर सम्पत्ति ५ वर्ष मात्र चल्ने रहेछ भने प्रत्येक किस्तामा रू. १ लाखका दरले ५ वर्षमा ५ लाख रुपैयाँ ह्रासकट्टी दाबी गर्नुपर्छ।

### ह्रास खर्च दाबी गर्न पाइने सम्पत्ति

ऐनको दफा १९ को उपदफा (१) बमोजिम कुनै आयवर्षमा व्यवसाय वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनका लागि उक्त व्यवसाय वा लगानीबाट आय आर्जन गर्न उक्त वर्षमा आफ्नो स्वामित्वमा रही प्रयोग गरेको ह्रासयोग्य सम्पत्तिको ह्रास भएको अवस्थामा मात्र ह्रास खर्च कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ। किस्ताबन्दी विक्रीमा कुनै ह्रासयोग्य सम्पत्तिको उपभोग कर्ताको स्वामित्वमा नभएको तर प्रयोग भएको ह्रासयोग्य सम्पत्तिको ह्रास खर्च कट्टा गर्न पाउँछ। आय आर्जन गर्ने सिलसिलाका कतिपय ह्रासयोग्य सम्पत्ति दैवी प्रकोप, आर्थिक मन्दीजस्ता कारणले प्रयोग हुन नसकी पुरानो हुँदै मूल्यमा कमी भएको अवस्थामा ऐनको दफा २ (कर) बमोजिम ह्रास खर्च कट्टी गर्नुपर्ने अवस्था सृजना हुन सक्ने भए पनि प्रयोगमा नआएको सम्पत्तिको ह्रासखर्च कट्टी गर्न नपाउने परिपत्र जारी भएको पाइन्छ। उदाहरण, 'क' भन्ने कुनै चिनी मिलले व्यवसायको आय आर्जन हुने काममा खरीद गरेको मेशिनरी २०७२/७३ मा महाभूकम्पका कारण उक्त आर्थिक वर्षमा प्रयोग हुन नसकेर समय व्यतीत हुँदा पुरानो हुँदै गएछ। त्यसरी पुरानो हुँदै गए पनि आय आर्जन हुने काममा प्रयोगमा आइनसकेकोले उक्त मेशिनको ह्रास खर्च कट्टी गर्न पाइँदैन।

सरकारले कतिपय अवस्थामा पूँजी गत सम्पत्तिमा लगानी गरी उत्पादकत्व अभिवृद्धि गर्न त्यस्तो पूँजी गत सम्पत्तिमा तोकिएको ह्रासको दरभन्दा बढी छूट सुविधा पनि दिनसक्छ। 'आर्थिक वर्ष २०७६/७७ मा कुनै निकायले वर्षभरि पूर्ण रूपमा ऐनको दफा ११ मा उल्लिखित विशेष उद्योग सञ्चालन गरेको भएमा वा कुनै निकायले सडक, पुल, टनेल रोपवे, रेल्वे वा आकाशे पुल, निर्माण गरी सञ्चालन गरेको वा ट्राम ट्रलीबस सञ्चालन गरेको भएमा त्यस्ता निकायले उक्त आर्थिक वर्षमा सो अनुसूचीको दफा १ को वर्ग 'क', 'ख', 'ग' र 'घ' मा उल्लिखित ह्रासयोग्य सम्पत्तिका लागि लागू हुने दरमा थप १ तिहाइले ह्रासकट्टी पाउने' व्यवस्था गरेको थियो। 'कुनै व्यक्तिले आफैले निर्माण गरी सञ्चालन गर्ने एवम् सम्झौताको समाप्तिपछि हस्तान्तरण गर्नुपर्ने आयोजना (जस्तै : जलविद्युत् आयोजना) का निमित्त खरीद गरिएको जग्गासमेत हस्तान्तरण गर्नुपर्ने अवस्थामा उक्त जग्गामा भएको लागतलाई 'ङ' समूहमा समावेश गरी सम्झौताका अवधिको आधारमा ह्रासकट्टी खर्च दाबी गर्न सक्ने' आयकर निर्देशिकाले थप स्पष्ट गरेको छ।

'कुनै करदाताले ह्रासयोग्य सम्पत्ति खरिद गरी आफ्नो स्वामित्वमा रहेको तर त्यसको प्रयोग नगरेको (सञ्चालनमा नआएको) कारणबाट उक्त ह्रासयोग्य सम्पत्तिको ह्रासकट्टी अनुसूची २ बमोजिम घटी दाबी गरेको वा ह्रासकट्टी दाबी नै नगरेको अवस्थामा जुन आयवर्षको आय गणना गर्ने हो उक्त वर्ष त्यो व्यक्तिको स्वामित्वमा रही आय आर्जन कार्यमा प्रयोग भएको अवस्थामा मात्र ह्रासखर्च पाउने' मिति २०६३/३/१६ परिपत्र जारी भए पनि दफा २ (कर) मा भने ह्रासयोग्य सम्पत्तिमा 'व्यवसाय वा लगानीमा आय आर्जनका लागि प्रयोग गरिएको टुटफुट, पुरानो हुँदै गएको मात्र हुन सक्ने अवस्थाको कल्पना नगरी समय व्यतीत हुँदै गएको कारणबाट मूल्यमा ह्रास हुने सम्पत्ति' समेतलाई समेटेकाले उक्त परिपत्रमा थप स्पष्टता आउन जरुरी देखिन्छ।

### विभिन्न वर्गका सम्पत्तिको सम्बन्धमा पूर्वादेश

कस्ता सम्पत्ति कुन वर्गमा पर्ने भन्ने सम्बन्धमा, मिति २०६१/७/३० मा 'होटेलका सामान 'घ' वर्गमा पर्ने' मिति २०६४/११/३ मा 'लिजसहितको सबै संरचना 'क' वर्गमा, सामान्य सम्पत्ति 'ख' वर्गमा 'इन्जिन भएमा 'ग' वर्गमा पर्ने' पूर्वादेश तथा परिपत्रहरू जारी भएका छन्। महालेखाको बाउन्नौं प्रतिवेदनमा 'जुन वर्षको ह्रासखर्च हो सोही वर्ष त्यस्तो ह्रासखर्च दाबी गर्नुपर्ने, नोक्सानी अवधिमा पाउने ह्रास खर्च दाबी नगरी पछिल्ला वर्षहरूमा नाफामा आएपछि ह्रास खर्च लेख्ने गरी कर नियोजन गर्न नपाउने' सवाल उठाएको छ।

### ह्रास खर्चमा कायम भएका नजीर

आनन्दराज ढकालविरुद्ध श्री स्ट्याण्डर्ड चार्टर्ड बैंकको मुद्दामा 'व्यवसायको आय आर्जन हुने कार्यमा भएको खर्च सामान्य खर्च मानिने, १ आर्थिक वर्षभन्दा बढी अवधिसम्म प्रयोग हुने पूँजीगत प्रकृतिका खर्च तोकिएको प्रतिशतमा ह्रासकट्टी खर्च लेख्न पाउने। लिजमा लिएको सम्पत्तिमा फर्निसिङ, फिक्स्चर्स जस्ता वस्तुमा खर्च भए लिजबापत ५ प्रतिशत मात्र ह्रासकट्टी पाउनुपर्ने पुनरावेदन जिकीर नपुग्ने' माधवप्रसाद ढकालविरुद्ध नेपाल ग्यास इन्डस्ट्रिजको मुद्दामा 'ग्यास सिलिन्डर पूँजी गत सामान भएपछि त्यसमा घट्दो ह्रासकट्टी प्रणालीअनुसार ह्रासखर्च छूट पाउने', जगदीश रेग्मीविरुद्ध किष्ट बैंकको मुद्दामा 'एटीएम मेसिन र जेनेरेटर बैंकले आफ्नो निजी प्रयोजनमा ल्याएकोलाई अनुसूची-२ को दफा १ को 'ख' वर्गमा पर्ने', आ.रा.का काठमाडौंविरुद्ध युनाइटेड डिस्ट्रिब्यूटर्सको मुद्दामा 'कार्यालय विस्तारको लिज खर्चलाई 'ङ' वर्गमा समावेश गरेकोलाई अमान्य गरेको' यस्तै खुमराज पुञ्जालीविरुद्ध अरिहन्त मल्टी फाइबर्सको मुद्दामा 'स्टेट लाइन मेथडमा ह्रासखर्च दाबी गरेको भनेकोमा लेखापरीक्षण प्रतिवेदनबाट समर्थित भएकोमा ह्रासखर्च मिनाहा दिने' सर्वोच्च अदालतबाट फैसला भएको छ।

*लेखक कर तथा वाणिज्य कानून क्षेत्रमा विज्ञ अधिवक्ता हुन्। लेखकलाई tulasikafle@yahoo.com मा सम्पर्क गर्न सकिन्छ।*



तस्वीर : एएफपी/रासस

चीनको उत्तरी इन्नर मंगोलिया क्षेत्रको ओर्डोसमा रहेको मेङ्सी ब्लु सी फोटोभोल्टिक पावर स्टेसनमा रहेका सोलार प्यानल । सौर्य ऊर्जा उत्पादनमा चीन विश्वमै अगाडि छ ।

# सबस्टेसन निर्माणपछि लमजुङ र मनाङमा विद्युत् आपूर्ति सहज हुने

अभियान संवाददाता

काठमाडौं

धारापानी र खुदी सबस्टेसन निर्माणपछि लमजुङ र मनाङमा विद्युत् आपूर्ति सहज हुने मर्स्याङ्दी कोरिडोर २२० केभी प्रसारण लाइन आयोजना कार्यालयले जनाएको छ ।

आयोजनाअन्तर्गत मनाङको नासौँ गाउँपालिका-१, धारापानीमा २२० केभी क्षमताको सबस्टेसन निर्माणाधीन छ भने लमजुङको मर्स्याङ्दी गाउँपालिका-३, खुदीमा निर्माणाधीन २२० केभी क्षमताको सबस्टेसन अन्तिम चरणमा पुगेको हो ।



दुवै स्थानका सबस्टेसन निर्माण निर्धारित समयमा सम्पन्न भएमा लमजुङ र मनाङको विद्युत् आपूर्ति सहज हुनुका साथै भरपर्दो र गुणस्तरीय सेवा प्रवाह हुने नेपाल विद्युत् प्राधिकरणले जनाएको छ ।

धारापानी सबस्टेसन डेढ वर्षभित्र निर्माण सम्पन्न गर्ने गरी काम भइरहेको छ । खुदी सबस्टेसन आगामी तीन महीनाभित्र निर्माण सम्पन्न गर्ने गरी अन्तिम चरणको काम भइरहेको विद्युत् प्राधिकरणले जनाएको छ । धारापानी सबस्टेसन रहने ठाउँको जमिन सम्याउने तथा पावर ट्रान्सफर्मर राखिने स्थान, नियन्त्रण कक्षलगायत सिभिल संरचनाको निर्माण तीव्र गतिमा भइरहेको छ ।

धारापानी र खुदी सबस्टेसनमा क्रमशः १३० एमभीए र १६० एमभीए क्षमताका पावर ट्रान्सफर्मर रहने छन् । दुवै सबस्टेसनमा स्थानीय रूपमा विद्युत् आपूर्तिका लागि आवश्यक व्यवस्था गरिएको छ । निर्माण सम्पन्न भई सबस्टेसनबाट स्थानीय रूपमा विद्युत् आपूर्ति शुरू भएपछि लमजुङ र मनाङको विद्युत् आपूर्ति भरपर्दो र गुणस्तरीय हुने जनाइएको छ ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले स्थलगत अनुगमनमार्फत सबस्टेसन तथा प्रसारण लाइन निर्माणको प्रगति, बेहोरिएका समस्या, काम सम्पन्न हुने तालिकालगायत विषयमा आयोजना व्यवस्थापन, निर्माण व्यवसायीसँग विस्तृत छलफल गरी जनशक्ति थपेर प्रसारण लाइन तथा सबस्टेसन तोकिएको समयमा सम्पन्न गर्न निर्माणमा संलग्न सबैलाई आग्रह गरेका छन् । उनले धारापानी क्षेत्रका स्थानीयसँग छलफल गरी सबस्टेसन तथा प्रसारण लाइन निर्माणमा आवश्यक सहयोग गर्न अनुरोध गरेको प्राधिकरणले जानकारी दिएको छ ।

'मर्स्याङ्दी कोरिडोर प्रसारण लाइनमा जोड्ने गरी सम्झौता गरिएका जलविद्युत् आयोजनाको निर्माण शुरू भइसकेको छ, त्यसैले यो लाइन जतिसक्दो चाँडो निर्माण सम्पन्न गर्नुपर्ने छ, समयतालिका, कामको गुणस्तरलगायतलाई विशेष ध्यान दिएर निर्माणलाई तीव्रता दिनुपर्ने छ,' घिसिङले भने ।

भौगोलिक विकटतालाई चिर्दै मनाङमा राष्ट्रिय प्रसारण लाइनको विद्युत् पुगेको भन्दै उनले भरपर्दो र गुणस्तरीय विद्युत् आपूर्तिको समस्या रहेकाले यसलाई सुधार्न निर्धारित समयमै प्रसारण लाइन तथा सबस्टेसन निर्माण सम्पन्न गर्नुपर्नेमा जोड दिए ।

सबस्टेसन निर्माणस्थल वरपरका स्थानीय बासिन्दाले राखेका जायज माग पूरा गर्न आयोजना सधैं तयार रहेको बताउँदै कार्यकारी निर्देशक घिसिङले पर्यटकीयस्थल मनाङको विद्युत् आपूर्ति सुधारका लागि योजनाबद्ध रूपमा निर्माण कम्पनीले काम अघि बढाइसकेको उल्लेख गरे ।

उनका अनुसार मर्स्याङ्दी र त्यसका सहायक नदीहरूबाट उत्पादन हुने विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा प्रवाह गर्न मर्स्याङ्दी करिडोर २२० केभी प्रसारण लाइन आयोजना शुरू गरिएको हो । प्रसारण लाइनबाट करीब १ हजार ६०० मेगावाट विद्युत् प्रवाह गर्न सकिने उनले जानकारी दिए । आयोजनाअन्तर्गत चितवनको भरतपुरबाट मनाङको धारापानीसम्मको ११४ किलोमिटर डबल सर्किट प्रसारण लाइनलाई तीन चरणमा विभाजन गरी निर्माण अगाडि बढाइएको छ । पहिलो चरणअन्तर्गत उदीपुरबाट तनहुँको मार्कीचोक हुँदै नयाँ भरतपुर सबस्टेसनसम्मको करीब ६८ किलोमिटर प्रसारण लाइन निर्माणाधीन छ । यस खण्डमा पर्ने १९९ टावरमध्ये १२५ ओटाको जग हालिएको छ । ६५ टावर निर्माण गरिएका छन् । बाँकी स्थानमा काम भइरहेको आयोजना कार्यालयले जनाएको छ ।

दोस्रो चरणअन्तर्गत लमजुङको उदीपुर र चितवनको भरतपुरमा २२० केभीका सबस्टेसन निर्माण सम्पन्न भइसकेका छन् । तेस्रो चरणअन्तर्गत धारापानी-खुदी-उदीपुर ४६ किलोमिटर प्रसारण लाइन र धारापानी तथा खुदी सबस्टेसन निर्माणाधीन छन् । खुदी-उदीपुरअन्तर्गत करीब १६ किलोमिटर खण्डमा १७ टावरको जग हालिएको छ भने ८ ओटा निर्माण गरिएको छ ।

उक्त खण्डअन्तर्गत बेसीशहर नगरपालिका-८ का केही स्थानीयले प्रसारण लाइनको मार्ग परिवर्तन गर्नुपर्ने वा लाइन नसार्ने भए मार्गाधिकारमा पर्ने जग्गाको शतप्रतिशत क्षतिपूर्ति दिनुपर्ने माग राखी दुई वर्षदेखि निर्माण अवरोध गर्दै आएका छन् ।

प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले लमजुङका प्रमुख जिल्ला अधिकारी बुद्धबहादुर गुरुङलाई खुदी-उदीपुर खण्डमा देखिएको समस्या समाधान गर्न आवश्यक सहयोग र सहजीकरण गरिदिन अनुरोध गरेका छन् । 'दुई वर्षदेखि काममा अवरोध भइरहेकाले स्थानीयका जायज माग पूरा गर्ने प्रधिकरणको प्रतिबद्धतासहित स्थानीयसँग छलफल गरी सहजीकरण गरेर सहयोग गरिदिन अनुरोध गर्दछौं,' उनले प्रमुख जिल्ला अधिकारी गुरुङसँग भने । निर्माणमा देखिएको अवरोध हटाउन स्थानीय प्रशासनका तर्फबाट सहजीकरण तथा समन्वय भइरहेको उल्लेख गर्दै प्रमुख जिल्ला अधिकारी गुरुङले राष्ट्रिय प्राथमिकता प्राप्त प्रसारण लाइन निर्माणमा स्थानीयले पनि आवश्यक समन्वय गर्नुपर्नेमा जोड दिए ।

संघीय सरकार तथा प्राधिकरणको लगानी र युरोपेली लगानी बैंक (ईआईबी) को सहुलियतपूर्ण ऋणमा निर्माणाधीन आयोजनाको समग्र अनुमानित लागत करीब १६ अर्ब रहेको प्राधिकरणले जनाएको छ ।

# १९५ मिर्गौला बिरामीले लिन्छन् मारवाडी सेवा समितिको निःशुल्क डाइलाइसिस सेवा

काठमाडौं (अस) । मारवाडी सेवा समितिअन्तर्गतको पशुपति गौशाला धर्मशालाले सञ्चालन गरिरहेको निःशुल्क हेमोडाइलाइसिस सेवा साढे दुई वर्षको अवधिमा ३२४ जना मिर्गौला बिरामीले लिएका छन् ।

८४औं गोपाष्टमी महोत्सवका अवसरमा शनिवार धर्मशालामा आयोजित कार्यक्रममा समितिका अध्यक्ष प्रमोदकुमार अग्रवालले दिएको जानकारीअनुसार धर्मशालामा २०७८ चैत २१ बाट निःशुल्क हेमोडाइलाइसिस सेवा शुरू गरिएको थियो । त्यसयता हालसम्म ३२४ बिरामीले २७ हजार ९७५ पटक डाइलाइसिस गराएको अग्रवालले बताए । उनका अनुसार अहिले १९५ मिर्गौला बिरामीले नियमित रूपमा निःशुल्क हेमोडाइलाइसिस सेवा लिइरहेका छन् । 'दैनिक ८० देखि ९० जना बिरामीको डाइलाइसिस हुने गरेको छ,' अध्यक्ष अग्रवालले भने ।

धर्मशालाले २०५४/५५ सालमा शुरू गरेको निःशुल्क कृत्रिम खुट्टा वितरण कार्यक्रमबाट हालसम्म विभिन्न कारणले खुट्टा गुमाएका ६ हजार ७०० जना लाभान्वित भएको पनि अग्रवालले जानकारी दिए । आगामी दिनमा पनि निःशुल्क कृत्रिम खुट्टा वितरण कार्यक्रम निरन्तर रहने उनले बताए ।

यसपालिको गोपाष्टमी महोत्सवका अवसरमा आयोजित कार्यक्रममा सातजनालाई निःशुल्क कृत्रिम खुट्टा वितरण गरिएको थियो । आवश्यक पर्ने व्यक्तिलाई जुनसुकै बेला निःशुल्क कृत्रिम खुट्टा वितरण गर्ने गरे पनि चाडपर्वको बिदाका कारण रोकिएको कृत्रिम खुट्टा वितरण गोपाष्टमीको अवसरमा गरिएको धर्मशालाका अध्यक्ष रमेश तापडियाले जानकारी दिए ।

धर्मशालाले हरेक शनिबार निःशुल्क भोजन, निःशुल्क स्वास्थ्य परीक्षण र औषधी वितरण, शबवाहनको निःशुल्क सेवा, मेला र पर्वमा तिर्थालुलाई निःशुल्क भोजन र आवासलगायत सेवा पनि प्रदान गर्दै आएको अध्यक्ष तापडियाले जानकारी दिए ।



**समितिअन्तर्गतको धर्मशालाले २०५४/५५ सालमा शुरू गरेको निःशुल्क कृत्रिम खुट्टा वितरण कार्यक्रमबाट हालसम्म विभिन्न कारणले खुट्टा गुमाएका ६ हजार ७०० जना लाभान्वित**

समिति अध्यक्ष अग्रवालका अनुसार मारवाडी समुदायले देशका विभिन्न शहरमा १५ ओटा गौशाला स्थापना गरी गोवंशको संरक्षण गर्दै आएको छ । काठमाडौंको मारवाडी समुदायले ८४ वर्षअघि नै पशुपति क्षेत्रमा गौशाला स्थापना गरी गोवंशको संरक्षण गर्दै आएको उनले बताए । काठमाडौंको गौशालामा २५० र समितिअन्तर्गत धादिङको धार्केस्थित मारवाडी सेवा ग्राम गौधाममा २५० गाईको संरक्षण भइरहेको छ । समितिका अनुसार धादिङमा बृद्ध अवस्थाका गाईहरू संरक्षित छन् ।

अध्यक्ष अग्रवालका अनुसार मोरङको मारवाडी समुदायले श्री रंगेली गौचर गौशाला र श्रीकृष्ण गो सेवा सदनमार्फत गौ संरक्षणको काम गरिरहेको छ । रंगेली गौचर गौशाला २०३७ सालदेखि सञ्चालनमा छ । जनकपुरमा २०१० सालदेखि सीताराम गौशाला सञ्चालनमा छ ।

अन्य गौशालाहरूले पनि गोपाष्टमीमा विशेष अनुष्ठान सम्पन्न गरेको धर्मशालाले जानकारी दिएको छ । यी गौशालाहरूले मारवाडी समुदायमा सीमित गोपाष्टमी पर्व मनाउने चलनलाई सबै हिन्दु समुदायमा विस्तार गर्ने गरी काम गरिरहेको बताइएको छ । गोपाष्टमी भगवान श्रीकृष्णसँग जोडिएको पर्व हो । पुराणमा उल्लेख भएअनुसार नन्द महाराजले आफ्ना छोरा भगवान श्रीकृष्ण र बलराम ६ वर्षको भएपछि उनीहरूलाई पहिलोपटक कात्तिक शुक्ल अष्टमीका दिन गाई चराउन जाने अनुमति दिएका थिए । यसै दिनदेखि श्रीकृष्ण र बलराम गाईगोठाला बनेका थिए ।

अर्को मान्यताअनुसार भगवान श्रीकृष्णले आफ्नो कान्छी औंलाले गोवर्द्धन पर्वत उठाएर वृन्दावनबासीलाई इन्द्रको क्रोधबाट भएको मुसलधारे वर्षामा पर्वतमुनिको ओडारमा आश्रय दिएका थिए । आठौं दिन वर्षा गराउने पानी नै सकिएपछि इन्द्रले आफूले गल्ती गरेको महसुस गर्दै पराजय स्वीकारे र श्रीकृष्ण भगवानसँग माफी मागे । त्यसपछि सुरभी नामकी गाईले श्रीकृष्ण र इन्द्र दुवैलाई दूधले नुहाइदिइन् । यसै दिनदेखि कात्तिक शुक्ल अष्टमीका दिनलाई गोपाष्टमी मानेर गाईको विशेष पूजा हुन थालेको बताइन्छ ।

बाँकी पृष्ठ १ बाट ...

**हवाई भाडा अत्यधिक ...**

हवाई भाडा व्यापक वृद्धि भएपछि शुक्रवार पनि यही विषयलाई लिएर संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बन्द्री पाण्डे, परराष्ट्रमन्त्री आरजु राणा, श्रम तथा रोजगारमन्त्री शरदसिंह भण्डारीसहितको बैठक बसेको थियो । त्यस क्रममा वैदेशिक रोजगारसम्बद्ध व्यावसायिक संगठनका प्रतिनिधिले हवाई भाडा अत्यधिक बढेकाले यसलाई रोक्न आग्रह गर्दै ज्ञापनपत्रसमेत बुझाएका थिए । शुक्रवारको छलफलमा मन्त्री पाण्डेले भाडा वृद्धिका कारण वैदेशिक रोजगारीमा जाने श्रमिकहरू मर्कामा परेको बताएका थिए ।

उक्त अवसरमा वैदेशिक रोजगारीमा जानेका लागि नयाँ दिल्लीस्थित विमानस्थल प्रयोग गर्न यसअघि लगाइएको रोक खुला गर्ने तथा भैरहवाको गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थलमा थप उडानका लागि सहजीकरण गर्नेलगायत विषयमा छलफल भएको थियो ।

छलफलका क्रममा उडान संख्या घटेको मौका छोपेर केही वायुसेवा कम्पनीहरूले कार्टेलिङ गरेको हुन सक्ने भन्दै वैदेशिक रोजगार व्यवसायीले यस विषयमा सरकारले निर्मम भएर निर्णय गर्नुपर्नेमा जोड दिएका थिए । छलफलमा लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएशनका अध्यक्ष दीपक थापाले अन्तरराष्ट्रिय हवाई भाडा अस्वाभाविक वृद्धि भइरहेको र यसमा वायुसेवा कम्पनी र केही ट्राभल एजेन्सीको हात रहेको बताएका थिए ।

**प्राधिकरण र एयरलाइन्सका पदाधिकारीबीचको बैठकले गरेका निर्णय**

१. सम्पूर्ण वायुसेवा सञ्चालकले ट्राभल एजेन्सीलाई पछि विक्री गर्ने गरी एकमुष्ट रूपमा टिकट विक्रीको अधिकार हस्तान्तरण गर्ने व्यवस्था (टीबीए) खारेज गर्ने र सम्पूर्ण वायुसेवा कम्पनीले यसको अनिवार्य पालना गर्ने,
२. सबै वायुसेवा सञ्चालकले द्विपक्षीय हवाई सेवा सम्झौताको प्राइसिङ शीर्षकमा उल्लेख भएअनुसार उपभोक्तालाई मर्का पर्ने गरी अनुचित हवाई भाडा असुल गर्न नहुने प्रावधानको पूर्णतः पालन गर्ने,
३. सबै वायुसेवा सञ्चालकले उडान वृत्तबमोजिमको हवाई भाडा सूची तोक्ने तथा सार्वजनिक गर्नुपर्ने, ट्राभल एजेन्सीसँग टिकट विक्रीको सम्झौता गर्दा निश्चित संख्यामात्र विक्री गर्न सकिने र तोकिएको परिधिमा रही मात्र सेवा शुल्क लिने गरी व्यवस्था मिलाउने जिम्मेवारी वायुसेवा सञ्चालकको हुने,
४. तोकिए बमोजिमको हवाई भाडा मात्र कायम राख्ने जिम्मेवारी वायुसेवा सञ्चालकको हुनेछ । वायुसेवा सञ्चालकहरूले उपभोक्ता अधिकार सुनिश्चित हुने गरी कार्य गर्नुपर्नेछ ।

## पोखरा विमानस्थलमा तत्काल अन्तरराष्ट्रिय उडान सञ्चालन गर्न माग

गण्डकी । पोखराका पर्यटन व्यवसायीले पोखरा अन्तरराष्ट्रिय विमानस्थलमा तत्काल अन्तरराष्ट्रिय उडान सञ्चालन गराउन संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेको ध्यानाकर्षण गराएका छन् ।

शनिवार पोखरामा आयोजित छलफल कार्यक्रममा सहभागी मन्त्री पाण्डेलाई उडान सञ्चालनका लागि मन्त्रालयले तत्काल कदम चाल्न र भइरहेको सडक स्तरोन्नतिलाई तीव्रता दिन व्यवसायीले आग्रह गरे ।

पर्यटन व्यवसायीका संघसंस्थाको छाता संगठन पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीले मन्त्री पाण्डेलाई ज्ञापनपत्र बुझाउँदै पोखरामा तत्काल अन्तरराष्ट्रिय उडान सञ्चालन गर्न माग गरे । उनले पोखरा आउजाउ गर्ने सडकको स्तरोन्नतिलाई तीव्रता दिन र नेपाल-चीनबीचको कोरला नाका नियमित सञ्चालनका लागि पहल गर्न पनि आग्रह गरे ।

नेपाल पर्यटन बोर्डका पूर्वसदस्य वासुदेव त्रिपाठीले काठमाडौंको त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल १० घण्टासम्म बन्द गर्नुपर्ने अवस्थामा पोखरा अन्तरराष्ट्रिय विमानस्थलको सदुपयोग गर्न माग गरे । होटेल संघ नेपालका केन्द्रीय सदस्य भरतराज पराजुलीले पोखरा अन्तरराष्ट्रिय विमानस्थलमा अन्तरराष्ट्रिय उडान गराउन र राजमार्गको स्तरोन्नतिमा सरकार गम्भीर बन्नुपर्ने धारणा राखे ।

अग्रज पर्यटन व्यवसायी गणेशबहादुर भट्टराईले पर्यटनबाट मात्र नेपालको गरीबी निवारण हुन सक्ने भन्दै खेल पर्यटनमा जोड दिनुपर्ने आवश्यकता औंल्याए । *रासस*

# तरकारी खेतीबाट वार्षिक सात लाख आम्दानी

रामपुर (पाल्पा) । रामपुर नगरपालिका-६ स्थित प्याक्लुककी गंगा बस्यालले २०७२ सालदेखि व्यावसायिक तरकारी खेती गर्दै आएका छन् । करीब १२ रोपनी क्षेत्रफलमा गरेको तरकारी खेतीबाट वार्षिक ७ लाख रुपैयाँ आम्दानी गर्दै आएको उनले बताए ।



एक दशकअघि तरकारी खेतीबाट जीविकोपार्जन होला भन्नेमा बस्याल विश्वस्त थिएनन् । सदरमुकाम तानसेनबाट टाढा रहेको रामपुर बजारलाई ग्रामीण शहर मानिन्छ । तरकारीले बजार नपाए नोक्सानी हुने चिन्ताबीच व्यवसाय विस्तार गर्दै जाने योजनासहित तरकारीखेतीमा लागेको उनले उनले सुनाए ।

अहिले तरकारीखेतीले बजार पाएपछि यसबाटै जीविकोपार्जन भइरहेको बस्यालको भनाइ छ । वार्षिक रूपमा सबै खर्च कटाएर तरकारी विक्रीबाट ७ लाख रुपैयाँ आम्दानी हुने गरेको उनले जानकारी दिए । बस्याल स्थानीय बजारको अवस्था र ग्राहकको मागअनुसार तरकारी रोप्छन् । यहाँ आलु, काउली, बन्दा, गोलभेडालगायत तरकारीले राम्रो बजार पाउने भएपछि सो जातका तरकारी उत्पादनमा जोड दिने गरेको उनले सुनाए ।

बस्यालले हाल १२ रोपनी क्षेत्रफलमा तरकारीखेती गरेका छन् । १० रोपनी जग्गा १० वर्षका लागि वार्षिक ५० हजार रुपैयाँ बुझाउने गरी भाँडामा लिएको उनको भनाइ छ । स्थानीय बजारमा तरकारी खपत हुन थालेपछि व्यवसाय विस्तार गरी १२ रोपनी पुऱ्याएको उनले जानकारी दिए ।

तरकारीखेतीबाट परिवारको सबै खर्च र छोराछोरीको पढाइ खर्चसमेत व्यवस्थापन हुँदै आएको बस्यालको भनाइ छ । ठूला शहर बजार पुग्ने सडक जोडिए पनि पक्की र व्यवस्थित नहुँदा र रामपुर गाउँ भएकाले बजार सानो हुनेलगायत कारणले केही समस्या भने हुने उनको भनाइ छ ।

'भविष्यमा यो व्यवसायलाई आयआर्जनको बलियो माध्यम बनाउन सकिन्छ भन्ने सोचका साथ तरकारीखेती शुरू गरेको थिएँ, सोचेजस्तै आम्दानी भइरहेको छ,' बस्यालले भने, 'हाम्रो परिवारको जीविका राम्रैसँग चलेको छ, यसबाट हामी सन्तुष्ट छौं ।'

पहिले स्याङ्जाको वालिङ, गल्याङलगायत विभिन्न बजारमा लगेर तरकारी विक्री गरेको स्मरण गर्दै उनले अहिले भने उत्पादित तरकारी रामपुरमा नै खपत भइरहेको जानकारी दिए ।

उनको व्यवसायमा श्रीमती राधिका बस्यालले सघाएकी छिन् । उनीहरुको सफलता देखेर अहिले छिमेकीले पनि तरकारी लगाउन थालेका छन् । उनको बारीमा अहिले काउली, बन्दा, आलु, सागमुला, धनियालगायत सागसब्जी तयार हुँदैछन् ।

गत भदौमा एक रोपनी जग्गामा लगाएको काँक्राबाट १ लाख रुपैयाँ आम्दानी भएपछि व्यवसायमा हौसला थपिएको राधिकाले बताइन् । 'तरकारीखेती थालेपछि वरिपरि हरियाली भएको छ । गाउँमा विस्तारै पहिचान पनि बन्दै गएको छ । अहिले बजारको समस्या छैन, व्यापारीले घरमा आएर तरकारी लैजानुहुन्छ,' उनले भनिन् ।

वर्षेनि तरकारीका साथै बिरुवासमेत उत्पादन गर्न थालेको राधिकाको भनाइ छ । उनका अनुसार करीब एक रोपनी जग्गामा मौसमी तथा बेमौसमी जातका तरकारीका बिरुवा उत्पादन भइरहेका छन् ।

पछिल्लो समय यहाँको बजार बढ्दै गएपछि निर्वाहमुखी खेती गर्ने किसानले पनि व्यावसायिक तरिकाबाट खेती गर्न थालेको रामपुर नगरपालिकाका कृषि शाखा प्रमुख नारायणप्रसाद गैरेले बताए । व्यावसायिक खेतीमा जोड दिने किसानलाई नगरपालिकाले खेती गर्ने प्रविधिसम्बन्धी तालिम, गोष्ठी, बिउबिजन, उपकरण तथा प्राविधिक सेवा दिँदै आएको उनले जानकारी दिए । *रासस*

## नबिल बैंक लिमिटेड, केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार काठमाडौंको गैह्र बैंकिङ सम्पत्ति लिलामबिक्री सम्बन्धी सूचना

**(प्रकाशित मिति : २०८१/०७/२५)**

यस बैंकको आफ्नो स्वामित्वमा रहेको तपसिलमा उल्लेखित गैह्र बैंकिङ सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बोलपत्रमार्फत बिक्री गरिने हुँदा सो सम्पत्ति खरिद गर्न इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाबाट निम्न लिखित शर्तहरुको अधिनमा रही आफूले के कति मूल्य तिरि लिन चाहेको हो सो मूल्य खोली यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौंमा शीलबन्दी बोलपत्र पेश गर्न हुन यो सूचना प्रकाशित आव्हान गरिएको छ ।

**तपसिल**

**यस बैंकको नाममा दर्ता कायम रहेको गैह्र बैंकिङ सम्पत्तिको विवरण**

| क्र .सं. | जिल्ला | न.पा/गा.वि.स | वडा नं. | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|
| १. | झापा | गरामनी गा.वि.स | ७ | १०९६ | ०-१०-० विगाहा |
| २. | नुवाकोट | कल्यानपुर गा.वि.स | १ | २९,३०,३४ र १००६ | ४५१४.९८, २४४०.२९, ८३४.५९ र २७.८३ वर्ग मिटर |
| ३. | नुवाकोट | त्रिशुली गा.वि.स | १ | १४४० र १५५३ | १०९.२९ र १८२.८० वर्ग मिटर |
| ४. | नवलपरासी (वर्दघाट सुस्ता पूर्व) | प्रगतिनगर गा.वि.स | ३ग | ९७९, ९५३, ९७५ र ९७७ | क्रमश: ०-४-१३-०, ०-२-१८-०, ०-१-१५.५-० र ०-१-४-० विगाहा |
| ५. | चितवन | देवौली गा.वि.स | ९ | २००७, १११५ र १११६ | क्रमश: ४३६.७०, ११००.५४ र ११००.५४ वर्ग मिटर |
| ६. | काठमाडौं | काठमाडौं म.न.पा | १० | ३७४ | ०-४-०-० रोपनी |
| ७. | भक्तपुर | सुडाल गा.वि.स | ५घ | २४४ | ०-२-१-२ रोपनी |
| ८ | काठमाडौं | काठमाडौं म.न.पा | १० | २ र १६७ | क्रमश: ०-२-२-१, ०-४-१-२ रोपनी (घर समेत) |
| ९. | काठमाडौं | काठमाडौं म.न.पा | १० | ६ | ०-८-०-० रोपनी (घर समेत) |
| १० | काठमाडौं | काठमाडौं म.न.पा | १० | ३६४, ३६५ र ५५० | ०-०-३-३, ०-४-०-०, र ०-३-०-१ रोपनी (घर समेत) |
| ११ | काठमाडौं | काठमाडौं म.न.पा | १० | ३ | ०-८-०-० रोपनी (घर समेत) |
| १२ | काठमाडौं | काठमाडौं म.न.पा | १० | १३८ र १३९ | क्रमश: ०-६-१-२, ०-७-०-० रोपनी (घर समेत) |
| १३. | ललितपुर | ठैब गा.वि.स | ७ क | ४७६ | ०-४-०-० रोपनी |
| १४. | काठमाडौं | गागलफेदी गा.वि.स | ४ | ५१६ | १-९-३-० रोपनी |
| १५. | काठमाडौं | गोठाटार गा.वि.स. | ५ | ७५ | ०-९-०-० रोपनी |
| १६. | काठमाडौं | गोठाटार गा.वि.स. | ५ | ६१ | ०-१२-२-० रोपनी |
| १७. | काठमाडौं | काठमाडौं म.न.पा | ७ | ६४ | १-०-३-१ रोपनी(घर समेत) |
| १८. | झापा | पाराखोपी गा.वि.स | ४ | ३८५४, ३८३७, ३८६९, ३८५३, ३८३६, ३८६८, ३८५२, ३८३५, ३८६७, ३८५१, ३८३४, ३८६६, ३८७५, ३८६०, ३८७६ | क्रमश: ०-०-१९.५-०,०-१-०.२५-०,०-१-१.५-०,०-१-२.२५-०,०-१-२.५-०, ०-१-३.५-०, ०-१-४.७५-०, ०-१-५.५-०, ०-१-६.२५-० , ०-१-७.५-०, ०-१-८.२५-०, ०-१-८.७५-०, ०-१-०-०, ०-१-०-०, ०-१-०-० विगाहा |
| १९. | दोलखा | चरीकोट गा.वि.स | ५ | ८२५ | २९२५ वर्ग मिटर |
| २०. | ललितपुर | सैंबु गा.वि.स | ३ | ३७५ | १-१५-०-० रोपनी (घर समेत) |
| २१. | काठमाडौं | काठमाडौं म.न.पा | १३ | १७४ | १-४-०-० रोपनी (घर समेत) |
| २२. | धनुषा | सुगामधुरी गा.वि.स | ३ | ५४५ | ०-७-१०.७५-० विगाहा |
| २३. | धनुषा | यज्ञभुमी गा.वि.स | ५ख | ८९७ | ०-३-२-८.५ विगाहा (१०५८.७८ वर्ग मिटर) (घर समेत) |
| २४. | सिराहा | लभटोली गा.वि.स | ५ख | ३००, ३१८६ र ३१८७ | क्रमश: ०-०-६-०, ०-०-१७-०, र ०-०-६-० विगाहा |
| २५. | धनुषा | जनकपुर न.पा | ०१ | ६५ | ०-०-१५-१ विगाहा (घर समेत) |
| २६. | सप्तरी | राजविराज न.पा | ८ | ९२/२ | ०-०-८ १/२ विटौरी (घर समेत) |
| २७. | बारा | निजगढ गा.वि.स | ५ | ३३९, ४२३ र ८७० | क्रमश: ०-४-१०-०, ०-१७-१५-० र ०-०-१५.७५-० विगाहा |
| २८. | मोरङ | बयरवन गा.वि.स. | ६ घ | ३५२ | ०-५-१५-० विगाहा |
| २९. | सुनसरी | खनार गा.वि.स. | ५ क | ७९९ र ९६९ | क्रमश:०-३-५-० र ०-१-५-० विगाहा (घर समेत) |
| ३०. | भोजपुर | भोजपुर न.पा. | ७ | १८११ | ०-५-३-० रोपनी |
| ३१. | भोजपुर | भोजपुर न.पा. | ६ | ३३१ | १-१५-३-० रोपनी |
| ३२. | भोजपुर | भोजपुर न.पा. | ३ | १८३, २६६ र २६७ | क्रमश:२-६-२-०, ४-११-०-३ र ९-१०-३-० रोपनी |
| ३३. | पर्सा | मधुवन मथौल गा.वि.स | १ | ४१४ | २-२-१५-० विगाहा |
| ३४. | पर्सा | मधुवन मथौल गा.वि.स | २ | ८० | ५-१६-०-० विगाहा |
| ३५. | पर्सा | मधुवन मथौल गा.वि.स | २ | ६४३ र ६४४ | क्रमश: ०-३-१०-० र १-८-२-१२ विगाहा (घर समेत) |
| ३६. | दार्चुला | खलंगा गा.वि.स. | ५ | ३४५ | ०-४-१-२ रोपनी(घर समेत) |
| ३७. | दार्चुला | खलंगा गा.वि.स. | ५ | १११९ | ०-५-०-० रोपनी(घर समेत) |
| ३८. | काठमाडौं | गोठाटार गा.वि.स. | ८ | ३५२, ३५४ र ३८३ | क्रमश: १०९.५८, १.६८ र २१५.८ वर्ग मिटर(घर समेत) |
| ३९. | सुनसरी | धरान उ.म.न.पा. | ८ | ८२० | ०-०-१५-० विगाहा (२५३.९४ वर्ग मिटर)(घर समेत) |
| ४०. | ललितपुर | ललितपुर म.न.पा | १ | २२२ र २२५ | ०-०-३-३ र ०-१-३-१ रोपनी |
| ४१. | मोरङ्ग | बयरवन गा.वि.स. | ९ ष | १०४ र ६६८ | ०-११-०-० र ०-१६-०-० विगाहा |
| ४२. | काभ्रेपलाञ्चोक | नासिका स्थान साँगा गा.वि.स | ६ | ११८१ | ०-६-१-० रोपनी (१९८.६९ वर्ग मिटर) (घर समेत) |
| ४३. | दोलखा | चरिकोट गा.वि.स. | २ | ४५९८ र ४६६० | क्रमश: १२६ र ७०० वर्ग मिटर |
| ४४. | दोलखा | चरिकोट गा.वि.स. | २ | १२११, ६०३ र १५९ | ५४९५, १३०० र १४६० वर्ग मिटर |
| ४५. | कैलाली | त्रिनागर गा.वि.स | २क | १५०९ र १५१० | ८४.६६ र १९४७.१८ वर्ग मिटर |
| ४६. | भक्तपुर | कटुन्जे गा.वि.स | ४ | ९२ | २३८.४७ वर्ग मिटर |
| ४७. | बाँके | बाघेधरी गा.वि.स | ५ | २१७ र २८९ | क्रमश: ५१५ र ५६० वर्ग मिटर |
| ४८. | मकवानपुर | पदमपोखरी गा.वि.स. | ९ | २७३७ | ०-७-१६ विगाहा |
| ४९. | झापा | चन्द्रगढी गा.वि.स | ५ | १६५० र २०९१ | क्रमश: ०-५-१८-० र ०-२-१६-० विगाहा |
| ५०. | झापा | गैरादह गा.वि.स | १ | २५२३ र २५२५ | क्रमश: ३४९६.३८ र ६८६३ वर्ग मिटर |
| ५१. | मोरङ | लखान्तरी गा.वि.स | २ | ४३, २२७, ४२ र १३८ | क्रमश: १००.००, १३७१.३५, १४७०.०० र ९५५ वर्ग मिटर (घर समेत) |
| ५२. | झापा | दमक न.पा | १४ | १२ | ०-१-२.३१ विगाहा (घर समेत) |
| ५३. | मोरङ | मधुमल्ला गा.वि.स | ९च | ११८१ र ११८२ | ०-२-०-० र ०-२-०-० विगाहा |
| ५४. | मोरङ | मधुमल्ला गा.वि.स | ९च | २२८१ र २२३१ | ०-०-४-० र ०-०-१६-० विघा (घर समेत) |
| ५५. | सिरहा | असनपुर गा.वि.स | ६क | १००८ | ०-०-१०-० विघा(घर समेत) |
| ५६. | सिरहा | असनपुर गा.वि.स | ६क | २५८१ र २५८२ | ०-०-१०-० र ०-०-१५.७५-० विघा (घर समेत) |
| ५७. | सिरहा | असनपुर गा.वि.स | १ख | १९२१ र १९२४ | ०-०-२-८ र ०-०-७-८ विघा(घर समेत) |
| ५८. | सप्तरी | राजविराज न.पा | ५क | १६८० | ०-०-१०-० विघा (घर समेत) |
| ५९. | सिरहा | असनपुर गा.वि.स | १ख | ५६८ | ०-०-१५-० विघा |
| ६०. | सिरहा | असनपुर गा.वि.स | १ख | १४६२ र १४६३ | ०-०-११-० र ०-०-११-० विघा |
| ६१. | सिरहा | असनपुर गा.वि.स | १ख | १४६६ | ०-४-१०-० विघा |
| ६२. | रुपन्देही | बुटवल न.पा | १२ | १०९ | ८४.६५ वर्ग मिटर |
| ६३. | रुपन्देही | बुटवल न.पा | १२ | १११ | २२९.५५ वर्ग मिटर |
| ६४. | रुपन्देही | बुटवल न.पा | १२ | ४४ | १९८.९३ वर्ग मिटर (घर समेत) |
| ६५. | रुपन्देही | बुटवल न.पा | १२ | ११२ | १६२.२० वर्ग मिटर |
| ६६. | रुपन्देही | बुटवल न.पा | १२ | ५० र ११० | क्रमश: ९७.९२ र ५९.४० वर्ग मिटर (घर समेत) |
| ६७. | नवलपरासी(बर्दघाट सुस्ता पश्चिम) | बझहवा गा.वि.स | ८ | २९७ र ४५४ | क्रमश: १-०-०-० र २-९-१६-० विघा(घर समेत) |
| ६८. | सुर्खेत | जर्बुटा गा.वि.स | ४क | ३२०३ | १०८०६.८३ वर्ग मिटर |
| ६९. | बर्दिया | वगनाहा गा.वि.स | ८क | ६५९ | ०-११-१९.७५ विगाहा |
| ७०. | रुपन्देही | सिद्धार्गनगर न.पा | १ | २८३, २८४, २४० र ६३३ | ०-१-५, ०-१-०, ०-१-० र ०-१-० रोपनी |
| ७१. | रुपन्देही | हाटिवनगाई | ४क | ११२१ | १६९.३२ वर्ग मिटर |
| ७२. | रुपन्देही | हाटिवनगाई | ४क | ११२८ | १६९.३२ वर्ग मिटर(घर समेत) |
| ७३. | रुपन्देही | बसन्तपुर गा.वि.स | २ख | १०६१, ८९८, ५८, ९७३, ९७२, ५६२, ५६३, ४३, ७३१, ४८, ४९, ४० र ४२ | क्रमश: ०-०-५.५, ०-०-७.५, ०-१-२, ०-०-१९.५, ०-०-१९.५, ०-१-५, ०-१-५, ०-२-१, ०-१-०, ०-०-११, ०-१-२, ०-१-१९ विघा र २५३.९४ वर्ग मिटर |
| ७४. | रुपन्देही | बसन्तपुर गा.वि.स | २ख | ५०, ५१ र ७३२ | ०-०-०-११, , ०-०-७-० र ०-१-०-० विघा |
| ७५. | रुपन्देही | बसन्तपुर गा.वि.स | २ख | ८२३ | ०-२-५ विघा |
| ७६. | रुपन्देही | बसन्तपुर गा.वि.स | २ख | ११११ र १११२ | ०-१-१७.२५ र ०-१-८.५ विघा |
| ७७. | रुपन्देही | मधुवनी गा.वि.स | ६ | ७१३ र ७१४ | ०-३-७ र ०-१-१७ विघा |
| ७८. | रुपन्देही | धकधई गा.वि.स | ३ | १५९, १४४ र १४५ | ०-१-१६, ०-१-१४ र ०-१-१० विघा |
| ७९. | रुपन्देही | सिद्धार्गनगर न.पा | ६ | १०७ | २२४ वर्ग मिटर |
| ८०. | रुपन्देही | हाटिवनगाई गा.वि.स | ७ | १५७० र १२८९ | ०-०-६ र ०-२-११ विघा |
| ८१. | रुपन्देही | बसन्तपुर गा.वि.स | २ | ७५१ | ०-१-८ विघा |
| ८२. | रुपन्देही | बसन्तपुर गा.वि.स | २ | ७३५ | ०-०-८ विघा |
| ८३. | रुपन्देही | बसन्तपुर गा.वि.स | २ | ७३१ | ०-१-७ विघा (घर समेत) |
| ८४. | रुपन्देही | बसन्तपुर गा.वि.स | २ | ७१३ | ०-०-१.५ विघा |
| ८५. | रुपन्देही | बसन्तपुर गा.वि.स | २ | ५६७ | ०-०-९ विघा |
७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पत्ति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पत्ति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च र लाग्ने भए लाभकर समेत सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।
८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वत: जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको शाखा कार्यालय इटहरी, सुनसरीबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।
९. धितो सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।
१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय इटहरी, सुनसरीमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

## बुढानिलकण्ठ हेरिटेज लिमिटेड को छैठौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**आदरणीय शेयरधनीमहानुभावज्यू,**

बुढानिलकण्ठ हेरिटेज लिमिटेडको मिति २०८१।०७।२१ गते बुधबार बसेको सञ्चालक समितिको ११४औं बैठकको निर्णयानुसार देहायका विषयहरुमा छलफल तथा निर्णय गर्न निम्न लिखित मिति, समय र स्थानमा यस कम्पनीको छैठौं वार्षिक साधारणसभा बस्ने भएकोले कम्पनी ऐन, २०६३ को दफा ६७ (२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध गरिन्छ ।

**छैठौं वार्षिक साधारण सभा बस्ने मिति, स्थान र समय**

**मिति :** २०८१ साल मंसिर १४ गते शुक्रबार
**स्थान :** कम्पनीको रजिष्टर्ड कार्यालय
**समय :** अपरान्ह ०४:०० बजे

**(क) सामान्य प्रस्तावहरु**

१. आ.व. २०८०/०८१ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तको बासलात, सोही मितिमा समाप्त भएको आ.व.२०८०/०८१ को नाफा नोक्सान हिसाब, सोही अवधिको नगद प्रवाह बिवरण लगायतका वित्तीय विवरणहरु सहित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८१/०८२ को लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिस मुताबिक लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तथा नियुक्तिका शर्तहरु तोक्ने ।
४. सञ्चालक समितिको तर्फबाट आ.व. २०८०।०८१ मा गरेका निणर्यहरु अनुमोदन गर्ने ।

**(ख) विशेष प्रस्तावहरु :**

१. कम्पनीको अधिकृत पूंजी तथा जारी पूंजी बृद्धि गर्ने सम्बन्धमा ।
२. कम्पनीको प्रबन्धपत्रको दफा ६ को उपदफा (१), (२), (३), (४) र (५) र नियमावलीको नियम ५ संशोधन गर्ने सम्बन्धमा ।
३. हाल कायम रहेको चुक्ता पूंजी रु.८५ करोडको २९.५६ प्रतिशतका दरले हुन आउने हकप्रद शेयर साविकको शेयरधनिहरुलाई मात्र विक्री गर्ने सम्बन्धमा ।
४. धितोपत्रको प्रारम्भिक सार्वजनिक निष्काशन (IPO) गर्ने सम्बन्धमा ।
५. कम्पनीको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने क्रममा नियमनकारी निकायबाट प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक थपघट, परिवर्तन वा संशोधनको निर्देशन भएमा सोही बमोजिम थपघट, परिवर्तन वा संशोधन गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।

**(ग) विविध ।**

**बुढानिलकण्ठ हेरिटेज लिमिटेड**
**का.जि.बुढानिलकण्ठ न.पा. वडा नं १**
**फोन नं. ०१-५९००९२७, ०१-५९००९२८**
**ईमेल :** finance.budhanilkanthaheritage@gmail.com

## VACANCY ANNOUNCEMENT

**Deurali-Janta** is one of the leading Pharmaceuticals companies in Nepal. We manufacture and market high quality medicines including **General Products, Cardiac, Diabetics, Dermatological** and other products.

**1. Human Resources Manager: 1 Nos.**
**Position Available: Human Resources Manager**
We are looking for an HR Manager to lead our human resources function. Candidates should have a Bachelor's or Master's degree in Human Resources, Business Administration, or a related field. A minimum of 13 years of industry experience, **in large multinational organizations**, is required. We may prioritize candidates who have significant HR experience over educational qualifications. Responsibilities include overseeing recruitment, employee relations, and HR policies.

**2. Injectable Product R&D Scientist: 1 Nos.**
**Position Available: Injectable Product R&D Scientist**
We are hiring an experienced R&D Scientist with a focus on injectable products. Candidates should possess a Master's degree in Pharmacy, Chemistry, or a related field, with at least 15 years of experience, **in large multinational organizations**, in pharmaceutical research and development. However, candidates with extensive industry experience may be considered even if they lack full educational credentials. Responsibilities include leading R&D projects, optimizing formulations, and ensuring regulatory compliance.

**3. Finance Manager with Expertise in Implementing SAP: 1 Nos.**
**Position Available: Finance Manager (SAP Implementation)**
We are seeking a Finance Manager with specialized experience in SAP implementation. The ideal candidate should have a Bachelor's degree in Finance, Accounting, or a related field, with at least 15 years of relevant experience, **in large multinational organizations.** Candidates with substantial hands-on experience in SAP may be considered even if they lack the full educational requirements. Responsibilities include leading the transition to SAP Business One, training staff, and ensuring smooth system integration

Deadline: Mangsir 1st, 2081 (November 16, 2024)

**Deurali-Janta Pharmaceuticals Pvt. Ltd.**
Buddhanilkantha Road, Bansbari, G.P.O. Box: 4239, Kathmandu, Nepal
E-mail: vacancy.djpl@gmail.com

# माथिल्लो मुस्ताङमा स्वास्थ्य शिविर सञ्चालन

काठमाडौं । अरनिको समाज नेपाल, ल्होघर दामोदर कुण्ड गाउँपालिका र तिब्बत स्वशासित क्षेत्र विदेश राष्ट्रहरूसँग जनमैत्री संघको संयोजनमा माथिल्लो मुस्ताङमा दुई दिने निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिएको छ ।

गाउँपालिकाको चराङ र घमीमा सञ्चालन गरिएको शिविरमा करीब चार सय ५० जनाको स्वास्थ्य परीक्षण गरिएको थियो । स्वास्थ्य शिविरमा चीनबाट आएका चिकित्सकसहित आधुनिक चिकित्सा पद्धति र परम्परागत सोवारिग्पा उपचार पद्धतिका १६ जना चिकित्सकले स्वास्थ्य सेवा दिएका थिए भने बिरामीलाई औषधि पनि निःशुल्क वितरण गरिएको थियो ।

**चराङ र घमीमा सञ्चालन गरिएको शिविरमा करीब चार सय ५० जनाको स्वास्थ्य परीक्षण गरिएको थियो ।**

सो अवसरमा स्त्रीरोग, बालरोग, हाडजोर्नी, पेट तथा कलेजो, हेपाइटाइएटिस 'बी' र 'सी', पिसाबसम्बन्धी, पाठेघरको क्यान्सर, नशासम्बन्धी तथा दन्तरोगको परीक्षण गरिएको कुनफेन क्लिनिकका निर्देशक डा. नीमाछिरिङ नेपालीले जानकारी दिए ।

विगत ६ वर्षदेखि देशका विभिन्न हिमाली जिल्लामा बसोबास गर्ने बासिन्दालाई लक्षित गरी चीनबाट समेत चिकित्सक झिकाएर बिरामीको निःशुल्क स्वास्थ्य परीक्षण तथा दीर्घ रोगीलाई औषधि वितरण गर्ने गरिएको र यसबाट दुई देशबीचको सम्बन्धलाई जनस्तरमा पुर्‍याउन मद्दत पुगेको अरनिको समाजका कोषाध्यक्ष डा.सुशील प्रजापतिले बताए । उनका अनुसार समाजको अग्रसरतामा यसअघि रसुवा, मुस्ताङ, सिन्धुपाल्चोक र दोलखाका विभिन्न स्थानमा यस्ता शिविर सञ्चालन गरिएको र आगामी दिनमा पनि यसलाई निरन्तरता दिइनेछ । *रासस*



तस्वीर : रासस

राप्ती राजमार्गअन्तर्गत पर्ने रुकुम पश्चिमको मुसिकोट नगरपालिका– ११ र १२ लाई जोड्ने निर्माणाधिन पितिवाङ खोला मोटरेबल पुल । पाँच वर्षदेखि यो पुलको निर्माण कार्य अलपत्र छाडिएको छ ।

# ‘दलितमैत्री जलवायु परिवर्तनसम्बन्धी कानून आवश्यक’




काठमाडौं । जलवायु परिवर्तनसम्बन्धी ऐन, कानून र विनियमावली दलितमैत्री हुनुपर्नेमा सांसदहरूले जोड दिएका छन् । समता फाउण्डेशनले ‘जलवायु परिवर्तन र त्यसले सीमान्तकृत समुदायमा पारेको प्रभाव’ विषयमा गरेको अन्तरक्रियामा सांसदहरूले राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ लगायत जलवायुसम्बन्धी अन्य नीतिलाई संशोधन गरी दलित समुदायमैत्री बनाउनुपर्नेमा जोड दिए ।

नेपाली कांग्रेसका सहमहामन्त्री तथा प्रतिनिधिसभा सदस्य जीवन परियारले दलितसम्बन्धी एकीकृत कानून निर्माण गर्नुपर्ने र त्यसका लागि सकारात्मक दबाब आवश्यक रहेको बताए ।

राष्ट्रियसभा सदस्य पदमबहादुर परियारले दलित समुदायको आर्थिक, सामाजिक, राजनीतिक र शैक्षिक अधिकारको कार्यान्वयनसँगै सदियौंदेखि भोग्दै आएको जातीय भेदभाव तथा छुवाछुतको समस्यालाई सरकारले एकीकृत कानून बनाएर समाधान गर्नुपर्नेमा जोड दिए ।

त्यस्तै, सांसद विष्णु विकले संविधान बनेको नौ वर्ष हुँदा पनि दलित समुदायको संवैधानिक अधिकारको कार्यान्वयन हुन नसकेकामा ध्यानाकर्षण गराउँदै अब कानून बनाएर त्यसको प्रभावकारी कार्यान्वयनको लागि सरकारसँग आग्रह गरिन् ।

सांसद हर्कमाया विश्वकर्माले संवैधानिक व्यवस्थाअनुसार कार्यपालिका (सरकार), व्यवस्थापिका (संसद्) र न्यायपालिका (अदालत) मा दलित समुदायको समान सहभागिताको माग गरिन् ।

फाउण्डेशनका अध्यक्ष डा मदनप्रसाद परियारले जातिय भेदभाव तथा अन्य सामाजिक छुवाछुत र भेदभाव (कसूर र सजाय) ऐन, २०६८ को प्रभावकारी कार्यान्वयन हुनुपर्नेमा जोड दिए ।

फाउण्डेशनका सञ्चालक समिति सदस्य तथा पूर्वराजदूत पदम सुन्दासले प्राप्त संवैधानिक अधिकारको कार्यान्वयनसँगै थप अधिकारका लागि दलित समुदाय एकजुट भएर अगाडि बढ्नुपर्ने आवश्यकता औंल्याए । *रासस*

# बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा ‘फ्लो साइटोमेट्री’ सेवा शुरू

चितवन । यहाँको बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा रक्त क्यान्सर भएका बिरामीको प्रकार परीक्षण शुरू गरिएको छ । यसअघि नमुना बाहिर पठाईंदै आएकोमा उपकरण खरीद गरेर यहीँ परीक्षण शुरू गरिएको हो । अस्पतालका उपनिर्देशक डा. उमेश नेपालका अनुसार रक्त क्यान्सरका प्रकार परीक्षण गर्ने फ्लो साइटोमेट्री सेवा शुरू गरिएको हो । यसका लागि आवश्यक पर्ने उपकरण रू. १ करोड ५० लाखमा खरीद गरेर जनशक्तिलाई तालीम दिएपछि सेवा शुरू गरिएको हो ।

उनका अनुसार एकजना डाक्टर र एकजना प्राविधिकलाई भारतको टाटा मेमोरियल क्यान्सर अस्पतालमा तालीमका लागि पठाइएको थियो । तालीमप्राप्त जनशक्ति र उपकरण आएसँगै सेवा शुरू गरिएको उनले जानकारी दिए । अस्पतालका कार्यकारी निर्देशक डा. शिवजी पौडेलका अनुसार यसअघि यो परीक्षण धेरै भारत पठाउने गरिन्थ्यो । केही नमुना काठमाडौं जाने गर्दथ्यो । नतीजा आउन १५ दिनभन्दा बढी समय लाग्ने गरेकोमा अहिले पाँच दिनमा नतीजा आउने गरेको उनले जानकारी दिए । बाहिर पठाउँदा रू. ३० हजारभन्दा बढी खर्च हुने गरेकोमा यहाँ परीक्षण हुँदा १२ हजार रुपैयाँ मात्रै लाग्ने गर्दछ । अस्पतालमा रक्त क्यान्सरका बिरामी धेरै हुने भएकाले बिरामीलाई सहज भएको छ ।

**अस्पतालका उपनिर्देशक डा. उमेश नेपालका अनुसार रक्त क्यान्सरका प्रकार परीक्षण गर्ने फ्लो साइटोमेट्री सेवा शुरू गरिएको हो ।**

उनले भने, ‘छिटो रोग पहिचान गर्न पनि सहज भएको छ ।’ कार्यकारी निर्देशक डा. पौडेलले अस्पतालका सेवा विस्तार गर्ने कार्यमा आफू लागिरहेको बताए । अस्पतालमा थन्किएर बसेको सिटिस्क्यान मर्मत गरेर सञ्चालनमा ल्याइएको छ भने लामो समयदेखि रोकिएको मेमोग्राम सेवा छिट्टै सञ्चालनमा ल्याइँदै छ । *रासस*

## छात्रावास (होस्टेल)को अभिलेखीकरण शुरू

काठमाडौं । काठमाडौं महानगरपालिका (कामपा)ले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेको छात्रावास (होस्टेल)को अभिलेखीकरण शुरू गरेको छ । महानगर शिक्षा विभागका अनुसार अभिलेखीकरणपश्चात् छात्रावास थप व्यवस्थित, मर्यादित सुरक्षित र पारदर्शी बनाइने छ ।

विभागका प्रमुख गोविन्दप्रसाद शर्माका अनुसार ‘छात्रावास सञ्चालनसम्बन्धी मापदण्ड २०८०’ जारी भएबमोजिम सोही मापदण्डको दफा (३) मा व्यवस्था भएअनुसार छात्रावास सञ्चालनका लागि महानगरसँग स्वीकृत लिनुपर्ने व्यवस्था छ ।

सोही व्यवस्थाअनुसार अनुगमन समितिबाट अनुगमनका क्रममा नियमअनुसार मापदण्ड पूरा भएको छ वा छैन अध्ययन समेत गर्ने प्रमुख शर्माको भनाइ छ । अभिलेखीकरण गर्न तत्कालीन जिल्ला शिक्षा कार्यालयबाट अनुमति लिई वा वडामा व्यवसाय दर्ता गरी सञ्चालन भएका छात्रावासहरुले विवरण पेस गर्नुपर्नेछ ।

प्रचलिन कानूनबमोजित अनुमति नलिई सञ्चालन भएको पाइएमा कानुनबमोजिम कडा कारबाही गरिने विभागले जनाएको छ । नियमअनुसार छात्रावास सञ्चालनका लागि प्रचलित कानूनअनुसार दर्ता भई नेपालीपन झल्कने गरी नाम राख्नुपर्नेछ । सञ्चालनको जिम्मेवारी लिएको व्यक्तिबारे उल्लेख हुनुपर्ने, भौतिक संरचना भाडामा हो की आफ्नो स्पष्ट उल्लेख गर्नुपर्ने, भान्साको व्यवस्था कस्तो छ उल्लेख हुनुपर्ने, खेलकुद मैदानको व्यवस्थाबारे खुलाउनुपर्ने, खानेपानीको अवस्था, स्थान घर वा शौचालयबारे बताउनुपर्ने उल्लेख छ ।

कामपाले बिदाको समय उपयोग गरेर शैक्षिक नतीजा सुधारका लागि सहयोगका लागि आवश्यक हुने कार्य सञ्चालन गर्ने जनाएको छ । भर्खरै सकिएको नेपालीको महान् चाड दशैं, तिहारको बिदाको समयमा पनि कामपाले विभिन्न शैक्षिक गतिविधि गरेको थियो ।

यस्तै कार्यलाई निरन्तता दिने कामपाको भनाइ छ । प्रयोगात्मक तथा रचनात्मक सिकाइ, खेल र मनोरञ्जनका माध्यमबाट विद्यार्थीलाई शैक्षिक अभिरुचिमा प्रोत्साहन गर्नु मेलाको उद्देश्य रहेको कामपा शिक्षा विभागको भनाइ छ । *रासस*

**कृषि विकास बैंक लि.**
**जनशक्ति व्यवस्थापन विभाग**
**मुख्य कार्यालय, काठमाण्डौ**

**वैकल्पिक उम्मेदवारहरूलाई नियुक्तिको लागि सिफारिस गरिएको सूचना**

**(सूचना प्रकाशन मितिः २०८१/०७/२४)**

यस बैंकको पदपूर्तिका लागि लोक सेवा आयोगबाट संचालित खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षामा सफल भई अन्तर्वार्तामा सम्मिलित उम्मेदवारहरुको लिखित परीक्षा र अन्तर्वार्ताको कुल प्राप्ताङ्कका आधारमा पदपूर्ति समितिको निर्णयानुसार नियुक्तिका लागि सिफारिस भएका मध्ये रिक्त भएको पदमा पदपूर्ति समितिको मिति २०८१/०७/२३ गतेको निर्णयानुसार **वैकल्पिक उम्मेदवारलाई नियुक्तिको लागि सिफारिस गरिएको सूचना** बैंकको Website (www.adbl.gov.np) मा मिति २०८१/०७/२४ गते प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र. सं. | विज्ञापन नं. | तह | पद | सेवा | सिफारिस समूह | बैकल्पिक योग्यताक्रमबाट सिफारिस पद संख्या |
|---|---|---|---|---|---|---|
| १. | १७/२०७९-८० | ७ | वरिष्ठ लेखा अधिकृत (सि.ए.) | प्रशासन | महिला | १ |
| २. | १९/२०७९-८० | ६ | व्यवसाय अधिकृत | प्रशासन | आ.ज. | १ |

**सदस्य सचिव**
**पदपूर्ति समिति**
**कृषि विकास बैंक लि.**





**स्वर्णिम सौगात बचत तथा ऋण सहकारी संस्था**
**Swornim Saugat Saving and Credit Cooperative Limited**
हनुमानघाट, कीर्तिपुर–९, काठमाडौं, फोन नं. ०१४३३०५६०
Email-swornimsaugatsavinga@yahoo.com

**ऋण चुक्ता गर्न आउने १५ दिने अत्यन्त जरुरी सार्वजनिक सूचना**

**(तेस्रो पटक प्रकाशित मिति २०८१ कार्तिक २५ गते आइतबार अभियान राष्ट्रिय दैनिक)**

यस स्वर्णिम सौगात बचत तथा ऋण सहकारी संस्था लि. बाट तपशिलमा उल्लेखित ऋणीहरुले ऋण शिर्षक अन्तर्गत उपभोग गर्नुभएको ऋण तोकीएको समयावधि भित्र सावाँ तथा ब्याज नबुझाई ऋण सम्झौताका शर्तहरुको उल्लघंन गर्नुभएको साथै संस्थाले पटक पटक ऋणको शर्त अनुरुप ऋणको साँवा, ब्याज तथा हर्जना लगायतका शुल्क यथा शीघ्र बुझाई ऋण नियमित गर्न मौखिक रुपमा अनुरोध गर्दा ऋण चुक्ता नभएको र लिखित पत्रद्धारा विभिन्न मितिमा तरताकेता गर्दा समेत ऋण चुक्ता नगरेको साथै मिति २०८० साल चैत्र १३ गते मंगलबार प्रथम पटक ऋण चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरुरी सार्वजनिक सूचना यसै राष्ट्रिय दैनिकीमा प्रकाशित गरियो तापनि ऋणीहरुले ऋण चुक्ता गर्न कुनै पनि चासो नदेखाएकोले मिति २०८१ साल असार ७ गते शुक्रबार दोस्रो पटक ऋण चुक्ता गर्न आउने बारे १५ दिने अत्यन्त जरुरी सार्वजनिक सूचना पनि यसै राष्ट्रिय दैनिकीमा प्रकाशित गरी ताकेता गर्दा समेत बेवास्था गरीएकोले तपशिलमा उल्लेखित घरजग्गाहरु लिलाम बिक्रिको लागि धितो लिलामीको सार्वजनिक सूचना प्रकाशन गर्नु पूर्व सहकारी मुल्य तथा मान्यतालाई ध्यानमा राखी फेरी पनि अन्तिम पटक ऋण चुक्ता गर्न आउने यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको १५ दिन भित्र ऋणीहरुले संस्थाको कार्यलयमा कार्यलय समयभित्र आएर सम्पुर्ण ऋण चुक्ता गर्न अनुरोध गर्दछौं र यदि तोकीएको समयमा ऋण चुक्ता नभएको खण्डामा १५ दिन पछि लगतै संस्थाले ३५ दिने धितो लिलामीको अर्को सूचना पनि प्रकाशित गर्ने तथा धितो सुरक्षणमा रहेको चलअचल सम्पति सहकारी ऐन २०७४ को दफा ७९, ८३ र ८४ बमोजिम र नियमावली २०७५ को नियम ३० र ३२ ले दिएको अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो लेना रकम असुलउपर गरी लिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो सम्पति लिलामबिक्री गर्दा समेत संस्थाको सम्पूर्ण लेना रकम असूलउपर नभएमा सहकारी ऐन २०७४ र सोको नियमावली तथा प्रचलित कानुन अनुसार अन्य जायजेथा श्री सम्पतिबाट असुलउपर गरिनेछ तथा नियमावली २०७५ को नियम ३८ बमोजिम कालो सुचीमा समेत ऋणीहरुको नाम समावेश गर्ने पनि यसै सूचना द्धारा जानकारी गराउँदछौं ।

**तपशिल**

| क.स. | ऋणीहरुको विवरण | | | |
|---|---|---|---|---|
| १ | **कर्जा शिर्षक : ब्यापारीक कर्जा (संयुक्त नाममा लिएको ऋणीहरुको विवरण)** | **फोटो** | | **फोटो** |
| | **नाम : जुजुकाजी ज्याख्वा**<br>बाबुको नाम : बाबुकाजी ज्याख्वा<br>बाजेको नाम/पतिको नामः सागर ज्याख्वा<br>ठेगाना : भक्तपुर, वडा नं. १<br>हालको ठेगाना : का.म.पा. ट्याङ्गलाफाँट, वडा नं १४<br>ना.प्र.नं. ७७५८<br>जारी मिति र जिल्ला : २०४२/१२/२५, भक्तपुर |  | **पद्म शोभा बज्राचार्य**<br>गुजे रत्न बज्राचार्य<br>जुजुकाजी ज्याख्वा<br>भक्तपुर, वडा नं. ४<br>का.म.पा. ट्याङ्गलाफाँट ,वडा नं १४<br>३२/७६३<br>२०४८/०६/१४, भक्तपुर |  |
| | **धितो सुरक्षण विवरण** | | | |
| | जुजुकाजी ज्याख्वा र पद्म शोभा बज्राचार्य को संयुक्त मोही कायम भई काठमाडौं गुठी तहसिल शाखा कार्यालयमा बाग भैरब गुठीका नाममा रहेको हाल कीर्तिपुर वडा नं. १, सिट नं. १०२/११४२-१२ , कित्ता नं. ९९, क्षेत्रफल १३८.४० वर्ग मिटर जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | | | |
| २ | **कर्जा शिर्षक : ब्यापारीक कर्जा** | **फोटो** | **धनजमानीको विवरण** | **फोटो** |
| | **नाम : बाला मैया महर्जन**<br>बाबुको नाम : लैन मान महर्जन<br>बाजेको नाम : नरमान महर्जन<br>पतिको नाम : बुद्ध महर्जन<br>ठेगाना : कीर्तिपुर, वडा नं. ७<br>ना.प्र.नं. २५८/०४५/१७७<br>जारी मिति र जिल्ला : २०४५/०१/२१, काठमाडौं |  | **नाम : रबिन्द्र महर्जन (एकाघर परीवारका जेठा छोरा)**<br>ठेगाना : कीर्तिपुर, वडा नं. ७<br>बाबुको नाम : बुद्ध महर्जन<br>आमाको नाम : बाला मैया महर्जन |  |
| | **धितो सुरक्षण विवरण** | | | |
| | बाला मैया महर्जनको नाममा मालपोत कार्यालय कलंकीमा दर्ता रहेको कीर्तिपुर वाहिरीगाउँ साबिक वडा नं. ५ (ग) हाल कीर्तिपूर न.पा. वडा नं. ७ अन्तर्गत पर्ने कित्ता नं. ४९ र २९, क्षेत्रफल ३४९/७६ वर्ग मिटर.(११ आना) र क्षेत्रफल ९५/३९वर्ग मिटर (३ आना) का घरजग्गाहरु र सो घरजग्गाहरुले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | | | |

**नबिल बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना**

**(प्रकाशित मिति : २०८१/०७/२५)**

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता ब्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

| | तपसिल |
|---|---|
| १ | **ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण (राजविराज शाखा, सप्तरी)** |
| | साझेदारी/ प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम प्रदेश सरकार, प्रदेश नं. २, नेपाल, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, सप्तरी राजविराजमा मिति २०७८/०३/१८ मा सा.प्रा.फ.र.नं. ८९९८/०७७/०७८ अन्तर्गत दर्ता भएको **गुलसन जेनरल स्टोर ।**<br>ठेगाना : सप्तरी जिल्ला, राजविराज न.पा. वडा नं. ९ ।<br>**ऋणी फर्मका प्रोप्राइटरः**<br>दिल महमद मियाँकी छोरी इस्माइल मियाँकी बुहारी रसुल मियाँकी श्रीमती सप्तरी जिल्ला, मलेठ गा.वि.स. वडा नं. ७ स्थायी घर भई हाल सप्तरी जिल्ला, राजविराज न.पा. वडा नं. ९ बस्ने, ना.प्र.नं. ५२०७ (जारी मितिः २०५७/११/११, स्थान सप्तरी) भएकी **गुलसन खातुन ।** |
| | **व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण** |
| | इस्माइल मियाँको नाति रसुल मियाँको छोरा सप्तरी जिल्ला, राजविराज न.पा. वडा नं. ९ बस्ने, ना.प्र.नं. १६-०१-७४-०४०५९ (जारी मिति २०७४/०४/१२, स्थान सप्तरी) भएका **मो. अनवारुल ।** |
| | **धितोको विवरण** |
| | सप्तरी जिल्ला, मलेठ गा.वि.स. वडा नं. ७ स्थायी घर भई हाल सप्तरी जिल्ला, राजविराज न.पा. वडा नं. ९ बस्ने, **गुलसन खातुन**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सप्तरी जिल्ला, मलेठ गा.वि.स. वडा नं. ७, नक्सा सीट नं ७क मा अवस्थित कि.नं. ११५६ क्षेत्रफल ०-०-८-० विघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत । |
| २ | **ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण (राजविराज शाखा, सप्तरी)** |
| | साझेदारी/ प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम प्रदेश सरकार, प्रदेश नं. २, नेपाल, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, सप्तरी राजविराजमा मिति २०७८/०५/३१ मा सा.प्रा.फ.र.नं. ९३८१/०७८/७९ अन्तर्गत दर्ता भएको **शिवम विज भण्डार ।**<br>ठेगाना : सप्तरी जिल्ला, राजविराज न.पा. वडा नं. १० ।<br>**ऋणी फर्मका प्रोप्राइटरः**<br>राजेन्द्र चौधरी कैथलबैसकी छोरी बुचाई दास कथवनियाकी बुहारी हंसराज दास कथवनियाकी श्रीमती सप्तरी जिल्ला, बसविट्टी गा.वि.स. वडा नं. ८ स्थायी घर भई हाल सप्तरी जिल्ला, रुपनी गा.पा. वडा नं. ६ बस्ने, ना.प्र.नं. १६३०५९/२४३ (जारी मितिः २०६३/१०/१२, स्थान सप्तरी) भएकी **उरमिला देवी दास ।** |
| | **व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण** |
| | १. मंगल दासको नाति सखिचन दासको छोरा सप्तरी जिल्ला, बसविट्टी गा.प. वडा नं. ८ स्थायी घर भई हाल सप्तरी जिल्ला, रुपनी गा.पा. वडा नं. ६ बस्ने, ना.प्र.नं. ७७६२२६६४ (जारी मिति २०४२/१/१४, स्थान सप्तरी) भएका **बुचाई दास कथवनिया ।**<br>२. सखिचन दासको नाति बुचाई दास कथवनियाको छोरा सप्तरी जिल्ला, बसविट्टी गा.प. वडा नं. ८ स्थायी घर भई हाल सप्तरी जिल्ला, रुपनी गा.पा. वडा नं. ६ बस्ने, ना.प्र.नं. ७९०३३३४० (जारी मिति २०४६/१/१३, स्थान सप्तरी) भएका **हंसराज दास कथवनिया ।**<br>३. बुचाई दास कथवनियाको नाति हंसराज दास कथवनियाको छोरा सप्तरी जिल्ला, बसविट्टी गा.वि.स. वडा नं. ८ स्थायी घर भई हाल सप्तरी जिल्ला, रुपनी गा.पा. वडा नं. ६ बस्ने, ना.प्र.नं. १६३०५९/११ (जारी मिति २०७०/०२/२८, स्थान सप्तरी) भएका **शिव कुमार दास ।**<br>४. बुचाई दास कथवनियाको नाति हंसराज दास कथवनियाको छोरा सप्तरी जिल्ला, बसविट्टी गा.वि.स. वडा नं. ८ स्थायी घर भई हाल सप्तरी जिल्ला, रुपनी गा.पा. वडा नं. ६ बस्ने, ना.प्र.नं. १६३०५९/१८ (जारी मिति २०७०/२/२९, स्थान सप्तरी) भएका **राज कुमार दास ।** |
| | **धितोमा रहेको घर/जग्गाको विवरण** |
| | १. सप्तरी जिल्ला, बसविट्टी गा.वि.स. वडा नं. ८ स्थायी घर भई हाल सप्तरी जिल्ला, रुपनी गा.पा. वडा नं. ६ बस्ने, **बुचाई दास कथवनिया**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सप्तरी जिल्ला, बसविट्टी गा.वि.स. वडा नं. ८, नक्सा सीट नं ८ मा अवस्थित कि.नं. २३८ क्षेत्रफल ०-०-१० विघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।<br>२. सप्तरी जिल्ला, बसविट्टी गा.वि.स. वडा नं. ८ स्थायी घर भई हाल सप्तरी जिल्ला, रुपनी गा.पा. वडा नं. ६ बस्ने, **हंसराज दास कथवनिया**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सप्तरी जिल्ला, बसविट्टी गा.वि.स. वडा नं. ८, नक्सा सीट नं ८ मा अवस्थित कि.नं. ४२६ क्षेत्रफल ०-०-५ विघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।<br>३. सप्तरी जिल्ला, बसविट्टी गा.वि.स. वडा नं. ८ स्थायी घर भई हाल सप्तरी जिल्ला, रुपनी गा.पा. वडा नं. ६ बस्ने, **शिव कुमार दास**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सप्तरी जिल्ला, बसविट्टी गा.वि.स. वडा नं. ८, नक्सा सीट नं ८ मा अवस्थित कि.नं. ४२७ क्षेत्रफल ०-०-५-० विघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत । |
| ३ | **ऋणीको नाम र ठेगानाको विवरण (कमलविनायक शाखा, भक्तपुर)** |
| | केदार थपलियाकी छोरी, बालानन्द शिवाकोटीकी बुहारी रमेश शिवाकोटीकी श्रीमति दोलखा जिल्ला, सुनखानी गा.वि.स वडा नं. ०९ बस्ने, ना.प्र.नं. २२२१०१७-१७३ (जारी मिति :२०६७/१०/२५, स्थान दोलखा) भएकी **रमा शिवाकोटी ।** |
| | **व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण** |
| | कासीनाथ शिवाकोटीको नाति बालानन्द शिवाकोटीको छोरा दोलखा जिल्ला, सुनखानी गा.वि.स वडा नं. ०९ बस्ने, ना.प्र.नं. २२३२४६४/५१६१ (जारी मिति २०६०/०९/०८, स्थान दोलखा) भएका **रमेश शिवाकोटी ।** |

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

मेची भन्सार कार्यालय

# १० वर्षमा ६६ करोडको सामग्री बरामद

झापा । मेची भन्सार कार्यालयले एक दशकमा चोरी पैठारी र निकासी भएको रू. ६६ करोड १३ लाख आठ हजार आठ सय २५ बराबरको मालवस्तु बरामद गरेको छ । उक्त मूल्य बराबर मालवस्तु आर्थिक वर्ष २०७१/७२ देखि आर्थिक वर्ष २०८०/८१ सम्मको बरामद भएको हो ।

भन्सार कार्यालयका अनुसार चोरी पैठारी हुने मुख्य मालवस्तुमा रेडिमेड कपडाअन्तर्गत सारी, कुर्ती थान कपडासमेत गरी भाडा वर्तन, किराना सामग्री, मोबाइल, सुर्ती/खैनी रहेका छन् । निकासीतर्फ गाई, बाछा, बाख्रा, सुपारी रहेका छन् ।

यसरी बिल बिजक नभएका निकासी पैठारी भएका मालवस्तु नेपाल प्रहरी, सशस्त्र प्रहरी र भन्सार कार्यालयले बरामद गरेको कार्यालयका नायब सुब्बा किशोर आचार्यले बताए । 'यसरी चोरी निकासी र पैठारी भएको मालवस्तुसँग सम्बन्धित गत एक दशकको समयमा पाँच हजार एक सय ८३ ओटा भन्सार कार्यालयमा मुद्दा दर्ता भएका छन्,' उनले भने ।

प्रमुख भन्सार अधिकृत राजेन्द्रप्रसाद चुडालका अनुसार तिहारको समयमा भन्सारबाट प्लास्टिकका माला तथा फूल ल्याउन पूर्ण रूपमा प्रतिबन्ध लगाए पनि बजारमा सबैतिर उपलब्ध थिए ।

'भन्सारबाट एउटा प्लास्टिकको माला पनि नआउँदा बजारमा कहाँबाट त्यति ठूलो परिमाणमा माला आयो यो सबै अवैध रुपमा पैठारी भएको हो,' उनले भने । भारतसँगको खुला सीमाका कारण दैनिक रूपमा मालवस्तु अवैध रूपमा निकासी पैठारी हुने गरेको प्रमुख भन्सार अधिकृत चुडालको भनाइ छ । *रासस*



## ब्लु चिप सेक्युरिटिज लिमिटेडको
### वार्षिक साधारण सभा सम्बन्धी सूचना

ब्लु चिप सेक्युरिटिज लिमिटेडको सञ्चालक समितिको मिति २०८१/०६/२९ को निर्णयानुसार निम्न लिखित मिति, स्थान र समयमा देहायका विषयहरुमा छलफल गर्नको लागि कम्पनीको बार्षिक साधारण सभा बोलाइएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार शेयरधनी महानुभावहरुलाई जानकारी गराउँदै उल्लिखित सभामा सहभागि भईदिनु हुन अनुरोध गर्दै यो सूचना प्रकाशित गरिएको छ ।

**मिति, स्थान तथा समय**

मिति : २०८१।०८।२१ गते, शुक्रबार (तदनुसार ०६ डिसम्बर २०२४)

स्थान : स्मार्ट महल, धुम्बाराही, काठमाण्डौं

समय : दिनको ३:०० बजे.

**छलफलका विषयहरु:**

१. सञ्चालक समितिको प्रतिवेदन २०८०/८१ पारित गर्ने,

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा सोही मितिमा समाप्त आ.व. २०८०/८१ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु स्वीकृत गर्ने,

३. आ.ब. २०८१/८२ (२०२४/२५) को लागि लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने,

४. विविध

वि.सं. २०८१ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण, सोही मितिमा समाप्त आर्थिक वर्षको नाफा नोक्सान हिसाब तथा सञ्चालक समितिको प्रतिवेदन कम्पनीको वेबसाईट www.BlueChip88.com मा समेत हेर्न सकिनेछ ।

BlueChip Securities Limited

ब्लु चिप सेक्युरिटिज लिमिटेड
नेपाल धितोपत्र बोर्ड (सेबोन)द्वारा इजाजतपत्र प्राप्त
नेपाल स्टक एक्सचेन्ज लिमिटेड (नेप्से) को सदस्य
स्टक ब्रोकर नम्बर:८८

महाराजगंज-३, काठमाण्डौं
टेलिफोन नं.+९७७ १ ५९१९२६/२७, ४५४६६८८, ४५४६७८८





Soaltee Hotel Limited

★ ★ ★ ★ ★

## ५० औं बार्षिक साधारण सभा सम्बन्धी संक्षिप्त जानकारी तथा शेयर दाखिल खारेज बन्द रहने सूचना

### ५०औं बार्षिक साधारण सभा सम्बन्धी संक्षिप्त जानकारी

यस कम्पनीको मिति २०८१ कार्तिक १३ गते तदनुसार २९ अक्टोबर २०२४ मंगलवार बसेको संचालक समितिको बैठकबाट निर्णय भए बमोजिम कम्पनीको ५०औं बार्षिक साधारण सभा मिति **२०८१ साल पौष ४ गते** तद्नुसार **१९ डिसेम्बर २०२४, बिहिवार, बिहान ११:०० बजे नेपाल प्रज्ञा-प्रतिष्ठानको प्रज्ञा सम प्रेक्षालय, कमलादी, काठमाडौं**मा भौतिक वा अभौतिक माध्यम अर्थात भर्चुअल भिडियो कन्फरेन्स (Virtual Video Conference Medium) माध्यमबाट समेत बस्ने निर्णय भएको यसै सूचना मार्फत जानकारी गराउँदछौं ।

### शेयर दाखिल खारेज बन्द रहने सूचना

कम्पनीको ५०औं बार्षिक साधारण सभाको प्रयोजनका लागि यस कम्पनीको शेयर लगत दर्ता किताब मिति **बिहिवार २०८१ मंसिर १३ गते देखि बिहिवार २०८१ पौष ४ गते** (२८ नोभेम्बर २०२४ देखि १९ डिसेम्बर २०२४) सम्म अर्थात ५०औं साधारण सभा सम्पन्न नभए सम्म बन्द रहने व्यहोरा शेयरधनी महानुभाव तथा सम्वन्धित सबै सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएकोछ । यस कम्पनीको ५०औं बार्षिक साधारण सभा सम्बन्धी छलफलका विषयसूची सहितको विस्तृत सूचना तथा कम्पनी ऐन २०६३ को दफा ८४ बमोजिम तयार पारिएको संक्षिप्त बार्षिक विवरणहरु शेयरधनी महानुभावहरुको जानकारीको लागि निर्धारित समयमा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिने व्यहोरा समेत अनुरोध छ ।

**कम्पनी सचिव**
**सोल्टी होटल लिमिटेड**





## कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८१/०७/२५ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको शाखा कार्यालय कालिमाटी, काठमाडौंबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र कर्जा चुक्ता गर्न गराउनु हुन ऋणी तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ ।

**तपसिल**

**क्र.सं. शाखा कार्यालय : कालिमाटी, काठमाडौं**

| क्र.सं. | ऋणीको विवरण | जमानतकर्ताको विवरण |
|---|---|---|
| १. | **नाम : प्रविण कुमार बानिया क्षेत्री**<br>ना.प्र.नं. १६७७४, जि.प्र.का. काठमाडौं<br>जारी मिति : २०४६/२/२२<br>बाबुको नाम : राम कृष्ण बानिया क्षेत्री<br>बाजेको नाम : चन्द्रबहादुर बानिया<br>ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १३<br>हाल : ललितपुर जिल्ला, ललितपुर न.पा. वडा नं. १३, नख्खु | **नाम : दिपेश के.सी.**<br>ना.प्र.नं. ५२८१७, जि.प्र.का. ललितपुर<br>जारी मिति : २०४८/२/२२<br>बाबुको नाम : मनोहरी के.सी.<br>बाजेको नाम : उदय बहादुर के.सी.<br>ठेगाना : ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा. वडा नं. ४<br>हाल : ललितपुर जिल्ला, ललितपुर न.पा. वडा नं. ४, बागडोल |

**धितोको विवरण**

प्रविण कुमार बानिया क्षेत्रीको नाममा मालपोत कार्यालय कलंकी, काठमाडौंमा दर्ता श्रेष्ता कायम रहेको काठमाडौं जिल्ला, थानकोट मादेवस्थान वडा नं. ६/६ ग स्थित कित्ता नं. ३१९ को क्षेत्रफल ३२५.८५ ब.मी. भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| क्र.सं. | ऋणीको विवरण | जमानतकर्ताको विवरण |
|---|---|---|
| २. | **नाम : राजन गिरी**<br>ना.प्र.नं. २०४८१८४, जि.प्र.का. सिन्धुली<br>जारी मिति : २०६२/०२/२३<br>बाबुको नाम : मोहन गिरी<br>बाजेको नाम : हर्क बहादुर गिरी<br>ठेगाना : सिन्धुली जिल्ला, झाँगाझोली रातमाटा गा.वि.स. वडा नं. ३<br>हाल : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १५ | **नाम : यमुना हमाल**<br>ना.प्र.नं. १३३६५, जि.प्र.का. काठमाडौं<br>जारी मिति : २०६०/०३/१८<br>पतिको नाम : राजन गिरी<br>ससुराको नाम : मोहन गिरी<br>ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १५ |

**धितोको विवरण**

राजन गिरीको नाममा मालपोत कार्यालय सिन्धुलीमा दर्ता श्रेष्ता कायम रहेको सिन्धुली जिल्ला, झाँगाझोलीरातामाटा वडा नं. ३/३ क स्थित कित्ता नं. १२९२ र १२९० को क्षेत्रफल क्रमशः ९४९.९१ र १२७.१८ ब.मी. भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**क्र.सं. शाखा कार्यालय : असन, काठमाडौं**

**ऋणीको नाम, ठेगाना**

१. **नाम : परमेश्वर काफ्ले**
ना.प्र.नं. १२४१/३९५५/५/०४६, जि.प्र.का. सिन्धुली, जारी मिति : २०४६/१२/०१
बाबुको नाम : प्रेम प्रसाद काफ्ले, बाजेको नाम : बद्रि नाथ काफ्ले
ठेगाना : सिन्धुली जिल्ला, लाम्पन्टार गा.वि.स. वडा नं. ८, हाल : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ५

**नाम : नवराज निरौला**
ना.प्र.नं. ३१६५५१४२, जि.प्र.का. सर्लाही, जारी मिति : २०६१/७/६
बाबुको नाम : लक्ष्मी प्रसाद निरौला, बाजेको नाम : रघुनन्दन निरौला
कर्जा लिदाको ठेगाना : सर्लाही जिल्ला, जानकीनगर गा.वि.स. वडा नं. २, हाल : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ६

**जमानतकर्ताको विवरण**

| | |
|---|---|
| **१. नाम : सरिता पौडेल**<br>ना.प्र.प.न. ३१३०३५/६४२, जि.प्र.का. मकवानपुर<br>जारी मिति : २०६३/१०/२२<br>पतिको नाम : नवराज निरौला<br>ससुराको नाम : लक्ष्मी प्रसाद निरौला<br>ठेगाना : मकवानपुर जिल्ला, पालुङ्ग गा.वि.स. वडा नं. २<br>हाल : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ६ | **२. नाम : इन्दीरा काफ्ले**<br>ना.प्र.नं. २०२८१४४, जि.प्र.का. सिन्धुली<br>जारी मिति : २०५९/१०/२४<br>पतिको नाम : परमेश्वर काफ्ले<br>ससुराको नाम : प्रेम प्रसाद काफ्ले<br>ठेगाना : सिन्धुली जिल्ला, लाम्पन्टार गा.वि.स. वडा नं. ८<br>हाल : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ५ |

**३. नाम : गणेश काफ्ले**
ना.प्र.नं. २०-०१-७८-०१५४९, जि.प्र.का. सिन्धुली, जारी मिति : २०७८/०५/०४
बाबुको नाम : परमेश्वर काफ्ले, बाजेको नाम : प्रेम प्रसाद काफ्ले
ठेगाना : सिन्धुली जिल्ला, कमलामाई न.पा. वडा नं. ६, हाल : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ५

**धितोको विवरण**

परमेश्वर काफ्ले र नवराज निरौलाको संयुक्त नाममा मालपोत कार्यालय साँखु, काठमाडौंमा दर्ता श्रेष्ता कायम रहेको काठमाडौं जिल्ला, थलिडांछी वडा नं. ८/८ क स्थित कित्ता नं. ९०२ को क्षेत्रफल १४५.०५ व.मि. भएको जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**क्र.सं. शाखा कार्यालय : न्यूरोड, काठमाडौं**

| क्र.सं. | ऋणीको विवरण | जमानतकर्ताको विवरण |
|---|---|---|
| १. | **नाम : टिका श्रेष्ठ**<br>ना.प्र.नं. ३८०७/५३९७, जि.प्र.का. सुनसरी<br>जारी मिति : २०४४/५/३<br>पतिको नाम : सुरेश महर्जन<br>ससुराको नाम : दिपेन्द्र (बुद्धरत्न) प्रकाश महर्जन<br>ठेगाना : सुनसरी जिल्ला, धरान न.पा. वडा नं. ३<br>हाल : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २४, न्यूरोड | **नाम : सुरेश महर्जन**<br>ना.प्र.नं. २७२४८१/४६३९, जि.प्र.का. काठमाडौं<br>जारी मिति : २०३२/०५/२७<br>बाबुको नाम : दिपेन्द्र (बुद्धरत्न) प्रकाश महर्जन<br>बाजेको नाम : पदम महर्जन<br>ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २४ |

**धितोको विवरण**

बैंकको नाममा रोक्का रहेको निम्न उल्लेखित शेयरहरु ।

| शेयरधनीको नाम | धितोमा रहेको कम्पनीको नाम | कुल शेयर संख्या | शेयरको किसिम |
|---|---|---|---|
| टिका श्रेष्ठ | नेशनल माइक्रोफाईनान्स वित्तीय संस्था लिमिटेड | ७८३१ | प्रमोटर सेयर |

**क्र.सं. शाखा कार्यालय : नयाँ बानेश्वर, काठमाडौं**

**ऋणीको नाम, ठेगाना**

१. **नाम : प्रदिप श्रेष्ठ**
ना.प्र.नं. ३७२५८, जि.प्र.का. धादिङ्ग, जारी मिति : २०५७/०२/२३
बाबुको नाम : टिकाराम श्रेष्ठ, बाजेको नाम : पुर्णचन्द्र श्रेष्ठ
ठेगाना : धादिङ्ग जिल्ला, पिंडा गा.वि.स. वडा नं. १, हाल : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १३, ताहाचल

**जमानतकर्ताको विवरण**

| | |
|---|---|
| **१. नाम : सरस्वती श्रेष्ठ**<br>ना.प्र.नं. १५४३-०४३/४४, जि.प्र.का. धादिङ्ग<br>जारी मिति : २०४३/०९/०६<br>पतिको नाम : टिकाराम श्रेष्ठ<br>ससुराको नाम : पुर्णचन्द्र श्रेष्ठ<br>ठेगाना : धादिङ्ग जिल्ला, पिंडा गा.वि.स. वडा नं. १ | **२. नाम : टिकाराम श्रेष्ठ**<br>ना.प्र.नं. २६ वा धा ३२३७-०४२/४३, जि.प्र.का. धादिङ्ग<br>जारी मिति : २०४२/१२/१७<br>बाबुको नाम : पुर्णचन्द्र श्रेष्ठ<br>बाजेको नाम : शान्त लाल श्रेष्ठ<br>ठेगाना : धादिङ्ग जिल्ला, पिंडा गा.वि.स. वडा नं. १ |

**३. नाम : शर्मिला श्रेष्ठ**
ना.प्र.नं. ३८१२२, जि.प्र.का. धादिङ्ग, जारी मिति : २०५७/०४/१५
पतिको नाम : प्रदिप श्रेष्ठ, ससुराको नाम : टिकाराम श्रेष्ठ
ठेगाना : धादिङ्ग जिल्ला, पिंडा गा.वि.स. वडा नं. १

**धितोको विवरण**

सरस्वती श्रेष्ठको नाममा मालपोत कार्यालय कलंकी, काठमाडौंमा दर्ता श्रेष्ता कायम रहेको काठमाडौं जिल्ला, का.म.न.पा. (कलंकी) वडा नं. १३ स्थित कित्ता नं. ३२५ को क्षेत्रफल १४७.०० (ब.मी.) भएको जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**क्र.सं. शाखा कार्यालय : बोडे, भक्तपुर**

**ऋणीको नाम, ठेगाना**

१. **नाम : बज्र इलेक्ट्रोनिक्स एण्ड अडियो भिडियो**
नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग
प्रा.फ.र.नं. १२५१२७/०७२/७३, दर्ता मिति : २०७२/०९/२७, पान नं. ३०४२७१८३४, दर्ता मिति : २०६७/०४/१०
ठेगाना : ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा. वडा नं. १९, पूर्णचण्डी, **प्रोप्राइटर : रञ्जु बज्राचार्य**

**जमानतकर्ताको विवरण**

| | |
|---|---|
| **१. नाम : रञ्जु बज्राचार्य**<br>ना.प्र.नं. ३६६१०, जि.प्र.का. ललितपुर<br>जारी मिति : २०६२/०३/२७<br>पतिको नाम : किरण बज्राचार्य<br>ससुराको नाम : जगत बज्र बज्राचार्य<br>ठेगाना : ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा. वडा नं. १८ | **२. नाम : किरण बज्राचार्य**<br>ना.प्र.नं. ८२२१४, जि.प्र.का. ललितपुर<br>जारी मिति : २०५३/४/९<br>बाबुको नाम : जगत बज्र बज्राचार्य<br>बाजेको नाम : हर्क बज्र बज्राचार्य<br>ठेगाना : ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा. वडा नं. १८ |

**क्र.सं. शाखा कार्यालय : बालाजु, काठमाडौं**

**ऋणीको नाम, ठेगाना**

१. **नाम : के.एम.टि. एग्रिकल्चर फर्म**
प्रदेश सरकार, बागमती प्रदेश, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग, कार्यालय, विदुर, नुवाकोट
दर्ता नं. २०१/०७६/७७, दर्ता मिति : २०७६/११/१६, पान नं. ६१३१४३५०९, दर्ता मिति : २०७६/११/१६
ठेगाना : नुवाकोट जिल्ला, ककनी गा.पा. वडा नं. २, हिलेभित्ता, **प्रोप्राइटर : कुमार तमाङ**

**जमानतकर्ताको विवरण**

| | |
|---|---|
| **१. नाम : कुमार तमाङ**<br>ना.प्र.नं. २५२५३०६०/१८३, जि.प्र.का. नुवाकोट<br>जारी मिति : २०६३/१०/०५<br>बाबुको नाम : पुड्के तमाङ<br>बाजेको नाम : विरमान तमाङ<br>ठेगाना : नुवाकोट जिल्ला, ओखरपौवा गा.वि.स. वडा नं. ३<br>हाल : नुवाकोट जिल्ला, ककनी गा.वि.स. वडा नं. ३ | **२. नाम : पुड्के तमाङ**<br>ना.प्र.नं. ९१७४, जि.प्र.का. नुवाकोट<br>जारी मिति : २०४५/२/१<br>बाबुको नाम : विरमान तमाङ<br>बाजेको नाम : बाबुराम तमाङ<br>ठेगाना : नुवाकोट जिल्ला, वखरपौवा गा.वि.स. वडा नं. ६<br>हाल : नुवाकोट जिल्ला, ककनी गा.वि.स. वडा नं. ३ |

**धितोको विवरण**

पुडके तमाङको नाममा मालपोत कार्यालय, विदुर, नुवाकोटमा दर्ता कायम रहेको नुवाकोट जिल्ला, ओखरपौवा गा.वि.स. वडा नं. ६, नक्सा सिट नं. ६ स्थित कित्ता नं. ९२९ र २०८ को क्षेत्रफल क्रमशः ५-३-२-१ र १-१०-१-० (रोपनी) र वडा नं. ३, नक्सा सिट नं. ३ स्थित कित्ता नं. ९५२ को क्षेत्रफल ४-०-१-० (रोपनी) भएको जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय: का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल, फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : कालिमाटी, काठमाडौं, फोन नं. ०१-५६७२६५८, असन, काठमाडौं फोन नं. ०१-५३१६१९८
नयाँ बानेश्वर, काठमाडौं, फोन नं. ०१-४५६२५५१, बोडे, भक्तपुर, फोन नं. ०६६-३८६६१,
बालाजु, काठमाडौं, फोन नं. ०१-४९८८२३४, न्यूरोड, काठमाडौं, फोन नं. ०१-५३४४५७८
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np



# पेरिस सम्झौताअन्तर्गत वन मन्त्रालय र विश्व वन्यजन्तु कोषबीच सम्झौता



काठमाडौं (अस) । नेपालको जलवायु कार्य प्रयासलाई थप बढावा दिन वन तथा वातावरण मन्त्रालय र विश्व वन्यजन्तु कोष (डब्लुडब्लुएफ)बीच सम्झौतामा हस्ताक्षर भएको छ । शुक्रवार मन्त्रालयमा भएको सम्झौताको उद्देश्य पेरिस सम्झौताअन्तर्गत बृहत् पारदर्शिता ढाँचा (इटिएप) का आवश्यकताहरू पूरा गर्न राष्ट्रिय क्षमता निर्माण गर्ने लक्ष्य राखिएको छ ।

उक्त सम्झौताअन्तर्गतका परियोजना जलवायुका क्षेत्रको नेपालको राष्ट्रिय प्रतिबद्धतामा भएको प्रगतिको प्रतिवेदन तयार गर्ने क्षमता सुदृढ गर्न केन्द्रित हुनेछ, जुन विश्वव्यापी जलवायु कार्यका लागि महत्त्वपूर्ण प्रतिबद्धता हो । यो परियोजनाले कृषि, वन, ऊर्जा, उद्योग र फोहोरजस्ता क्षेत्रहरूमा हरितगृह ग्याँस उत्सर्जनको निगरानी गर्न संस्थागत गर्न योगदान गर्ने बताइएको छ ।

सम्झौताअन्तर्गत तीन वर्षे अवधि रहने सहयोगात्मक परियोजनाको बजेट २ दशमलव ८४ मिलियन अमेरिकी डलर रहेको छ । डब्लुडब्लुएफ नेपालका राष्ट्रिय प्रतिनिधि घनश्याम गुरुङले यो साझेदारीले नेपालमा जलवायु शासन प्रणाली निर्माण गर्ने दिशामा महत्त्वपूर्ण कदम अघि बढेको बताए । साथै उनले यसले नेपाललाई आफ्नो जलवायु लक्ष्यहरू प्राप्त गर्न र विश्वव्यापी जलवायु कार्यमा योगदान गर्न सक्षम बनाउने राष्ट्रिय क्षमता र प्रणालीलाई सुदृढ पार्न योगदान गर्ने उल्लेख गरे ।

मन्त्रालयको योजना, अनुगमन र समन्वय महाशाखा प्रमुख एवं सहसचिव बद्रीराज ढुंगानाले सम्झौता नेपालको जलवायु कार्य रणनीतिका लागि एउटा महत्त्वपूर्ण कोशेढुंगा भएको बताए । यसले नेपाल आफ्नो जलवायु लक्ष्यहरूप्रति उत्तरदायी हुनेछ भन्ने सुनिश्चित गर्ने उनको भनाइ थियो ।

# १३ किमी बाटो ९ वर्षमा पनि सम्पन्न भएन



बागलुङ । राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्गअन्तर्गत बागलुङ-पूर्वी रुकुम सडक अधुरै रहेको छ । निर्माण कम्पनीले लामो समयदेखि काम नगर्दा बागलुङको निसीखोला गाउँपालिका-६ पातीहाल्ने सिमानादेखि पूर्वी रुकुमको भूमे गाउँपालिका-१ रुपगासम्मको १३ किलोमिटर सडक निर्माण सम्पन्न हुन नसकेको हो ।

विसं २०७३ जेठमा उक्त सडक कालोपत्र गर्न सम्झौता भएको थियो । अहिलेसम्म ७० प्रतिशत मात्रै काम सकिएको मध्यपहाडी लोकमार्ग आयोजना कार्यालय दैलेखका इन्जिनियर नवीन खरालले जानकारी दिए । विसं २०७६ जेठसम्म काम सम्पन्न गर्नुपर्ने थियो ।

इन्जिनियर खरालका अनुसार निर्माण कम्पनीको हालसम्म पाँचपटक म्याद थप गरिएको छ । अन्तिम पटक २०७९ भदौमा २०८० असारसम्मका लागि म्याद थप भए पनि त्यस यता निर्माण कम्पनीले काम नगरेको उनको भनाइ छ । म्याद सकिएको १६ महीनासम्म निर्माण कम्पनी काम गर्न नआएको इन्जिनियर खराल बताउँछन् । सडक कालोपत्र गर्न रू. ४२ करोड ९९ लाखमा सम्झौता भएको थियो ।

बागलुङ र लुकुम गाउँबीचको सडक कालोपत्र नहुँदा यात्रा गर्न समस्या हुने गरेको छ । सडक खाल्डाखुल्डी र साँघुरो हुँदा दुर्घटनाको जोखिम रहेको छ । सडक लामो समयसम्म कालोपत्र नहुँदा हिउँदमा धुलो र बर्खामा हिलोले आजित भएको भूमे गाउँपालिका-१ का पृथमान गुरुङले बताए । 'यो सडक खुलेको धेरै वर्ष भयो, अहिलेसम्म कालोपत्र गर्न सकिएको छैन, धुलो र हिलोले वस्तुभाउ र मानिस बिरामी पर्ने गरेका छन्,' उनले भने । *रासस*

# नियम उल्लंघन गर्ने ३९ हजार चालकमाथि कारबाही

काठमाडौं । काठमाडौं उपत्यकामा दशैं, तिहार र छठ पर्वको समयमा ३९ हजार एक सय १७ चालकमाथि कारबाही गरिएको छ । काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार दशैंको घटस्थापनादेखि शुक्रवारसम्ममा सडक लेन मिच्नेलगायत ट्राफिक नियम उल्लंघन गर्ने उक्त संख्याका चालकमाथि कारबाही गरिएको हो । ३९ हजारमध्ये तीन हजार तीन सय ५० मादक पदार्थ सेवन (मापसे) गरेर सवारीसाधन चलाउने चालकमाथि कारबाही गरिएको कार्यालयका प्रवक्ता एवं प्रहरी वरिष्ठ उपरीक्षक उमाप्रसाद चतुर्वेदीले जानकारी दिए ।

त्यस्तै, लेन अनुशासन नमान्ने दुई हजार एक सय ४४, तीव्र गतिमा सवारी चलाउने तीन हजार नौ सय ५७, हेलमेट नलगाउनेलगायत अन्य विभिन्न प्रकृतिका ट्राफिक नियम उल्लंघन गर्ने २९ हजार ६ सय ६६ जनालाई कारबाही गरिएको उनले बताए । प्रवक्ता चतुर्वेदीका अनुसार दशैं, तिहार र छठ पर्वका अवसरमा काठमाडौं उपत्यकाका तीन जिल्लामा चार सय ५० सवारीसाधन दुर्घटना भएका थिए । *रासस*

### सूचनाको मिति सच्चाईएको

मिति २०८१ कार्तिक २२ गते विहीबार यस दैनिकको वर्ष २०, अंक ५०, को पेज नं. ३ मा प्रकासित श्री लामपोखरी सामुदायिक वन उपभोक्ता समूह, कालिमाटी गा.पा. ४, सल्यानको गोलिया काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको प्रथम पटक सूचना प्रकासित मिति २०८१/०७/२२ गते हुनु पर्नेमा अन्यथा भएकाले सच्चाईएको छ । - सम्पादक

# ‘शहरीकरणमा देखिएका चुनौती सम्बोधन गर्न राष्ट्रसंघसँग सहकार्य’

काठमाडौं । उपप्रधानमन्त्री तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहले मुलुकका प्रमुख शहरी चुनौती सम्बोधन गर्न ‘युनाइटेड नेसन्स ह्युमन सेटलमेन्ट प्रोग्राम’ (यूएन-ह्याबिटेट)सँग सहकार्य गरिने बताएका छन् । इजिप्टको कायरोमा जारी ‘वर्ल्ड अर्बान फोरम’को कार्यक्रममा शुक्रवार यूएन ह्याबिटेटका एसिया र प्रशान्त क्षेत्रीय प्रतिनिधि काजुको इसिगाकी र नेपालका लागि संयुक्त राष्ट्रसंघीय आवासीय प्रतिनिधि हाना सिंगर ह्याम्डीसँग मन्त्री सिंहले भेटवार्ता गरेका थिए ।



भेटमा मन्त्री सिंहले नेपालले सामना गरिरहेको प्रमुख शहरी चुनौतीलाई सम्बोधन गर्न सहकार्य आवश्यक रहेकोमा जोड दिएको उपप्रधानमन्त्री तथा शहरी विकासमन्त्रीको सचिवालयले जनाएको छ । भेटमा इसिगाकीले तथ्य र तथ्यांकमा आधारित योजनामा यूएन ह्याबिटेटको निरन्तर सहयोग रहने प्रतिबद्धता व्यक्त गरे । त्यसैगरी नेपालका लागि आवासीय प्रतिनिधि ह्याम्डीले दिगो शहरीकरणका लागि बलियो सहकार्य गर्न संयुक्त राष्ट्रको समर्थन रहने जानकारी गराए । मन्त्री सिंहको सचिवालयका अनुसार दिगो विकासका लक्ष्यलाई स्थानीयकरण गर्न र सहरी योजनालाई मुख्य प्रवाहमा ल्याउने जटिल शहरी चुनौतीको सामना गर्न यूएन ह्याबिटेटको भूमिकामा समेत आवासीय प्रतिनिधि ह्याम्डीले जोड दिइन् । विश्व फोरममा नेपालका तर्फबाट उपप्रधानमन्त्री सिंहले तीनओटा सत्रमा सम्बोधन गरेका थिए ।

उपप्रधान एवं शहरी विकासमन्त्री सिंहले नेपालमा जलवायु परिवर्तनले पारेको असरबारे चर्चा गर्दै जलवायु न्यायको माग गरेका थिए । नेपाल जस्ता विकासोन्मुख देशले कम कार्बन उत्सर्जन गरे तापनि जलवायु परिवर्तनको प्रत्यक्ष असर धेरै देखिएकाले अन्तरराष्ट्रियस्तरको जलवायु वित्तमा सजिलो पहुँच र प्राविधिक सहयोगमार्फत मात्र जलवायु न्याय हुने विषय विश्व समुदाय समक्ष जोडदार रूपमा उठाएको मन्त्री सिंहको सचिवालयले जनाएको छ । इजिप्टको कायरोमा नोभेम्बर ४ देखि शुरू भएको फोरम शुक्रवार समापन भएको हो । *रासस*

## भूकम्पपछिका पुनर्निर्माण प्रभावकारी बनाउन माग

काठमाडौं । रुकुम पश्चिम र जाजरकोटबाट प्रतिनिधित्व गर्ने सांसदहरूले भूकम्पपछिको पुनर्निर्माण प्रभावकारी बनाउनुपर्नेमा जोड दिएका छन् । सिंहदरबारस्थित राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अधिकारीहरूसँग शुक्रवार भएको छलफलमा उनीहरूले पुनर्निर्माणलाई थप प्रभावकारी बनाउन माग गरे ।

छलफलमा अस्थायी आवासको दोस्रो किस्ताको प्रगति र स्थायी पुनर्निर्माणको काममा प्रभावकारी गराउने विषयमा उनीहरूसँग छलफल भएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनिल पोखरेलले जानकारी दिए ।

पूर्वअर्थमन्त्री जनार्दन शर्मा, कृष्णबहादुर रोकाय, चन्द्रबहादुर विश्वकर्मा, मैना कार्की र प्रदेशसभा सदस्य राजकुमार शर्मालगायत रुकुम पश्चिम र जाजरकोटका पालिका प्रमुख सहभागी थिए । जाजरकोट, रुकुम पश्चिम र सल्यान जिल्लाको भूकम्प क्षतिग्रस्त क्षेत्रमा स्थायी आवास पुनर्निर्माण र अस्थायी आवासको दोस्रो किस्ताको रकम निकासाको विषयमा छलफल भएको पूर्वअर्थमन्त्री शर्माले बताए । *रासस*

### पाथीभरा केबलकारको शिलान्यास

## १५ महीनाभित्र निर्माण सम्पन्न हुने



ताप्लेजुङ । जिल्लाको प्रसिद्ध धार्मिक तीर्थस्थल पाथीभरा मन्दिरसम्म पुग्ने केबलकार निर्माणको शुक्रवार शिलान्यास गरिएको छ । संविधानसभा सदस्य डम्बरध्वज तुम्बाहाम्फे र फुङलिङ नगरपालिकाका नगरप्रमुख अमिर मादेनले केबलकार निर्माणको शुरूआती विन्दु काफ्लेपाटीमा पूजा गर्दै संयुक्त रूपमा शिलान्यास गरेका हुन् । राजनीतिक दलका प्रतिनिधिहरू तथा जिल्लावासीको उल्लेख्य उपस्थितिमा पाथीभरा देविको जय-जयकारसहित केबलकार निर्माणको शिलान्यास गरिएको निर्माण कम्पनी हिमालय कन्स्ट्रक्सनका प्रमुख इन्द्र केदेमले जानकारी दिए ।

‘जिल्लाका सबै राजनीतिक दलका प्रतिनिधिहरू, माननीय, मेयर सहित जनप्रतिनिधिहरू तथा स्थानीयहरूको उल्लेख्य उपस्थितिमा केबलकार निर्माणको शिलान्यास गरेका छौं । अब काम द्रुत गतिमा हुन्छ,’ निर्माण कम्पनीका सञ्चालक केदेमले भने । पाथीभरा केबलकार कुनै एउटा कम्पनीको मात्र नभएर यो समग्र ताप्लेजुङ जिल्लाको आर्थिक, सामाजिक र सांस्कृतिक विकाससँग जोडिएको, र ताप्लेजुङ तथा समग्रमा कोशी प्रदेशकै आर्थिक समृद्धिको कोशीढुङ्गा बन्ने बताउँदै केबलकार निर्माणकार्य द्रुत स्तरमा अगाडि बढाउन सबै पक्षले सहयोग गर्नुपर्ने मेयर मादेनले बताए ।

यस अघि केबलकार निर्माण हुने क्षेत्रमा रहेका रूखहरू हटाइएको र शुक्रवार केबलकार निर्माणको औपचारिक शिलान्यास भएको केबलकार कम्नी सञ्चालक समिति सदस्य रुद्र पौडेलले बताए । पौडेलले अबको १५ महीनाभित्र केबलकार चढ्न पाइने जानकारी दिए ।

उनका अनुसार पर्यटन प्रवर्द्धन, रोजगारी सिर्जना, वातावरणीय सन्तुलन र आर्थिक तथा सामाजिक विकासका लागि केबलकार लाभदायक बन्नेछ । *रासस*

## राष्ट्रिय आम सञ्चार नीति र मिडिया काउन्सिल विधेयकबारे सरोकारवालाको सुझाव



काठमाडौं । सरकारले बनाउन लागेको राष्ट्रिय आम सञ्चार विधेयक र मिडिया काउन्सिल विधेयकमाथि सरोकारवालाले सुधारात्मक सुझाव दिएका छन् । काठमाडौंमा शुक्रवार डिजिटल राइट्स नेपालले आयोजना गरेको विधेयक माथि सरोकारवाला र सांसदहरूबीच भएको अन्तरक्रियामा राष्ट्रिय सभा सदस्य एवं विधायन व्यवस्थापन समितिका पूर्वसभापति जयन्तीदेवी राई, गोपाल भट्टराई, विष्णुदेवी पुडासैनीलगायत सांसदको उपस्थिति थियो ।

सो अवसरमा पत्रकार महासंघका पूर्वअध्यक्ष तारानाथ दाहालले दुवै विधेयक केन्द्रित सुझाव दिएका थिए । सुझावमा उनले सञ्चार मन्त्रालयले पद नियुक्तिदेखि आर्थिक, प्रशासन र प्रतिवेदनमा समेत हस्तक्षेप गरेको देखिएकाले विधेयक पत्रकारिता नियमन नभई नियन्त्रण हुने खतरा भएको बताए । उनले स्वतन्त्र र मर्यादित पत्रकारिता बनाउन विधेयकमा निम्न सुधार गर्नुपर्ने बताए । जस्तै, प्राधिकरण र प्रेस रजिष्ट्रारको दोहोरो संस्थागत संरचनामा जानु राज्यका लागि थप आर्थिक बोझ हुने, छापा खाना र प्रशासन ऐनमात्र विस्थापन नगरी पुरानो ऐन पनि यसैमा समेटिनुपर्ने लगायत सुझाव दिएका थिए ।

राष्ट्रियसभा सांसद एवं विधायन समितिका पूर्वसभापति राईले भने उक्त सुझावलाई आत्मसात् गर्दै समितिमा छलफल गर्ने बताइन् । उनले सरकारले मिडियालाई नियन्त्रण गर्ने कुनै पनि उद्देश्य नरहेको र स्वतन्त्र प्रेसको संवैधानिक मान्यता केन्द्रमा राख्दै विधेयक निर्माण गर्न लागिएको सुनाइन् । यद्यपि सरोकारवाला र सम्बन्धित क्षेत्रका विज्ञसँग सुझाव लिएरै अघि बढ्ने उनले बताइन् ।

डिजिटल राइट्सका महासचिव भोलानाथ ढुंगानाले सरकारले निर्माण गर्न लागेका मिडिया र डिजिटल राइट्ससम्बन्धी विधेयकमाथि बृहत् छलफल गर्न जरुरी रहेको बताए । *रासस*

## नबिल बैंक लिमिटेड, बर्दिवास शाखा, महोत्तरीको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

**(प्रकाशित मिति : २०८१/०७/२५)**

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता ब्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

| | तपसिल |
|---|---|
| १ | **ऋणीको नाम र ठेगानाको विवरण** |
| | बाल गोबिन्द महतोको नाति मोती महतोको छोरा महोत्तरी जिल्ला, किसाननगर गा.वि.स. वडा नं. ६ स्थायी घर भई हाल महेत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं. ७ बस्ने, ना.प्र.नं. १८३०७३/४२६ (जारी मितिः २०६३/१०/६, स्थान महोत्तरी) भएका **साधु शरण महतो ।** |
| | **व्यक्तिगत जमानतकर्ताको विवरण** |
| | विजय कुमार महतोकी छोरी मोती महतोकी बुहारी साधु शरण महतोकी श्रीमती महोत्तरी जिल्ला, किसाननगर गा.वि.स. वडा नं. ६ स्थायी घर भई हाल महोत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं. ९ बस्ने, ना.प्र.नं. १८३०७३/१३२६ (जारी मितिः २०६३/११/१०, स्थान महोत्तरी) भएकी **विना कुमारी ।** |
| | **धितोको विवरण** |
| | महोत्तरी जिल्ला, किसाननगर गा.वि.स. वडा नं. ६ स्थायी घर भई हाल महेत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं. ०७ बस्ने, **साधु शरण महतो**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको महोत्तरी जिल्ला, किसाननगर गा.वि.स. वडा नं. ६, नक्सा सीट नं ६ग मा अवस्थित कि.नं. ३५३ क्षेत्रफल ०-७-१८ विघा घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत । |
| २ | **ऋणीको नाम र ठेगानाको विवरण** |
| | फगुनी महतोको नाति राम चतुर महतोको छोरा महोत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं. ९ बस्ने, ना.प्र.नं. ७०७३०६१७ (जारी मितिः २०५२/०३/०७, स्थान महोत्तरी) भएका **जयराम महतो ।** |
| | **व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण** |
| | १. कपले महतोकी छोरी राम चतुर महतोकी बुहारी जयराम महतोकी श्रीमती महोत्तरी जिल्ला, पशुपतिनगर गा.वि.स. वडा नं. ९ स्थायी घर भई हाल महोत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं. ९ बस्ने, ना.प्र.नं. १८३०६२/३० (जारी मितिः २०६३/१०/११, स्थान महोत्तरी) भएकी **जानकी देवी ।**<br>२. राम चतुर महतोको नाति जयराम महतोको छोरा महोत्तरी जिल्ला, पशुपतिनगर गा.वि.स. वडा नं. ९ स्थायी घर भई हाल महेत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं. ९ बस्ने, ना.प्र.नं. १८ -२-०६२-२७४ (जारी मितिः २०७३/०४/२६, स्थान महोत्तरी) भएका **अजय कुमार महतो ।** |
| | **धितोको विवरण** |
| | १. महोत्तरी जिल्ला, पशुपतिनगर गा.वि.स. वडा नं. ९ स्थायी घर भई हाल महेत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं. ९ बस्ने, **जयराम महतो**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको महोत्तरी जिल्ला, पशुपतिनगर गा.वि.स. वडा नं. ९, नक्सा सीट नं ९क मा अवस्थित कि.नं. ७९ क्षेत्रफल ०-२-१० विघा घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।<br>२. महोत्तरी जिल्ला, पशुपतिनगर गा.वि.स. वडा नं. ९ स्थायी घर भई हाल महेत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं. ९ बस्ने, **जयराम महतो**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको महोत्तरी जिल्ला, पशुपतिनगर गा.वि.स. वडा नं. ९, नक्सा सीट नं ९ख मा अवस्थित कि.नं. १४७ क्षेत्रफल ०-१-७.५ विघा घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत । |
| ३ | **ऋणीको नाम र ठेगानाको विवरण** |
| | सुकेश्वर महतो कोइरीको नाति रामऔतार महतो कोइरीको छोरा धनुषा जिल्ला, ढल्केवर गा.वि.स. वडा नं. २ स्थायी घर भई हाल धनुषा जिल्ला, मिथिला न.पा. वडा नं. ७ बस्ने, ना.प्र.नं. २५६६३७५० (जारी मितिः २०५०/०५/२३, स्थान धनुषा) भएका **जगजिवन महतो ।** |
| | **व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण** |
| | १. मुनेश्वर महतोकी छोरी रामऔतार महतो कोइरीकी बुहारी जगजिवन महतोकी श्रीमती धनुषा जिल्ला, ढल्केवर गा.वि.स. वडा नं. २ स्थायी घर भई हाल धनुषा जिल्ला, मिथिला न.पा. वडा नं. ७ बस्ने, ना.प्र.नं. १७३०९६/१८१ (जारी मितिः २०६३/१०/०४, स्थान धनुषा) भएकी **अरहुला देवी ।**<br>२. रामऔतार महतो कोइरीको नाति जगजिवन महतोको छोरा धनुषा जिल्ला, ढल्केवर गा.वि.स. वडा नं. २ स्थायी घर भई हाल धनुषा जिल्ला, मिथिला न.पा. वडा नं. ७ बस्ने, ना.प्र.नं. १७१०९६/८८८ (जारी मितिः २०६९/०४/१४, स्थान धनुषा) भएका **दिपेन्द्र कुमार महतो ।** |
| | **धितोको विवरण** |
| | धनुषा जिल्ला, ढल्केवर गा.वि.स. वडा नं. २ स्थायी घर भई हाल धनुषा जिल्ला, मिथिला न.पा. वडा नं. ७ बस्ने, **जगजिवन महतो**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धनुषा जिल्ला, ढल्केवर गा.वि.स. वडा नं. २, नक्सा सीट नं २क मा अवस्थित कि.नं. ७५५ क्षेत्रफल ०-०-१७-० विघा घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत । |
| ४ | **ऋणीको नाम र ठेगानाको विवरण** |
| | राम औंतार महतोकी छोरी, सुरेन्द्र सिंहकी बुहारी जय कुमार सिंहकी श्रीमती महोत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं. १२ बस्ने, ना.प्र.नं. १८३०६३/८६५ (जारी मितिः २०६३/१०/२०, स्थान महोत्तरी) भएकी **कविता कुमारी सिंह ।** |
| | **व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण** |
| | १. धनराज सिंहको नाति उचित सिंहको छोरा महोत्तरी जिल्ला, विजलपुरा गा.वि.स. वडा नं. ०७ बस्ने, ना.प्र.नं. १८२६१६१७ (जारी मितिः २०३४/१०/२५, स्थान महोत्तरी) भएको **सुरेन्द्र सिंह ।**<br>२. उचीत सिंहको नाति, सुरेन्द्र सिंहको छोरा, महोत्तरी जिल्ला, विजलपुरा गा.वि.स. वडा नं. ०७ स्थायी घर भई हाल महोत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं.१२ बस्ने, ना.प्र.नं.१८२६३११८ (जारी मितिः २०५५/०५/३१,स्थान महोत्तरी) भएको **जय कुमार सिंह ।**<br>३. मकन्दी महतो कोइरीकी छोरी, उचीत सिंहकी बुहारी, सुरेन्द्र सिंहकी श्रीमती महोत्तरी जिल्ला, विजलपुरा गा.वि.स. वडा नं. ०७ बस्ने, ना.प्र.नं.१८२६१६१९ (जारी मितिः २०३७/०५/३१, स्थान महोत्तरी) भएकी **ज्ञानवती देवी कोइरी ।** |
| | **धितोको विवरण** |
| | महोत्तरी जिल्ला, विजलपुरा गा.वि.स. वडा नं. ०७ बस्ने, **सुरेन्द्र सिंह**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको महोत्तरी जिल्ला, विजलपुरा गा.वि.स. वडा नं.०७, नक्सा सीट नं ०७ मा अवस्थित कि.नं.६१८ र २६२ क्षेत्रफल त्रमश ०-१-१२-० र ०-२-०-० विघा घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत । |

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना

**प्रकाशित मितिः २०८१/०७/२५**

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय सिमलचौर पोखरा, कास्कीबाट तपसिलमा उल्लेखित तपाई ऋणीहरुले विभिन्न शिर्षक अन्तर्गत कर्जा लिई उपभोग गरेको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज समेत चुक्ताभुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ताभुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले तपाई ऋणीहरुलाई मिति बि.सं.२०८०/११/१७ गते अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा सम्पूर्ण ऋणकर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धमा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ता समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो १५ (पन्ध्र) दिने लिलामबिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय सिमलचौर पोखरामा दिउँसो ४:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ । सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्धारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ । सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरकालागि ऋण असुली न्यायाधिकरणमा मुद्धा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाबारा जानकारी गराइन्छ । साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ ।

**तपसिल**

**१. कर्जा शिर्षक : सिटिजन्स आवधिक कर्जा र स्थायी चालुपुँजी–आवधिक कर्जा**

**ऋणीको नाम : गौरी शंकर कृषि तथा पशुपंक्षी फर्म**
रजिष्टर्ड ठेगाना : माछापुच्छ्रे गा.पा.-४, कास्की
रजिष्ट्रेशन नं. : १७८९८/०७७/०७८ (प्रदेश सरकार, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय कास्की, गण्डकी प्रदेश)
स्थायी लेखा नं. : ६१३९४४८४७

| फर्मको प्रोप्राईटरको नाम र ठेगाना | | जमानीकर्ताको नाम र ठेगाना | |
|---|---|---|---|
| **नाम** | **: कान्ती खवास क्षेत्री** | **नाम** | **: शुरेश बहादुर क्षेत्री** |
| बाबु | : गज्रेन्द्र बहादुर खवास | बाबु | : भिम बहादुर क्षेत्री |
| ससुरा | : भिम बहादुर क्षेत्री | बाजे | : मन बहादुर क्षेत्री |
| पति | : शुरेश बहादुर क्षेत्री | स्थायी ठेगाना | : माछापुच्छ्रे गा.पा.-४, कास्की |
| स्थायी ठेगाना | : माछापुच्छ्रे गा.पा.-४, कास्की | हाल | : माछापुच्छ्रे गा.पा.-४, कास्की |
| हाल | : माछापुच्छ्रे गा.पा.-४, कास्की | ना.प्र.नं. | : ६०३८६ |
| ना.प्र.नं. | : २७७११३००६-झापा | जारी मिति | : २०५४/१२/०२, (दोस्रो प्रतिलिपि मिति २०७६/०९/०४) |
| जारी मिति | : २०५४/१२/१९ (दोस्रो प्रतिलिपि मिति २०७७/०३/१५) | जि.प्र.का. | : कास्की |
| जि.प्र.का. | : कास्की | | |

**धितो राखिएको सम्पत्तिको विवरणः**
**धितो सुरक्षण धनीको नाम : शुरेश बहादुर क्षेत्री**

| जिल्ला | न.पा./गा.वि.स. | वडा नं/नक्सा सिट नं. | कि.नं. | क्षेत्रफल (व.मि.) | कैफियत |
|---|---|---|---|---|---|
| कास्की | पोखरा उप.म.न.पा. | ५/०९३०८७९२३ | १५७ | १६६.९३ | सो जग्गामा निर्माण भएको तथा पछी भविष्यमा निमार्ण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत । |

**२. कर्जा शिर्षक : सिटिजन्स कृषि तथा उद्यम कर्जा**

| ऋणीको नाम र ठेगाना | | जमानीकर्ताको नाम र ठेगाना | |
|---|---|---|---|
| **नाम** | **: शुरेश बहादुर क्षेत्री** | **नाम** | **: कान्ती खवास क्षेत्री** |
| बाबु | : भिम बहादुर क्षेत्री | बाबु | : गज्रेन्द्र बहादुर खवास |
| बाजे | : मन बहादुर क्षेत्री | ससुरा | : भिम बहादुर क्षेत्री |
| स्थायी ठेगाना | : माछापुच्छ्रे गा.पा.-४, कास्की | पति | : शुरेश बहादुर क्षेत्री |
| हाल | : माछापुच्छ्रे गा.पा.-४, कास्की | स्थायी ठेगाना | : माछापुच्छ्रे गा.पा.-४, कास्की |
| ना.प्र.नं. | : ६०३८६ | हाल | : माछापुच्छ्रे गा.पा.-४, कास्की |
| जारी मिति | : २०५४/१२/०२, (दोस्रो प्रतिलिपि मिति २०७६/०९/०४) | ना.प्र.नं. | : २७७११३००६-झापा |
| जि.प्र.का. | : कास्की | जारी मिति | : २०५४/१२/१९ (दोस्रो प्रतिलिपि मिति २०७७/०३/१५) |
| | | जि.प्र.का. | : कास्की |

**धितो राखिएको सम्पत्तिको विवरणः**
**धितो सुरक्षण धनीको नाम : शुरेश बहादुर क्षेत्री**

| जिल्ला | न.पा./गा.वि.स. | वडा नं/नक्सा सिट नं. | कि.नं. | क्षेत्रफल (व.मि.) | कैफियत |
|---|---|---|---|---|---|
| कास्की | पोखरा उप.म.न.पा. | ५/०९३०८७९२३ | १५७ | १६६.९३ | सो जग्गामा निर्माण भएको तथा पछी भविष्यमा निमार्ण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत । |

**३. कर्जा शिर्षक : सिटिजन्स कृषि तथा उद्यम कर्जा**

| ऋणीको नाम र ठेगाना | | जमानीकर्ताको नाम र ठेगाना | |
|---|---|---|---|
| **नाम** | **: कान्ती खवास क्षेत्री** | **नाम** | **: शुरेश बहादुर क्षेत्री** |
| बाबु | : गज्रेन्द्र बहादुर खवास | बाबु | : भिम बहादुर क्षेत्री |
| ससुरा | : भिम बहादुर क्षेत्री | बाजे | : मन बहादुर क्षेत्री |
| पति | : शुरेश बहादुर क्षेत्री | स्थायी ठेगाना | : माछापुच्छ्रे गा.पा.-४, कास्की |
| स्थायी ठेगाना | : माछापुच्छ्रे गा.पा.-४, कास्की | हाल | : माछापुच्छ्रे गा.पा.-४, कास्की |
| हाल | : माछापुच्छ्रे गा.पा.-४, कास्की | ना.प्र.नं. | : ६०३८६ |
| ना.प्र.नं. | : २७७११३००६-झापा | जारी मिति | : २०५४/१२/०२, (दोस्रो प्रतिलिपि मिति २०७६/०९/०४) |
| जारी मिति | : २०५४/१२/१९ (दोस्रो प्रतिलिपि मिति २०७७/०३/१५) | जि.प्र.का. | : कास्की |
| जि.प्र.का. | : कास्की | | |

**धितो राखिएको सम्पत्तिको विवरणः**
**धितो सुरक्षण धनीको नाम : शुरेश बहादुर क्षेत्री**

| जिल्ला | न.पा./गा.वि.स. | वडा नं/नक्सा सिट नं. | कि.नं. | क्षेत्रफल (व.मि.) | कैफियत |
|---|---|---|---|---|---|
| कास्की | पोखरा उप.म.न.पा. | ५/०९३०८७९२३ | १५७ | १६६.९३ | सो जग्गामा निर्माण भएको तथा पछी भविष्यमा निमार्ण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत । |

**धितो लेखिदिने तथा व्यक्तिगतजमानत दिनेलाई सूचना**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्याद भित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन ।

**लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :**

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुड फर पेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ ।
२. बोलकबोल फारम भर्दा सबै भन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई चल/अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तान माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ ।
४. लिलाम बिक्री भएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुनःलिलामी खोल्ने कार्य हुनेछ ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ५७ को उप दफा ७ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्तबुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ ।
८. उक्त लिलाममा राखेको चल/अचल सम्पत्ति नामसारी/दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनु हुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को नारायणहिटी पथ, दरबार मार्ग स्थित प्रधान कार्यालय वा शाखा कार्यालय सिमलचौर पोखरामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ ।

**लिलाम खोलिने मिति :- २०८१/०८/१० गते, सोमबार**
**समय :- दिउँसो ४:०० बजे**
**स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय सिमलचौर पोखरा**

Citizens Bank

**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

जि.प्र.का.काठ.द.नं. ७/०६२/६३, म.क्षे.हु.द.नं. २६/०६९/७०
आइतवार, २५ कात्तिक २०८१ | Sunday, 10 November 2024



# बाढी, पहिरोका कारण ४६ अर्ब ६८ करोडभन्दा बढीको क्षति

## सबैभन्दा बढी क्षति पूर्वाधारतर्फ

अभियान संवाददाता

काठमाडौं

गत असोज ११ र १२ मा आएको बाढी र पहिरोका कारण ४६ अर्ब ६८ करोड रुपैयाँभन्दा बढीको क्षति भएको अनुमानित तथ्यांक राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्था प्राधिकरणले सार्वजनिक गरेको छ ।

भौतिक पूर्वाधार, सामाजिक र उत्पादनशील क्षेत्र गरी तीन क्षेत्रगत आधारमा तयार पारिएको प्रतिवेदन अनुसार भौतिक पूर्वाधारतर्फ सबैभन्दा बढी ३८ अर्ब ९२ करोड ३४ लाख रुपैयाँ बराबरको क्षति भएको अनुमानित तथ्यांक छ । भौतिक पूर्वाधारतर्फ पनि राजमार्गमा सबैभन्दा बढी क्षति भएको छ, जसमा ४१ राजमार्गमा क्षति पुगेको छ भने यसको मर्मतसम्भारका लागि मात्रै २७ अर्ब ९८ करोड रुपैयाँ लाग्ने अनुमान छ ।

त्यस्तै, २६ ओटा जलविद्युत् आयोजनामा ३ अर्ब १ करोड ८० लाखको क्षति भएको छ । दूरसञ्चार क्षेत्रतर्फका ४४६ ओटा पूर्वाधारमा क्षति हुँदा १५ करोड २३ लाख रुपैयाँ बराबरको क्षति भएको छ । खानेपानी तथा सरसफाइतर्फ १ हजार ७७८ ओटा संरचनामा ५ अर्ब ९० करोड ६० लाख रुपैयाँ बराबरको क्षति भएको छ भने पुलपुलेसातर्फ ४४ संरचनामा क्षति पुगेको छ, जसमा १ अर्ब ४ करोड रुपैयाँ बराबरको क्षति भएको छ ।

सामाजिक क्षेत्रतर्फ कुल १६ हजार २४३ व्यक्ति प्रभावित भएका छन् । ५ हजार ५९६ घर क्षतिग्रस्त भए भने १ लाख ३० हजार ४९९ घरमा आंशिक क्षति भएको छ । विनाशले १९ हजार ८०७ परिवारलाई विस्थापित गरेको छ ।

स्वास्थ्य क्षेत्रमा ६ ओटा पूर्ण रूपमा नष्ट भएका छन् भने ३३ ओटा स्वास्थ्य संस्थामा आंशिक क्षति पुगेको छ । ६ ओटा विद्यालय पूर्ण रूपमा क्षतिग्रस्त भएका छन् भने १३६ ओटा विद्यालयमा आंशिक क्षति पुगेको छ ।

धेरै जिल्लामा मानवीय क्षति भएको उक्त विपद्मा धादिङ, काभ्रे र ललितपुरमा सबैभन्दा बढी २४९ जनाको मृत्यु भएको छ । यस्तै १७८ जना घाइते र १८ जना बेपत्ता भएका हुनुका साथै १७० भन्दा बढी व्यक्तिको उद्धार गरिएको थियो ।

उत्पादनशील क्षेत्रतर्फ कृषि र पशुपन्छीमा ठूलो नोक्सानी भएको छ । प्रतिवेदन अनुसार २६ हजार ६ सय ९८ पशुचौपाया समेत गरी ६५ हजार ३ सय ८० हेक्टर खेतीयोग्य जमीनमा क्षति पुगेको छ । यसबाट ५ अर्ब ८८ करोड २८ लाख रुपैयाँ बराबरको नोक्सानी भएको अनुमान छ । साथै सातओटा सिँचाइ आयोजना प्रभावित भएका छन्, जसकारण १ अर्ब ३५ करोड रुपैयाँ बराबरको क्षति भएको छ । सिँचाइ पूर्वाधारको विनाशले बालीनालीको उत्पादनलाई खतरामा पार्ने तथा निवृत्तिपछिको कृषि संकटलाई थप बढाउने आकलन गरिएको छ ।

पूर्वाधारको पुनर्निर्माण, विस्थापित नागरिकलाई सहयोग र अर्थतन्त्रलाई पुनर्जीवन दिने कार्यलाई प्राथमिकता दिई प्रभावित क्षेत्रको कमजोरी र भविष्यमा हुने जोखिम न्यूनीकरणका लागि व्यापक विपद् पूर्वतयारीका उपायलाई जोड दिनुपर्ने प्रतिवेदनले सुझाएको छ । प्रतिवेदनमा सरकारले गर्नुपर्ने पूर्वकार्य तथा विपद्पछिको व्यवस्थापनमा ११ बुँदे सुझाव दिएको छ, जसमा सम्भावित विपद्को जोखिमबारे प्रारम्भिक चेतावनीको सन्देश सबैभन्दा कमजोर समुदायमा पुग्न नसकेको र जोखिमको प्राथमिकता प्रभावकारी रूपमा सम्प्रेषण नगरिएको उल्लेख छ ।

प्रभावकारी जोखिम सञ्चार योजनाले बहु-च्यानल दृष्टिकोण (रेडियो, मोबाइल अलर्ट, स्थानीय नेताहरू प्रयोग गर्नुपर्ने, सन्देश स्थानीय भाषाहरूमा प्रसारण गर्नुपर्ने र दूरदराजका क्षेत्रहरूमा पुग्न ध्यान केन्द्रित गर्नुपर्ने भनिएको छ ।

बाढी, पहिरो र भूकम्पको जोखिममा रहेका समुदायलाई समयमै सचेतना प्रदान गर्न वास्तविक समयको तथ्यांक संकलन र प्रसार गर्दै सबै जिल्लामा स्थानीयकृत पूर्व सूचना प्रणालीको विकास र विस्तार गर्ने आवश्यक रहेको पनि प्रतिवेदनमा औंल्याइएको छ । जोखिमयुक्त जिल्लामा सडक, पुल र सञ्चार प्रणालीलगायत विपद् प्रतिरोधी पूर्वाधारमा लगानी गर्नुपर्ने र उच्च जोखिम क्षेत्रहरूमा अवस्थित पूर्वाधारहरू रेट्रोफिट गर्नुपर्ने सुझाव दिइएको छ ।

यसैगरी सरकारी निकायहरू, स्थानीय अधिकारीहरू र मानवीय संस्थाहरूबीच समन्वयमा सुधार, विपद् पूर्वतयारी सचेतना कार्यक्रम, प्राथमिक उपचार तालीम र विपद् प्रतिकार्य समितिहरूको गठनमार्फत स्थानीय समुदायलाई सशक्तीकरण, प्राकृतिक विपत्तिको जोखिममा रहेका क्षेत्रहरूलाई उजागर गर्न विस्तृत जोखिम मूल्यांकन, जोखिम नक्सा नियमित रूपमा अद्यावधिक र विपद्पछि तुरुन्तै विपद्पछिको आवश्यकता मूल्यांकन (पीडीएनए) गर्न भनिएको छ ।

### कुन प्रदेशमा कति क्षति ?

सबैभन्दा बढी बागमती प्रदेशमा १६१ र कोशीमा १२१ गरी कूल ३१६ विपद्का घटना भएका छन् । मधेश, लुम्बिनी, गण्डकी र कर्णाली प्रदेशमा क्रमशः १५, ११, ५ र ३ ओटा घटना भएका छन् । मानवीय क्षतिको आधारमा २३८ जनाको मृत्यु भएको छ भने बागमतीमा २०८ र कोशीमा २० जनाको मृत्यु भएको छ । बागमतीका १४ र कोशीका चार गरी १८ जना बेपत्ता भएका छन् । यसबाहेक १७० जना घाइते भएका थिए बागमती र कोशी प्रदेशमा क्रमशः १५४ र १३ जना घाइते भएका थिए ।



**सामाजिक क्षेत्रतर्फ**

| | क्षति | | प्रभावित जनसंख्या | | कुल अनुमानित क्षति (रू.) |
|---|---|---|---|---|---|
| | पूर्ण रूपमा नष्ट | आंशिक रूपमा नष्ट | विस्थापित परिवार | प्रभावित परिवार | |
| आवास र मानव बस्ती | ५,५९६ | १,३०,४९९ | १९,८०७ | १६,२४१ | ...... |
| स्वास्थ्य संस्था | ६ | ३३ | | | २,१७,००,००० |
| शैक्षिक संस्था | ६ | १३६ | | | ७,०२,५०,००० |

**उत्पादनशील क्षेत्र**

| बाली नोक्सान क्षेत्रफल (हेक्टर) | पशुधनको संख्या | कुल अनुमानित क्षति (रू.) |
|---|---|---|
| ६५,३८० | २६,६९८ | ५,८८,२८,१२,५०० |
| **सिँचाइ आयोजनाहरूको संख्या** | **अनुमानित क्षति (रू.)** | |
| ७ | १,३५,००,००,००० | |

**भौतिक पूर्वाधारतर्फ**

| क्षेत्र | क्षतिको विवरण | |
|---|---|---|
| **पूर्वाधार** | **संख्या** | **अनुमानित क्षति (रू.)** |
| पुलपुलेसा | ४४ | १०,४२,०००,००० |
| दूरसञ्चार | ४४६ | १५,२३,०५,००० |
| खानेपानी तथा सरसफाइ | १,७७८ | ५,९०,६०,००,००० |
| जलविद्युत् आयोजना | २६ | ३,०१,८०,००,००० |
| राजमार्ग | ४१ | २७,९८,००,००,००० |
| सार्वजनिक यातायात | ८४ | ७२,९८,८०,००० |
| सार्वजनिक भवन तथा संरचना | - | ९,५०,००,००० |

*स्रोत : राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्था प्राधिकरण*



*तस्वीर : रासस*

**सुनसरीको इनरुवा-९ मा आधुनिक कृषि यन्त्रबाट धान काटिँदै । यो यन्त्रबाट एक दिनमा पाँच बिघा खेतको धान काट्न सकिने किसान बताउँछन् ।**

क्षतिग्रस्त बिपी राजमार्गको जाइकाले गऱ्यो निरीक्षण

# निर्णय आएपछि पुनर्निर्माण थाल्ने सरकारको तयारी

काभ्रे । गत असोज दोस्रो साताको बाढीपहिरोबाट क्षतिग्रस्त बिपी राजमार्ग पुनर्निर्माणका लागि जापान अन्तरराष्ट्रिय सहयोग नियोग (जाइका)को प्राविधिक टोलीले स्थलगत निरीक्षण शुरू गरेको छ । कात्तिक दोस्रो साता दुई दिन र बिहीवार अवलोकन, निरीक्षण गरिएको डिभिजन सडक कार्यालय भक्तपुरले जनाएको छ । यसअघि कार्यालय पनि क्षतिग्रस्त सडक पुनर्निर्माणबारे जाइकाको निर्णयको पर्खाइमा थियो । जाइकाको प्राविधिक टोलीद्वारा दुईपटक अवलोकन निरीक्षण भइसकेको र आगामी डिसेम्बर पहिलो हप्तासम्ममा प्रतिवेदनसहित निर्णय आउने कार्यालयका प्रमुख सिनियर डिभिजनल इन्जिनियर सुमन योगेशले बताए । उनका अनुसार जाइकाको निरीक्षण-प्रतिवेदनसँगै नेपाल सरकारले पनि पुनर्निर्माणको तयारी गरिरहेको छ ।



उक्त राजमार्ग पुनर्निर्माणका लागि प्रधानमन्त्री केपी शर्मा ओलीले गत असोज ३० गते नेपालका लागि जापानका राजदूत किकुता युताकासँग शिष्टाचार भेट गरी सहयोगबारे छलफल गर्नुभएको थियो । 'जाइकाको प्रतिक्रियाको पर्खाइमा पनि छौं, डिसेम्बर पहिलो हप्तासम्ममा जाइकाको निर्णय आएपछि निर्माण थालिनेछ,' इन्जिनियर योगेशले भने, 'पुनर्निर्माणमा ढिला गर्ने पक्षमा छैनौं, नेपाल सरकारद्वारा तत्कालै निर्माण थाल्नेगरी सरोकारवाला निकायसँग छलफलसँगै सर्वे र डिजाइनको तयारी पनि शुरू भइसकेको छ ।' जाइकाले निर्माण नगरे डिभिजन सडक कार्यालयले दुई महीनाभित्र सडकको पुनर्निर्माण शुरू गर्ने उनको भनाइ छ । उक्त राजमार्गको सडक पुनर्निर्माण गर्न सात अर्ब लाग्ने प्रारम्भिक अनुमान गरिएको छ ।

बिपी राजमार्ग (धुलिखेल-सिन्धुली-बर्दिवास)अन्तर्गत काभ्रेपलाञ्चोकको चौकीडाँडादेखि सिन्धुलीको बर्खेखोलासम्मको सडकखण्डको अधिकांश सडक क्षतिग्रस्त छ । बाढीपहिरोले अवरुद्ध राजमार्ग दुई हप्तापछि सञ्चालनमा ल्याइए पनि सुक्खा पहिरोको जोखिमका कारण कार्यालयले गत असोज ३० गतेदेखि नै साँझ ६ बजेदेखि १० घण्टा (रातको समय) यातायात सञ्चालनमा रोक लगाउँदै आएको छ ।

संघीय राजधानी काठमाडौंलाई मध्यपहाडी तथा पूर्वी नेपालसँग जोड्ने छोटो मार्गको रूपमा रहेको उक्त राजमार्ग कतै एकतर्फी तथा कतै दुईतर्फी हुनेगरी सञ्चालनमा ल्याइएको छ ।

योगेशका अनुसार प्रधानमन्त्री ओलीसँग राजमार्ग पुनर्निर्माणबारे भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले थप छलफल भइरहेको छ । बाढीपहिरोका कारण पूर्ण रूपमा अवरुद्ध भएको उक्त राजमार्ग सडक विभाग, डिभिजन कार्यालय, राजमार्गअन्तर्गतका स्थानीय तहहरू, नेपाली सेनालगायत सुरक्षाकर्मी तथा स्थानीयको निरन्तरको पहलमा गत असोज २५ गतेदेखि सञ्चालन गरिएको हो ।

पछिल्लोपटक राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकको रोशी गाउँपालिका-९ मंगलटारस्थित बोक्सीकुनामा डाइभर्सन बनाएसँगै उक्त स्थानमा हाल एकतर्फी सञ्चालनमा ल्याइएको योगेशले बताए । उनका अनुसार बाढीपहिरोले राजमार्गको काभ्रेपलाञ्चोकको नमोबुद्ध नगरपालिका-६ र रोशी-७ को सीमास्थल चौकीडाँडामा बगाएको करीब दुई सय मिटर सडक पनि अस्थायी रूपमा एकतर्फी खुलाइएको छ ।

बाढीपहिरोले चौकीडाँडादेखि सिन्धुलीको सिमास्थल नेपालथोकसम्म क्षति पुऱ्याएपछि उक्त राजमार्ग पूर्ण रूपमा अवरुद्ध भएको थियो । 'राजमार्गको सडक, पुल र कल्भर्टहरू बगेका स्थानमा हाललाई सडक सञ्चालनका लागि अस्थायी संरचना निर्माण गरिएको हो,' उनले भने । उनका अनुसार धेरैजसो स्थानमा खोला फर्काएर तथा खोलाको बाटो सोझ्याएर बगरमा सडक बनाइएको छ भने केही ठाउँमा पुरानै अस्थायी सडक बनाइएको छ ।

पुनर्निर्माण सडक दुई लेनको हुने जनाइएको छ । भत्किएको ठाउँमा खोलाको बगरमै दुई लेनको पुल बनाउने वा भित्ता काटेर सडक बनाउने वा तलबाटै पर्खाल उठाएर सडक तयार गर्ने भन्ने तीनओटा अवधारणामा छलफल भइरहेको योगशले बताए । उनका अनुसार भत्किएका स्थानमा आवश्यकताअनुसार सयदेखि एक सय ५० मिटरसम्मका पुल ठाउँठाउँमा बन्नेछन् ।

कार्यालयका अनुसार रोशी खोलाको बाढीले चौकीडाँडादेखि नेपालथोकसम्म २१ किलोमिटर सडकखण्डको १४ स्थानमा करीब दस किलोमिटर सडक क्षतिग्रस्त गराएको थियो । राजमार्गको कुल एक सय ६० किमीमध्ये तेस्रो खण्डअन्तर्गत सिन्धुलीको खुर्कोटदेखि नेपालथोकसम्म ३४ किमी र चौथोखण्ड नेपालथोकदेखि काभ्रेपलाञ्चोकको धुलिखेलसम्म ५० किमी गरी ८४ किमी सडकको विभिन्न स्थानमा बढी क्षति पुऱ्याएको कार्यालयले जनाएको छ ।

जाइकाद्वारा निर्मित उक्त राजमार्ग सडक निर्माण गर्दा प्रति किमी ३५ करोड लागत थियो । *रासस*

मधेश प्रदेशस्तरीय स्टार्टअप तथा आन्ट्रपेनर्स सम्मेलन

# उद्यममा महिला सहभागिता बढाउन सरोकारका पक्षको जोड

वीरगञ्ज (अस) । वीरगञ्जमा मधेश प्रदेशस्तरीय 'स्टार्टअप तथा आन्ट्रपेनर्स सम्मेलन २०२४' आयोजना भएको छ । नेपाल उद्योग वाणिज्य महासंघ, मधेश प्रदेशको स्टार्टअप समितिले मधेश प्रदेश सरकार र औद्योगिक व्यवसाय विकास प्रतिष्ठानको सहकार्यमा शनिवार सम्मेलन आयोजना गरेको हो । सम्मलेनमा ५०० जना उद्यमीको सहभागिता रहेको आयोजकले बताएको छ । स्टार्टअप उद्घाटन सत्रमा सहभागी वक्ताहरूले मधेशको स्टार्टअप र समग्र आर्थिक गतिविधिमा महिलालाई अगाडि बढाउनुपर्ने बताए । मधेश प्रदेशमा मुख्यमन्त्री सतीशकुमार सिंहले उद्यममा असफल भए पनि हतोत्साहित हुन नहुने र असफलताबाट पाठ सिकेर अघि बढ्नुपर्नेमा जोड दिए ।

मधेशमा स्टार्टअप इकोसिस्टम प्रवर्द्धनका लागि सरकार प्रतिबद्ध रहेको भन्दै मुख्यमन्त्री सिंहले सरकारले उद्यमका महिलालाई प्रोत्साहित गर्ने नीति लिएको स्पष्ट पारे । मधेशमा प्रत्येक निर्वाचन क्षेत्रमा रोजगार प्रवर्द्धन केन्द्र र व्यापारिक केन्द्र मानिएको वीरगञ्जमा आईटी पार्कको लागि काम भइरहेको पनि उनले बताए ।

वीरगञ्जको निजीक्षेत्रले प्रस्ताव गरेको इन्क्युबेटर सेन्टर बनाउन प्रदेश सरकार तत्पर रहेको पनि उनले बताए । वीरगञ्ज उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष हरि गौतमले सो संरचनाका लागि वीरगञ्जमा जग्गा उपलब्ध गराउने प्रतिबद्धता जनाए ।

**गुगलका स्टार्टअप प्रमुख अपूर्व चमरियाले नेपालका स्टार्टअपले बाह्य बजारलाई केन्द्रित गर्नुपर्ने बताए । जुन ठाउँमा समस्या हुन्छ, त्यहाँबाटै स्टार्टअपको अवसर शुरू हुने भन्दै उनले सफलता होइन, असफलताबाट अघि बढ्न सुझाए ।**

कार्यक्रममा प्रमुख वक्ता गुगलका स्टार्टअप प्रमुख अपूर्व चमरियाले नेपालका स्टार्टअपले बाह्य बजारलाई केन्द्रित गर्नुपर्ने बताए । जुन ठाउँमा समस्या हुन्छ, त्यहाँबाटै स्टार्टअपको अवसर शुरू हुने भन्दै उनले सफलता होइन, असफलताबाट अघि बढ्न सुझाए ।

वीरगञ्ज महानगरका प्रमुख राजेशमान सिंहले उद्यमीले सरकारप्रति गुनासो मात्र नगरेर रचनात्मक तरीकाले काममा अघि बढ्न सुझाए । उद्यम प्रवर्द्धनमा सहयोग गर्न महानगर तत्पर रहेको उनले दोहोऱ्याए । नेपाल उद्योग वाणिज्य महासंघ, मधेश प्रदेशका अध्यक्ष अशोककुमार टेमानीले नवप्रवर्तनशील उद्यमीहरू, स्टार्टअपहरू र सम्भावित उद्यमशील व्यक्तिहरूले यो सम्मेलनबाट लाभ लिन सक्ने विश्वास व्यक्त गरे ।

स्टार्टअप सुन्नमा जति सहज भए पनि त्यसको कार्यान्वयन चुनौतीपूर्ण रहेको सम्मेलनको संयोजक महासंघ स्टार्टअप समितिका अध्यक्ष अनुप अग्रवालले बताए । ती चुनौतीहरूको उचित तरीकाले सम्बोधन गर्न सक्नु नै स्टार्टअपको सफलता हुने दाबी अग्रवालको थियो ।

# धनगढीको इन्धन डिपोबाट स्थानीय त्रसित

धनगढी । धनगढी उपमहानगरपालिका-३ चटकपुर निवासी धर्मसिंह-माधवी ऐर दम्पतीलाई हिजोआज निद्रा पर्दैन । घरै अगाडि रहेको नेपाल आयल निगमको इन्धन डिपोका कारण ऐर दम्पती मात्र होइन, डिपो वरपरका मानिस निर्धक्क भएर सुत्न सकेका छैनन् । डिपोका कारण सधैं त्रासमा रहनुपरेको उनीहरूको गुनासो छ ।

स्थानीय धर्मसिंह डिपो स्थानान्तरणका लागि पटकपटक आग्रह गरिए पनि कुनै सुनुवाइ नभएको दुखेसो गर्छन् । पेट्रोलियम पदार्थ भण्डारण गरिएका ठुल्ठूला ट्यांक नजिकै भएको र डिपोबाट इन्धन 'लोड-अनलोड' भइरहँदा घरमा आगो बाल्न पनि त्रसित हुनुपरेको चटकपुरका स्थानीयको गुनासो छ ।

केही वर्ष पहिले जंगल रहेको डिपो आसपास अहिले बाक्लो बस्ती छ । डिपो अगाडि नै रहेको धनगढी-अत्तरिया सडकमा दैनिक हजारौं सवारीसाधन गुड्छन् । नजिकै धनगढी नेत्रालय, सिपी अस्पतालसहित अन्य स्वास्थ्य संस्था, विद्यालय र व्यापारिक 'कम्प्लेक्स' सञ्चालनमा छन् । नगर क्षेत्रमा हुने सार्वजनिक सुनुवाइ कार्यक्रममा पनि आफूले पटकपटक डिपोका कारण स्थानीयले निर्धक्क भएर बस्न नपाएको र बस्ती नभएको क्षेत्रमा डिपो सार्न पटकपटक आग्रह गरेको धर्मसिंह सम्झन्छन् ।

चटकपुरकै स्थानीय भीम मल्ल घनावस्तीबीचको डिपोका कारण वरपरका बासिन्दा सधैं चिन्तित रहेका सुनाउँछन् । 'कतिबेला आगलागी होला या केही घटना होला भनेर सधैं चिन्तित छौं,' उनी भन्छन्, 'त्यही त्रासका कारण स्थानीयले ढुक्कका साथ जीवनयापन गर्न सकेका छैनन् ।' केही वर्षअघि डिपो नजिकै रहेको एक फर्निचरमा आगलागी हुँदा कतिपय स्थानीय घरै छाडेर हिँडेको चटकपुरवासीको सम्झनामा ताजै छ । *रासस*

## तथ्यांकोवाच

**आर्थिक वर्ष २०६४/६५ देखि २०८०/८१ सम्ममा कालोसूचीमा परेका कम्पनीहरू**

| आर्थिक वर्ष | कालोसूची संख्या |
|---|---|
| २०६४/६५ | ६ |
| २०६५/६६ | १० |
| २०६६/६७ | १५ |
| २०६७/६८ | ८ |
| २०६८/६९ | २५ |
| २०६९/७० | १३ |
| २०७०/७१ | ३० |
| २०७१/७२ | ३६ |
| २०७२/७३ | १८ |
| २०७३/७४ | ४७ |
| २०७४/७५ | ५२ |
| २०७५/७६ | ५० |
| २०७६/७७ | ५४ |
| २०७७/७८ | १०४ |
| २०७८/७९ | ८४ |
| २०७९/८० | १६२ |
| २०८०/८१ | २३५ |
| जम्मा | ९४९ |

*स्रोत : सार्वजनिक खरीद अनुगमन कार्यालय*

न्यू बिजनेश एज लि.द्वारा प्रकाशित | प्रधान सम्पादक : मदन लम्साल | सम्पादकीय निर्देशक : केशव गौतम | कार्यकारी सम्पादक : पृथ्वीमान श्रेष्ठ | पाञ्चायनमार्ग, थापाथली, काठमाडौं | पो.ब.नं. १४१९७, फोन-०१-५३६७७१७ | इमेल : editorial@abhiyan.com.np | मुद्रक : समा पेपर्स एण्ड पब्लिकेसन लि., भैंसेपाटी, ललितपुर